सर्वाधिक बिक्री हुने
# साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.





• वर्ष १५ • अंक २७ • काठमाडौं, शुक्रबार, मंसिर ५, २०६६ • **SAPTAHIK** • Nepali National Weekly • Friday, Nov 20, 2009 • पृष्ठ २४ + ८ = ३२ • मूल्य रु. १०/-

# स्वाद फेरिने भो नेपालीको



'आई एम सो एक्साइटेड...फाइनल्ली वि विल ह्याभ डेलिसियस पिज्जाज एन्ड केन्टकी फ्राइड चिकेन...वेटिङ फोर द्याट...'




• सुव्रत आचार्य

**पिज्जा र चिकेन...मेरो मुखभरि पानी आइसक्यो...**

**आई लभ केएफसीको जिन्गर मिल एन्ड अ क्रुसर (चोको र बनाना)...गो एलोङ विद इट एम्मी एम्मी एम एम...**

**या..फाइनल्ली इट्स इन नेपाल यम्मी..**

**आई एम जस्ट वेइटिङ टु फिल माई टम्मिज...**

**आई एम सो एक्साइटेड...फाइनल्ली वि विल ह्याभ डेलिसियस पिज्जाज एन्ड केन्टकी फ्राइड चिकेन...वेटिङ फोर द्याट...**

फेसबुक डटकममा 'केएफसी एन्ड पिज्जा हट, नेपाल' शीर्षकमा एउटा लिंक बनाइएको छ। यो लेख लेखिने बेलासम्म उक्त लिंकका २ हजार ३ सय ४ सदस्य बनिसकेका थिए जसमा स्वदेश र विदेशमा रहेका नेपालीहरू नै बढी छन्। ती सदस्यहरूमध्ये धेरैजसोले विदेशमा केएफसी तथा पिज्जा हटका परिकारको स्वाद लिइसकेको बुझिन्छ। उल्लेखित वाक्यांश उनीहरूद्वारा 'केएफसी एन्ड पिज्जा हट, नेपाल' को लिंकमा लेखिएका हुन्। यस्ता हजारौं वाक्यांश उक्त लिंकमा पढ्न पाइन्छ। फेसबुक युजर हुनुहुन्छ भने तपाईं पनि त्यो लिंक सर्च गरेर त्यसमा आफ्नो धारणा उल्लेख गर्नुका साथै नेपालमा पहिलो पटक सञ्चालनमा आउन लागेका विश्वविख्यात क्याफे 'केएफसी' र 'पिज्जाहट' का बारेमा जानकारी पाइरहन सक्नुहुन्छ।

केही दिनअघि दरबारमार्गस्थित शेर्पा मल अगाडि साँझ कफी पिउँदै गफिरहेका गीतकार भूपेन्द्र खड्काको आँखा बाटोपारिका साइनबोर्डहरूमा पर्‍यो। प्रायःजसो साँझ साथीभाइहरूसँग भेटघाट गर्दै कफी पिउन पल्किएका खड्काले केही दिनदेखि ती साइनबोर्ड देखिरहेका थिए। त्यसैले सँगै रहेकी गायिका रेखा शाहसँग मुखाकृत हुँदै खड्काले भने- 'आउँदैछ भनेको सुनेको थिएँ, आउनै लागेछ।' गायिका शाहले पनि सडकपारि हेरेर मुसुक्क हाँस्दै भनिन्- 'कहिल्यै खानुभएको छ

विस्तृत पृष्ठ ७



मध्य पृष्ठमा

## सराह गुरुङ

## मन्त्री पद
### चार दिनकी चाँदनी

पृष्ठ ५



मेरो थप्पडको गुन्ज सबैले थाहा पाए तर प्रेसले यसलाई नेगेटिभ रूपमा प्रस्तुत गर्‍यो।

मसँग औंला ठड्याएर कुरा गर्ने, हात समाउने अनि हात चलाउनुपरेन ?

त्यसबेला सिडियोले मेरो हात समायो भन्दा मेरो इज्जत पो जाने हो कि भन्ने डर लाग्यो।

म मन्त्री हुँ, मैले यसो गर्नु हुँदैन भन्ने कुरा बिर्सिएँ। त्यो एउटा दुर्घटना थियो।

मैले छोराछोरीबाहेक अरूमाथि हातपात गरेकी छैन। म धेरै शान्त मानिस हुँ।

म उहाँप्रति पूर्वाग्रही भएकी हुँ।

खै म त मन्त्री हुँ भन्ने पनि लाग्दैन। फेरि यो मन्त्री भन्ने पद के हो र ? 'चार दिनकी चाँदनी फिर अन्धेरी रात।'



## ● क्यासेट ●

### ॐ नम: शिवाय



गायिका राधिका श्रेष्ठले सातवटा भजनगीत सङ्गहित भिसिडी 'ॐ नम: शिवाय' सार्वजनिक गरेकी छिन्। संग्रहमा 'जय गणेश ..., हे शिव शङ्कर ..., हरे कृष्ण हरे ..., हरि ओम हरि ..., ओम नमो नारायण..., जय जय दुर्गे ...' जस्ता भक्ति गीत समावेश छ।

### २२ पुतली



कमल गाउँलेका प्यारोडी गीतहरूको संग्रह '२२ पुतली' बजारमा आएको छ। महाबौद्ध रेकर्ड्सको यो संग्रहमा प्यारोडी कमल गाउँले, चन्द्र गुरुङ तथा रमेशराज भट्टराईले गाएका छन्। संग्रहमा १२ वटा प्यारोडी गीत संकलित छन्।

### धैर्य



गायन क्षेत्रमा प्रवेश गरेको २५ औं वर्ष पूरा भएको उपलक्ष्यमा गायक पवित्रमान शाक्यले आफ्नै स्वरमा रेकर्ड भएका आधुनिक गीतहरूको संग्रह 'धैर्य' बजारमा ल्याएका छन्। संग्रहमा २५ वटा गीत समावेश गरिएका छन्। संग्रहका गीतहरू गायक शाक्यका अतिरिक्त स्व. राम थापा, पवित्र पल्लवी, पन्नाकाजी शाक्य, भूपालमान सिंह, अर्जुन प्रधान, दीप श्रेष्ठ आदिले संगीतबद्ध गरेका छन्।

## ● रंगमञ्च ●

### बंगलादेश पुग्यो आरोहण

आरोहण गुरुकुल समूह बंगलादेशमा हुने नाटक महोत्सवमा सहभागी हुने भएको छ। महोत्सवमा गुरुकुलले सुनिल पोखरेलद्वारा निर्देशित नाटक 'महान् शिल्पी' मञ्चन गर्ने भएको छ। एउटा वास्तुशिल्पीको मनोदशा तथा भोगाइमा आधारित उक्त नाटकले प्रत्येक व्यक्तिको अनुभूतिसूग जोड्न मिल्ने गहन जीवनदर्शन समेटेको छ। नाटकमा सुनिल पोखरेल, अरुणा कार्की, प्रवीण खतिवडा, पशुपति राई, विश्वभक्त फुयाँल आदि कलाकारले अभिनय गर्दैछन्। १० दिनसम्म चल्ने उक्त नाटक महोत्सवमा सहभागी हुन आरोहण समूहका कलाकारहरू गत मंगलबार ढाका पुगेका छन्। ढाकास्थित सेन्टर फर एसियन थिएटरले महोत्सवको आयोजना गरेको हो। 'इब्सेन थ्रू न्यू आइज' शीर्षक राखिएको नाटक महोत्सव अघिल्लो मंगलबार नै प्रारम्भ भएको हो। महोत्सवमा अस्ट्रेलिया, बंगलादेश, चीन, चेकरिपब्लिक, इजिप्ट, फ्रान्स, जर्मनी, भारत, इरान, नेपाल, नर्वे, मेक्सिको, मोरक्को, पाकिस्तान, टर्की तथा अमेरिकाका नाटकहरू प्रदर्शन भैरहेका छन्।

## ● ग्यालरी ●

### इनोसेन्ट स्ट्रोक्स

बबरमहलस्थित नेपाल आर्ट काउन्सिल ग्यालरीमा आज शुक्रबारदेखि 'इनोसेन्ट स्ट्रोक्स' शीर्षकको चित्रकला प्रदर्शनी हुँदैछ। भोलि शनिबारसम्म जारी रहने यो प्रदर्शनीको आज बिहान १० बजे उद्घाटन गरिंदैछ। प्रदर्शनीमा विभिन्न चित्रकारले तयार पारेका तीन दर्जनभन्दा बढी चित्र राखिनेछन्।

### लुम्लेको चित्र पोखरामा

पर्यटकीय गाउँ लुम्लेमा तीन दिन लामो बसाइका क्रममा कलाकारहरूले तयार पारेका दुई दर्जन चित्रकलाको प्रदर्शनी पोखरामा सञ्चालन भैरहेको छ। प्रारम्भमा तीन दिनका लागि मात्र भनिएको चित्रकला प्रदर्शनी आगामी शनिबारसम्म जारी रहनेछ। आयोजकले प्रदर्शनीलाई १० दिन लामो बनाएका हुन्। देशभरिका २१ जना कलाकार तथा साहित्यकारले सिर्जना गरेका कविता एवं चित्रको प्रदर्शनी महेन्द्रपुलस्थित पीएसएम ग्यालरीमा भैरहेको छ। प्रदर्शनीमा लैंगिक समानताको सन्देश बोकेका २० थान चित्र, सातवटा कविता तथा दुईवटा प्रतिस्थापन कला छन्। नयाँ संविधानमा लैंगिक समानताको आवाज समावेश होस् भन्ने उद्देश्यले लसना नामक संस्थाले चित्रकला कार्यशाला तथा प्रदर्शनी आयोजना गरेको हो। प्रदर्शनीमा केदार पाखिले, रिकबहादुर गुरुङ, गणेशबहादुर जिसी, हेमकान्ती गुरुङ, गोविन्द चौधरी, प्रभा गुरुङ, किरण रञ्जित, लोकबहादुर गुरुङ, विश्व केसी, अमृत कार्की, चित्रलाल कायस्थ, पदम घले, मञ्जु कर्ण, मीना शेरचन तथा ज्योति गुरुङका चित्र समावेश छन्।

### चित्रकलाको बिक्रीबाट सहयोग

सुदूरपश्चिमका बाढीपीडितको सहयोगार्थ कलाकारद्वय नवीन श्रेष्ठ तथा रमेश केसीले तयार पारेका चित्रहरूको प्रदर्शनी सम्पन्न भएको छ। प्रदर्शनीमा राखिएका सबै चित्र बिक्री भएका थिए। ठमेलस्थित मिथिला ये ग्यालरीमा आयोजित प्रदर्शनीमा कलापारखीहरू चित्रकला किन्न नपाएकोमा दु:ख मानिरहेका थिए। गत मंगलबार प्रदर्शनीबाट उठेको रकम बाढीपीडितका लागि हस्तान्तरण गरिएको छ। प्रदर्शनीमा दुवै चित्रकारका तीन दर्जन चित्रकला समावेश गरिएका थिए। दुवै कलाकारले करिब छ महिना लगाएर ती चित्र तयार पारेका थिए। 'युनिटी फर च्यारिटी' शीर्षकको उक्त प्रदर्शनीमा राखिएका चित्रको बिक्रीबाट १ लाख ५१ हजार रुपैयाँ संकलन भएको बताइन्छ।

### तस्बिरमा गिद्ध



फोटोग्राफर कृष्णमणि बरालले खिचेका दुर्लभ पन्छी गिद्धका विभिन्न हाउभाउ झल्कने तस्बिरहरूको प्रदर्शनी प्रारम्भ भएको छ। तनहुँको दमौलीमा गत शुक्रबार प्रारम्भ भएको प्रदर्शनीमा फोटोग्राफर बरालका एकल तस्बिरहरू सजिएका छन्, जहाँ गिद्धलाई नै मुख्य विषय बनाइएको छ। बरालले विगत चार वर्षयता पोखरा तथा आसपासका क्षेत्रमा खिचेका ५८ वटा तस्बिर प्रदर्शनीमा राखेका छन्। तनहुँ उद्योग-वाणिज्य संघ तथा एन प्याप्सन, तनहुँको सहयोगमा आयोजित उक्त तस्बिर प्रदर्शनी पहिलो दिनमै १० हजार विद्यार्थीले अवलोकन गरेका थिए।

## ● लाइभ ●

### राइट्स रक

सेभ द चिल्ड्रेनको आयोजनामा राजधानीमा आज शुक्रबार सांगीतिक कार्यक्रम 'राइट्स रक' को आयोजना हुँदैछ। दिउँसो ३:३० बजेदेखि जावलाखेलको खेलकुद मैदानमा हुने यो कार्यक्रममा सुगम पोखरेल, निमा रुम्बा, कुन्ति मोक्तानका अतिरिक्त दुईवटा सांगीतिक समूह १९७४ एडी तथा रबिन एन्ड द न्यू रेभुलुसनले पनि लाइभ प्रस्तुतिमार्फत दर्शकलाई मनोरञ्जन प्रदान गर्नेछन्। बालअधिकारको रक्षा गरौं भन्ने नाराका साथ हुन लागेको सांगीतिक कार्यक्रमका लागि प्रवेश नि:शुल्क हुनेछ।

### दर्शन नमस्ते टुर

गायक राजेशपायल राईको दर्शन नमस्ते टुर पुन: पूर्वी नेपालतर्फ लम्किएको छ। यो साता पोखरा तथा आसपासका क्षेत्रमा तमुवान राज्य परिषद्ले आयोजना गरेको सांगीतिक कार्यक्रममा सहभागी भएका राजेशपायल आगामी मंसिर १० देखि दर्शन नमस्तेको नयाँ टुरमा निस्कनेछन्। राईका अनुसार आगामी मंसिर १३ गते धरानको पब्लिक हाई स्कुलबाट सांगीतिक कार्यक्रम प्रारम्भ हुनेछ। त्यसपछि मंसिर १५ गते उनले इलामको अन्तु गाविसका श्रोता तथा दर्शकलाई आफ्ना लोकप्रिय गीत-संगीत सुनाउनेछन्। त्यसपछि उनी पुस ७ गतेदेखि १५ गतेसम्म रुम्जाटार महोत्सव, खोटाङ आदि स्थानमा आयोजना हुने दर्शन नमस्ते टुरमा सहभागी हुनेछन्। यसअघि यो टुर उदयपुरको बेल्टार, धरान तथा दमकमा सम्पन्न भैसकेको छ।

### विन्टर ब्लास्ट डान्सपार्टी

स्नु प्रोडक्सन हाउसले 'विन्टर ब्लास्ट डान्सपार्टी' गर्ने भएको छ। दरबारमार्गस्थित भिन्टेज क्याफे एन्ड पबमा आगामी शुक्रबार आयोजना हुन लागेको डान्सपार्टीको थिम 'सेलिब्रेट विद सेलिब्रेटी' राखिएको छ। उक्त अवसरमा नायक विरेन श्रेष्ठ, नायिका अरुणिमा लम्साल, गायक नवीन के भट्टराई, सुगम पोखरेल, अनिल सिंह, कमलमान सिंह, विवेक पोखरेल, मोहित मुनाल, अनिल सिंह, कमलमान सिंह आदिको सहभागिता रहनेछ। मोहित मुनाल तथा विवेक पोखरेलको गीतिसंग्रह 'रिचार्ज' पनि सोही समारोहमा विमोचन गरिनेछ।

## ● पुस्तक ●

### पुतलीको बिहे

छायादत्त न्यौपानेले रचना गरेका बालकविताहरूको संग्रह 'पुतलीको बिहे' सत्याल प्रकाशनले प्रकाशित गरेको हो। २० पृष्ठको यो पुस्तकमा १७ वटा बालकविता समेटिएका छन्। यो पुस्तकले बाल-बालिकाहरूमा कविताप्रति रुचि जगाउने विश्वास गरिएको छ। पुस्तकको मूल्य २५ रुपैयाँ छ।

### नेपालमा जातीय पहिचान र संघात्मक प्रणाली

मुलुक अहिले संघीय प्रणालीमा जाने वा नजाने बहस भैरहेका बेला राजनीतिज्ञ सीपी मैनालीले 'नेपालमा जातीय पहिचान र संघात्मक प्रणाली' शीर्षकको पुस्तक सार्वजनिक गरेका छन्। पुस्तकमा लेखकले नेपाली समाजमा देखा परेको परम्परागत जातीय सौहार्दता एवं सामाजिक एकतालाई केलाएर संघीयताले राष्ट्रियतालाई प्रभावित पार्न सक्ने तर्क गरेका छन्। ६८ पृष्ठको यो पुस्तकको मूल्य ५० रुपैयाँ छ।


### अरुण उपत्यकाका लोककथा

सांस्कृतिक सम्पदाका लागि प्रसिद्ध अरुण उपत्यकामा बसोबास गर्ने विभिन्न जातजातिबीच प्रचलित लोककथाहरूलाई समेटेर लेखक मातृका तिम्सिनाले 'अरुण उपत्यकाका लोककथा' शीर्षकको कृति सार्वजनिक गरेका छन्। ५४ वटा लोककथा समेटिएको यो पुस्तकलाई गोविन्द पोखरेल तथा भरत श्रेष्ठले प्रकाशित गरेका हुन्। १ सय ६६ पृष्ठको यो पुस्तकको मूल्य १ सय २५ रुपैयाँ छ।

## तपाईंको यो साता



ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

नैराश्यता एवं उदासीनता बढ्नेछ। कुरा काट्नेहरू सक्रिय हुनेछन्। काममा अवरोध आउन सक्छ भने आलस्यता बढ्नेछ। घरेलु समस्याले सताउनेछ। अध्ययनमा अवरोध आउनेछ। गलत विचार बढ्नाले अरूबाट आलोचित हुनुपर्ला। आफ्नै निर्णयले अप्ठ्यारो पर्न सक्छ।

### मिथुन

पराक्रम बढ्नेछ, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा रुचि बढ्नेछ। मान-सम्मान मिल्नेछ। सफलताका लागि गोपनियता आवश्यक छ। चिन्ता बढ्ने तथा अरूबाट आलोचना हुने देखिन्छ। प्रतिस्पर्धीहरू सक्रिय रहनेछन्। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ।

### सिंह

गलत विचार बढ्नेछ। काममा रुचि हुनेछैन। प्रतिस्पर्धीहरूले खोइरो खन्नेछन्। खर्च एवं विवाद बढ्नेछ। धनमाल हराउन सक्ने सम्भावना छ। काममा अवरोध आउनेछ। स्वास्थ्य कमजोर रहनेछ। आइतबारदेखि व्यवसायमा सुधार आउने, रमाइलो यात्रा हुने एवं मन प्रसन्न रहने योग छ।

### तुला

स्वास्थ्य गडबड हुनसक्छ। रिसको वेग बढ्न सक्ने भएकाले धैर्यता अपनाउनु होला। पराक्रमको गति तीव्र हुनेछ। आम्दानी प्रशस्तै भए पनि मन स्थिर हुने सम्भावना कम छ। पढाइ-लेखाइमा रुचि एवं बोलीको प्रभाव बढ्नेछ भने व्यवसायमा सफलता पाइनेछ। अरूको विश्वास जित्न सकिनेछ।

### धनु

साताले मिश्रित फल दिनेछ। मान-सम्मान मिल्ने, भोज-भतेरमा सामेल हुने अवसर जुट्ने तथा अरूबाट प्रशंसा पाइने योग छ। तपाईंको भरोसा गर्नेहरू प्रशस्तै हुनेछन्। पराक्रमको गति तीव्र हुनेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता पाइनेछ। खर्च बढे पनि लगानी उचित कार्यमा लाग्नेछ।

### कुम्भ

काममा सफलता मिल्ने तथा धन आर्जन हुने योग छ। आफन्तहरूको सहयोग पाइनेछ। पढाइ-लेखाइमा रुचि बढ्नेछ। बौद्धिकताले अरूलाई सहजै आकर्षित गर्न सकिनेछ। प्रतिस्पर्धामा तपाईंकै जित हुनेछ। आइतबार र सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। कुरा काट्नेहरू सक्रिय हुनेछन्।

### वृष

कुरा काट्नेहरू सक्रिय हुनेछन्। आफूले गरेको निर्णय आफ्नै लागि प्रतिकूल बन्न सक्छ। शरीरमा चोटपटक लाग्न सक्छ। मंगलबारदेखि पराक्रम बढ्ने, काममा सफलता एवं मान-सम्मान मिल्ने तथा व्यवसायमा सुधार आउने योग छ। रमाइलो यात्रा हुनेछ। आम्दानी पनि हुनसक्छ। अरूबाट प्रशंसा पाइनेछ। ठूला व्यक्तिले भरोसा गर्नेछन्।

### कर्कट

परिश्रम गर्नुपरे पनि धेरै काममा सफलता मिल्नेछ। पहिलो भेटमै सहयोगको तत्परता देखाउनेहरू प्रशस्तै होलान्। प्रेम-प्रसंग अगाडि बढ्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अध्ययनमा रुचि बढ्नेछ। वैदेशिक कार्यमा सफलता पाइनेछ। मंगलबार, बुधबार र बृहस्पतिबार स्वास्थ्य गडबड रहने, शरीरमा आलस्यता एवं चिन्ता बढ्ने तथा काममा बाधा आउने योग छ।

### कन्या

पराक्रम् बढ्नेछ भने सानै प्रयासले ठूलो काममा सफलता पाइनेछ। अरूलाई सजिलै विश्वास दिलाउन सकिनेछ। तपाईंमाथि ठूलो जिम्मेवारी आउन सक्छ। व्यवसायमा सफलता मिल्नुका साथै यात्रा गर्ने अवसर मिल्नेछ। प्रतिस्पर्धीहरूबाट सजग रहनुहोला। खर्च, विवाद एवं कुरा काट्नेहरू बढ्नेछन्। अरूको भरोसा गरिहाल्नु उचित हुँदैन।

### वृश्चिक

विवादबाट टाढै रहनुहोला। कुराकाट्नेहरू सक्रिय छन्। मनमा तर्क-वितर्कले डेरा जमाउनेछ। व्यवसायमा सफलता पाउन गाह्रो पर्ला। प्रेमको बन्धन खुकुलो हुनसक्छ। आइतबार र सोमबार पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने बलियो सम्भावना छ। अध्ययनमा सफलता मिल्नेछ भने धन आर्जन हुने योग छ।

### मकर

मन चिन्तित हुने, खर्च एवं विवाद बढ्ने तथा झूटा आरोप लाग्ने सम्भावना छ। कुरा काट्नेहरू सक्रिय हुनेछन्। घरेलु समस्याले पनि सताउन सक्छ। प्रेमका सहयात्रीहरू विनाकारण रिसाउनेछन्। आइतबारदेखि प्रसन्नता एवं बोलीको प्रभाव बढ्ने, काममा सफलता मिल्ने तथा भेटघाटमा रमाउने अवसर जुट्नेछ। मान-सम्मान पनि पाउनु होला।

### मीन

साता मध्यम खालको छ। सुरुमा मान-सम्मान मिल्नेछ भने अरूले भरोसा पनि गर्नेछन्। ठूला व्यक्तिसागको अन्तर्क्रियाले मनोबल बढ्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। मंगलबार, बुधबार तथा बृहस्पतिबार खर्च बढ्नुका साथै वादविवादको सामना गर्नुपर्ने योग छ। कुरा काट्नेहरूले सत्यलाई असत्य बनाउने प्रयास गर्नेछन्।

## यो साताको पञ्चाङ्ग

मंसिर ५ गते : संयुक्त राष्ट्रसंघीय विश्व बालदिवस, ६ गते : विवाहपञ्चमी, जनकपुरमा सीताविवाह पञ्चमी मेला, विश्व हेल्लो दिवस, विश्व टेलिभिजन दिवस, १० गते : महिलाविरुद्ध हुने हिंसाविरुद्ध अन्तर्राष्ट्रिय दिवस, ११ गते : पागामा वैष्णवीदेवी जात्रा ।

# ग्रामीण पर्यटन प्रवर्द्धन मेला

मंसिर र पुस नेपालमा आन्तरिक पर्यटनको मुख्य सिजन मानिन्छ। आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल सरकारले तेस्रो पर्यटन मेला हुने भएको छ। पर्यटकीय महत्त्व भएका ग्रामीण भेगका मनोरम स्थलहरूको उजार गरी तिनको प्रचार-प्रसार गर्ने मूल उद्देश्यअनुरूप आगामी मंसिर ८, ९ र १० गते काठमाडौंको भृकुटीमण्डपमा मेला हुन लागेको हो।

पर्यटन उद्योगको माध्यमबाट ग्रामीण जीवनस्तर बढाउन सकिने तथ्यको जनचेतना जगाउन मेला आयोजना गर्न लागिएको हो। मेलामा करिब ७५ वटा प्रदर्शनी कक्षको व्यवस्था गरिन लागेको छ। नि:शुल्क प्रवेशको व्यवस्था भएको उक्त मेलामा नेपालका स्थापित र भर्जिन गन्तव्यहरूको सचित्र जानकारी दर्शकहरूले पाउनेछन्। उक्त अवसरमा पर्यटनक्षेत्रको प्रचारका लागि निर्माण गरिएका वृत्तचित्रको प्रदर्शन हुनेछ भने जातीय पहिचान जनाउने सांस्कृतिक कार्यक्रम पनि देखाइनेछ।

प्रदर्शकहरूले दर्शकहरूलाई नयाँ-नयाँ आन्तरिक पर्यटन प्याकेजहरूका बारेमा सूचना दिनेछन्। पर्यटनसँग सम्बन्धित संघ-संस्थाको समेत उपस्थित हुने मेलाको अर्को आकर्षणका रूपमा नेपाली खानपिन र रहनसहनको पनि प्रदर्शन गरिनेछ।

रूपन्देहीको ढकिया बुन्ने तरिका र भक्तपुरको कुम्हाले पेसाको प्रविधिले मेलामा स्थान पाएको छ। समग्रमा मेलाले पर्यटन उद्योगमा आधारित चार क्षेत्र यातायात, अतिथि सत्कार, मनोरञ्जन एवं खानपिनको प्रचार-प्रचार गर्न सहयोग हुने आयोजक नेपाल पर्यटन बोर्डको विश्वास छ।

मेलामा रोल्पा, दोलखा, सिन्धुपाल्चोक, दाङ, तनहुँ, गोरखा, बर्दिया, रामेछाप, बर्दिया, रोमेछाप, स्याङ्जा, तेह्रथुम, धनकुटा, कैलाली, रूपेन्दही, कञ्चनपुर, सुर्खेत, पनौती, कीर्तिपुर, कपिलवस्तु, पाल्पा, मोरङ, इलाम, खप्तड, सुनसरी, धुलिखेल, भक्तपुर, जनकपुरधाम, गुल्मी, नवलपरासी, नुवाकोट, इलाम र डढेलधुरामा रहेका पर्यटकीय गन्तव्यका जानकारी दिन उक्त क्षेत्रमा पर्यटन गतिविधि गरिरहेका संघ-संस्थाहरूले स्टल राख्ने निश्चित भएको छ। त्यसैगरी होटेल संघ, नेपाल पर्यटन प्रतिष्ठान, प्रकृति संरक्षण कोष, कपन होम-स्टे आदिले पनि आगन्तुकहरूलाई आफ्ना सेवा-सुविधाका बारेमा जानकारी गराउने व्यवस्था मिलाइएको नेपाल पर्यटन बोर्डले जानकारी गराएको छ।

**पर्यटन प्याकेजको व्यापार मेला**

हरेक दुई वर्षमा आयोजना हुने अन्तर्राष्ट्रिय पर्यटन व्यापार मेला पनि भृकुटीमण्डपमा नै पर्यटन मेलासँगै हुने भएको छ। यो मेलामा भने पर्यटन क्षेत्रका व्यापरीहरूले मात्र प्रवेश पाउनेछन्। एक व्यापारी र अर्को व्यापारीको भेटघाट गराउने उद्देश्यले तेस्रो पटक अन्तर्राष्ट्रिय पर्यटन प्याकेज व्यापार मेला हुन लागेको हो। व्यापारमेलामा विदेशका ५० पर्यटन क्षेत्रका व्यवसायी एवं नेपालका ७० वटा कम्पनीले आफ्ना सेवा र पर्यटन प्याकेजको विषयमा छलफल र किनबेच तथा सम्झौताहरू गर्नेछन्। मंसिर ८ गते अन्तर्राष्ट्रिय ट्राभल एजेन्ट महासंघका लागि नेपाल आएका विश्वका ४५ मुलुकका १ सय २५ जना अन्तर्राष्ट्रिय जगत्मा ख्यातिप्राप्त पर्यटन व्यवसायीहरूले उक्त मेलाको अवलोकन भ्रमण गर्नेछन्।

# नेपालमा मिस इन्डिया

**साप्ताहिक समाचार**

काठमाडौं- 'मिस इन्डिया' शीर्षकमा 'वर्ल्डवाइड नेपाल' थपिएको एउटा सौन्दर्य प्रतियोगिता आगामी फागुन १ गते काठमाडौंमा हुँदैछ। यो प्रतियोगिता भारतमा हुने मिस इन्डियाभन्दा बिल्कुलै फरक हो। सन् १९९७ मा भारतको स्वतन्त्रता दिवसको पचासौं वार्षिकोत्सवका अवसरमा मुम्बईबाट प्रारम्भ हुने यो सौन्दर्य प्रतियोगितामा भारतीय नागरिकसँग कुनै न कुनै रूपमा रगतको साइनो भएका सुन्दरीहरूले प्रतिस्पर्धा गर्न पाउनेछन्। 'मिस इन्डिया वर्ल्ड वाइड नेपाल' शीर्षकमा काठमाडौंमा हुने प्रतिस्पर्धामा विजयी हुने सुन्दरीले आगामी चैत १४ गते दक्षिण अफ्रिकाको डुर्बान सहरमा आयोजना हुने अन्तर्राष्ट्रिय प्रतिस्पर्धा 'मिस इन्डिया वर्ल्डवाइड' मा नेपालको प्रतिनिधित्व गरी सहभागिता जनाउन पाउनेछिन्।

मंगलबार राजधानीको ठमेलमा आयोजित पत्रकार सम्मेलनमा 'मिस इन्डिया वर्ल्डवाइड नेपाल'का आयोजक नेप्लिज काउन्सिलका कार्यकारी निर्देशक दीपेन्द्ररत्न शाक्य तथा सहयोगी सीएनएन फेसन टचका निर्देशक सञ्जय केसीले कार्यक्रमका बारेमा जानकारी दिदै विगतमा विभिन्न मुलुकमा आयोजित 'मिस इन्डिया वर्ल्डवाइड'का भिडियो क्लिपहरूको प्रदर्शन गरेका थिए। शाक्यका अनुसार यहाँ आयोजना हुने प्रतियोगितामा बलिउडका केही सेलिब्रेटीको उपस्थिति हुनसक्छ।






**Hellotunes from DIGITAINMENT**

**Most Popular Hellotunes**

| Song | Singer | NT | Mero Mobile | UTL |
|---|---|---|---|---|
| दर्शन नमस्ते | राजेश पायल राई | 0140001695 | 60267 | 7784351 |
| भिजेका यी | ईन्दिरा मगर | 0140001981 | 602521 | 7784817 |
| कतै तिमीले | अन्जु पन्त | 0140001807 | 602387 | 7784707 |
| चिसो चिसो | राजु डंगोल | 0140001976 | 602463 | 7784800 |
| यती धेरै | राजु लामा | 0140002446 | 602845 | 7785058 |
| हल्ला चलेछ | राजु लामा | 0140002212 | 602843 | 7785056 |
| के के भन्छ | मौसमी गुरुङ्ग | 0140002310 | 602759 | 7785044 |

**Exclusive Digital Release**

| Song | Singer | NT | Mero Mobile | UTL |
|---|---|---|---|---|
| माछा खेल्छ | एड्रियन प्रधान | 0140002447 | 6021171 | 7785290 |
| आज मेरो नेपाललाई | निर्णय र स्मिता प्रधान | 0140002460 | 6021191 | 7785291 |



Download any Hellotunes. SMS your Name and Location to 5005 and **win Free Audio CD**

अघिल्लो साताको Audio CD बिजेताहरुको नाम www.digitainment.com.np मा राखिएको छ। CD लिन आफ्नो परीचय पत्र र मोबाईल फोन लिई यस कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध गरीन्छ।



**Recommended Hellotunes**

| Song | Singer | NT | Mero Mobile | UTL |
|---|---|---|---|---|
| दिन होस या रात | नबिन के. भट्टराई | 0140002139 | 602695 | 7784982 |
| आस | नरेन | 0140002226 | 602864 | 7785083 |
| सोचन | आस्था बि. | 0140002220 | 602858 | 7785077 |
| आमा तिमी | आनी छोइङ्ग ड्रोल्मा | 0140002265 | 602852 | 7785065 |
| कुर्सी | एक्स मन्त्र | 0140002422 | 6021092 | 7785258 |
| मायालु ले | 1974 ए.डी. | 0140002389 | 6021042 | 7785227 |
| मस्की मस्की | ओम बिक्रम बिष्ट | 0140002398 | 6021070 | 7785236 |
| भेंडाको उन जस्तो | नेपथ्य | 0140001898 | 602320 | 7784744 |
| बतासले मलाई | कमला श्रेष्ठ | 0140002130 | 602635 | 7784949 |
| अन्जान देशमा | सत्यदीप भट्टाचार्य | 0140002296 | 602981 | 7785120 |
| तिम्रा नयन | धिरज राई | 0140002393 | 6021065 | 7785231 |
| तर्कीतर्की | स्ट्रेन्जर | 0140002394 | 6021066 | 7785232 |
| बिदेश जाने मायालु | दिपक थापा | 0140002400 | 6021072 | 7785238 |
| आकाशमा | देभेन गुरुङ्ग | 0140002408 | 6021079 | 7785245 |
| बतासले छुंदा पनि | लसता जोशी | 0140001723 | 602325 | 7784662 |
| हेराई | नलिना चित्रकार | 0140002383 | 6021036 | 7785188 |
| आखां भित्र | मथुरा श्रेष्ठ | 0140002215 | 602855 | 7785074 |
| मोहिनी | दिपक बज्राचार्य | 0140002381 | 6021034 | 7785186 |
| शायदै तिमीले | गोपाल निरौला | 0140002099 | 602604 | 7784920 |
| मन दुख्यो रे | निलन्जना भट्टाचार्य | 0140002288 | 6021021 | 7785160 |
| ऋतुहरुमा तिमी | बुद्ध ना. श्रेष्ठ | 0140002295 | 6021028 | 7785170 |

Prismark/09

आफ्नो गीत संगीत प्रबंधन गराउन चाहने सम्पुर्ण संगीतकर्मी र म्युजिक कम्पनीहरुले ५००५५३० र २२३७३९५ मा सम्पर्क गर्न अनुरोध गरीन्छ।

Digitainment P. Ltd. नेपालको एकमात्र कम्पनी हो जसले:

१. नेपालका सबै टेलिकमहरु नेपाल टेलिकम, मेरो मोबाईल र यु.टि.यलमा सेवा उपलब्ध गराउँदछ।
२. भारतका प्रमुख टेलीकमहरुमा नेपाली गीतका CRBT सेवा दिदैं आएको छ।
३. iTUNES मा नेपाली गीतहरु विश्वव्यापी डिजीटल बितरणको सम्झौता गरीएको छ।

Digitainment Welcomes platinumstudio

Brought to you by:
DIGITAINMENT PVT. LTD.
Chakupat, Patan Dhoka
Ph: 5005530, 2237395

UTL iTunes SHEMAROO

For More Songs: www.digitainment.com.np

● सम्पादकीय ●

# सतर्कता आवश्यक

**यो वर्ष अस्वाभाविक रूपमा ओरालो लागेको तापक्रमसँगै अहिले मुलुकमा भाइरल इन्फ्लुएन्जाको प्रकोप देखिएपछि नेपालका स्वास्थ्यविज्ञहरू चिन्तित भएका छन् । चिसो र भाइरल इन्फ्लुएन्जाका कारण उनीहरूले स्वाइनफ्लुको महामारी फैलन सक्ने आशंका देखाउँदै सामान्य रुघाखोकी देखिँदासमेत विशेष सर्तकता अपनाउन आमजनतालाई अपिल गरेका छन् । बितेको केही दिनयता नेपालमा सय जनाभन्दा बढी स्वाइनफ्लुका रोगी देखिएको अहिलेको स्थितिमा सम्भावित स्वाइनफ्लुको प्रकोप नियन्त्रणका लागि रुघाखोकीका सामान्य लक्षण देखिँदा पनि प्रभावित व्यक्तिलाई अन्य पक्षसँगको सामीप्यताबाट टाढा राख्ने रणनीति अख्तियार गर्न विशेषज्ञहरूले सरकारसँग आग्रह गरेका छन् । विशेषज्ञहरूको आग्रहकै कारण सरकारले स्वाइनफ्लु रोगीको उपचारका लागि विशेष रणनीतिसमेत अख्तियार गरेको जनाएको छ । विगतका तुलनामा यो पटक सरकारले कुनै खास महामारी नियन्त्रणका लागि समयमै ठोस रणनीति बनाएको दाबी गरे पनि अधिकांश जनतासम्म प्रभावकारी स्वास्थ्यसेवा पुग्न नसकेको हाम्रो जस्तो मुलुकमा सरकारको तयारी मात्र रोग रोकथामका लागि पर्याप्त नहुन सक्छ । यस्तो स्थितिमा घरपरिवार, विद्यालय तथा शैक्षिक क्षेत्र र सामाजिक संघ–संस्थाहरू विशेष सक्रिय हुनुपर्छ ।**

**स्वाइनफ्लुका कारण अहिलेसम्म दुई जना नेपाली नागरिकको मृत्यु भैसकेको र दुवै मृत्यु विदेशमा भएकाले स्वास्थ्यकर्मीहरूले नेपाललाई स्वाइनफ्लुमुक्त मुलुक मान्दै आएका थिए । पछिल्लो पटक नेपालमै ठूलो संख्यामा र एकै ठाउँमा स्वाइनफ्लु देखा परेपछि भने नेपालको स्वास्थ्यसेवासँग आबद्धहरू स्वाइनफ्लुप्रति सचेत देखिएका हुन् । मुख्य कुरा स्वास्थ्यकर्मीहरू मात्र स्वाइनफ्लु र भाइरल इन्फ्लुएन्जाप्रति सचेत देखिएर जनता सुरक्षित हुने होइनन्, तसर्थ स्वाइनफ्लु र भाइरल इन्फ्लुएन्जाका बारेमा सरकारले बढीभन्दा बढी जनताको पहुँच हुने गरी सचेतना अभियान सञ्चालन गर्न थप ढिलाइ गर्नु हुँदैन । व्यक्तिबाट व्यक्तिमा र व्यक्तिबाट समुदायमा द्रुत गतिले फैलने स्वाइनफ्लु र भाइरल इन्फ्लुएन्जाको पहुँचबाट कुनै पनि नेपाली टाढा छैनन् भन्ने कुरालाई ध्यानमा राखेर ठोस रणनीति अख्तियार गरिनु समयको माग पनि हो । यो विषयमा सरकार एक्लैले मात्र केही गर्न सक्ने स्थिति नरहेकाले आमजनसमुदायले पनि सार्वजनिक रूपमै आफूलाई सक्रिय बनाउनुपर्छ ।**

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
*सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल*

## वेगमको वेग र दण्डहीनता

● चिठीपत्र ●

राष्ट्रका सम्पूर्ण नागरिक राज्यको दृष्टिमा समान हुन्छन् । नागरिकलाई कानुनी दायराभित्र ल्याउने, राज्यको नियमलाई पालना गर्न लगाउने र सो नगरे कानुनतः दण्ड-सजाय दिने व्यवस्था गर्ने सरकार आफैंमा उदाहरणीय पात्रहरूले भरिएको हुनुपर्छ । सरकारमा सहभागी व्यक्तिविशेषको सोच, व्यवहार, आदर्श र निर्णयमा नै राष्ट्रको भविष्य अड्केको हुन्छ । सार्वजनिक ओहदामा बसेका व्यक्तिहरूबाट उचित आचरणको आशा राख्नु स्वाभाविकै हो, तर राष्ट्रकै नेतृत्व सम्हाल्दै मन्त्रीजस्तो पदमा पुगेका व्यक्तिविशेषबाट सरकारी सेवामै कार्यरत कर्मचारीहरू अन्यायमा पर्छन् भने आमनागरिकले न्याय पाउने आशा कसरी गर्ने ? पछिल्ला दिनहरूमा दण्डहीनताले प्रश्रय पाउँदा नै अपराध गर्ने र आफैं अपराधीलाई समात्न कसको ताकत छ भन्दै कानुनको ठाडै उपहास गर्दासमेत सरकार मौन रहनुबाट जनताले के आशा गर्नु ?

सार्वजनिक र सरकारी सम्पत्ति तोडफोड, बेचबिखन र अनियमितता गर्नु दण्डनीय अपराध हो । सरकारी वा अरूको निजी सम्पत्ति तोडफोड गर्नु कानुनको ठाडो उल्लंघन हो । त्यसमा पनि आमनागरिकले दिएकै करबाट किनेको सरकारी सवारी साधनहरू सरकारकै नेतृत्व गर्ने मन्त्रीहरूले नै तोडफोड गर्ने चलन नयाँ नेपालको नयाँ परम्पराका रूपमा विकसित हुँदैछ । केही समयअघि खेलकुद सहायक मन्त्री चन्दा चौधरीले पुरानो भयो भनी गाडी तोडफोड गर्दासमेत सरकारले कुनै कारबाही नगर्नु कानुनी राज्यको ठूलो उपहास हो । सरकारी सम्पत्तिका रूपमा रहेको गाडी चन्दा चौधरीको न त पैतृक सम्पत्ति हो न त आफ्नै मेहनतले किनेको निजी सम्पत्ति हो, जसलाई तोडफोड गर्ने अधिकार कसले दियो ? आमनागरिकले तोडफोड गरेको भए त्यतिबेलै हनुमानढोकाको चिसो छिँडीमा पुगिसक्थे, तर ती त वर्तमान सरकारका मन्त्री न परे । कसले कारबाही गर्ने ? मन्त्री र ठूलाबडाले जे गरे पनि हुने ? जसो गरे पनि हुने ? जे तोडफोड गरे पनि हुने ? जे बोले पनि हुने ? यो कस्तो कानुनी राज्य हो ? सरकारी सम्पत्ति मन्त्रीले नै तोडफोड गर्ने र त्यसमा पनि आमसञ्चारका माध्यममा हाकाहाकी आफैंले तोडफोड गरेको हो भन्दा समेत सरकारले उचित क्षतिपूर्ति असुलउपर गर्नुपर्ने ठाउँमा सरकारलाई स्थायित्व दिलाउनकै लागि पुनः अर्को गाडी दिने सरकारी निर्णयले दण्डहीनतालाई बढावा दिएको छ । आमनागरिकलाई दुई छाक खान छैन, एकसरो लुगा छैन, खुट्टामा चप्पल छैन तर पनि सरकारले केही गर्ला भन्ने आशा छ, तर सरकारको नेतृत्व गर्ने मन्त्रीहरू आफूले चढ्ने गाडी पुरानो भयो भन्दै तोडफोडमा संलग्न छन् । यस्ता मन्त्रीहरूवाट के अनुसरण गर्ने ?

तमलोपाकी चन्दा चौधरीले आफ्नो आवेग गाडीमा पोखिन् भने फोरम, लोकतान्त्रिकबाट सरकारको नेतृत्व गर्दै कृषि तथा सहकारी राज्यमन्त्री भएकी करिमा वेगमले आफ्नो आवेग पर्साका प्र.जि.अ. दुर्गाप्रसाद भण्डारिको गालामा चार चड्कन हिर्काउँदै शान्त पारिन् । वेगमको रिसको वेगका कारण पनि उही पुरानो गाडी नै हुन पुग्यो । कस्तो गाडीमोह हो यी जनप्रतिनिधिहरूको ? जनताको सुख-दुःखमा साथ दिने र आफू गरिब, निमुखा, अपहेलित, शोषित, पिडित र अन्यायमा परेका जनताको मुक्तिका लागि संघर्ष गर्ने र उनीहरूकै उत्थानका लागि लडिरहने प्रतिबद्धता जाहेर गर्दै सरकारमा पुगेका मन्त्रीहरूलाई मात्र चासो छ व्यक्तिगत शानशौकत र विलासी जीवनशैलीको । करिमा वेगमलाई भेट्न खाली खुट्टा दौडूदै आउने आमजनता एकातिर त पुरानो गाडी पठाएको रिसको आवेगमा रन्थनिएकी करिमा वेगम अर्कातिर । वेगमकै भनाइमा- मन्त्रीहरू जिल्ला भ्रमणमा निस्कूदा फूल-मालासहित कार्यालयप्रमुख र त्यसमा पनि प्र.जि.अ.ले स्वागतार्थ पुग्नुपर्ने ठाउँमा कहिल्यै नआउने र उल्टै पुरानो गाडी पठाउने प्र.जि.अ.लाई थप्पड हिर्काएको भन्ने अभिव्यक्ति दिने र त्यसपश्चात् पनि उहाँमाथि कुनै कारबाही नगर्नु दण्डहीनताको ठूलो उदाहरण हो । के प्र.जि.अ. मन्त्रीहरूको स्वागतका लागि नियुक्ति भएका हुन ? के प्र.जि.अ.ले मन्त्रीहरूको उपस्थिति हुने ठाउँमा पुग्नैपर्ने कानुनी व्यवस्था छ ? प्र.जि.अ.ले आफ्नो काम कर्तव्य गरे-नगरेकोमा कारबाही गर्ने निकाय करिमा वेगम हुन् ? यी तमाम प्रश्नको उत्तर दिनु र यसलाई टुङ्गोमा पुऱ्याउनु सरकारको कर्तव्य हो कि होइन ?

गाडी पुरानो पठाएको झोकमा कर्मचारीलाई कुटपिट गर्ने र पछि जिल्लामा शान्ति-सुरक्षा कायम गर्न नसकेको तथा जनताको हितमा काम नगरेकाले थप्पड हिर्काएको हुँ भन्ने अभिव्यक्ति दिने राज्यमन्त्री वेगमका दुवै दलिलले कानुनको ठाडै उल्लंघन गरेको छ । मन्त्रीलाई विमानस्थलमा सवारी साधन पठाउनु जिल्ला प्रमुखको नाताले प्र.जि.अ.को कामभित्र पर्ने विषय भएकाले कार्यालयमा उपलब्ध गाडी पठाउँदै प्र.जि.अ.ले आफ्नो कर्तव्य पूरा गरेको पाईन्छ । पुरानो गाडी भनि प्र.जि.अ.लाई कुटपिट गर्नु प्र.जि.अ.को मात्र नभै सम्पूर्ण कर्मचारिको पनि मानहानि हो

प्र.जि.अ. हुनुभन्दा अघि दुर्गाप्रसाद भण्डारी एक आमनागरिक पनि हुन् र कुनै पनि नागरिकलाई हातपात गर्ने छुट कानुनले कसैलाई दिएको छैन । दोस्रो कुरा, यदि दुर्गाप्रसाद भण्डारीले जिल्लामा शान्ति-सुरक्षा कायम गर्न सकेका छैनन् वा कुनै अनियमितता गरेका छन् भने त्यो कुरा सम्बन्धित मन्त्रालयको विषय हो, न कि कृषि तथा सहकारी राज्यमन्त्री करिमा वेगमको । प्र.जि.अ.ले गरेको अनियमिततामाथि कडा कानुनी कारबाही हुनुपर्ने कुरामा दुईमत छैन, तर कुनै पनि झोकमा कर्मचारी मात्र होइन, कुनै पनि नागरिकलाई कुटपिट गर्नु ठूलो दण्डनीय अपराध हो, त्यसमा पनि सरकारले सम्बन्धित व्यक्तिलाई दण्डित नगर्नु कानुनलाई ठाडै चुनौती दिनु हो, दण्डहीनतालाई प्रश्रय दिनु हो । अतः यी यस्ता चन्दा र करिमाहरूलाई कडाभन्दा कडा कानुनी दण्ड सजाय दिई आमनागरिकलाई देशमा दण्डहीनताले प्रश्रय पाएको छैन भन्ने सन्देश दिनु आवश्यक छ ।

**–राजेन्द्रप्रसाद पन्त, दार्चुला**

● तीतो सत्य ●

● जस्तो चस्मा लगाए पनि आँखाले नै हेर्नुपर्छ, आँखा बन्द गरेर केही देखिंदैन ।

● हात्ती जति ठूलो र बलियो भए पनि कहिल्यै जमिन छोड्न सक्दैन ।

● माया समुद्र हो जति झिके पनि कहिल्यै खाली हुँदैन ।

● परिवर्तनसँग डराउने मानिस लाछी हुन्छ ।

● वनको काँडालाई कहिल्यै तिखार्नु पर्दैन ।

● चेलीको जोवन र फुलेको फूल एउटै हो जुन जहिले पनि झर्न सक्छ ।

**टीकाराम अर्याल, स्याङ्जा**

● रिस आफ्नै शत्रु हो, यसको औषधी मौन रहनु हो ।

● सुन्दरता त्यस्तो शक्ति हो जसले अपराधीलाई पनि ज्ञानी बनाउँछ ।

● गल्ती गर्नेलाई माफी दिन सक्नु पनि महानता हो ।

● व्यवहारमा क्षुद्रपन भयो भने सम्बन्ध दिगो हुन सक्दैन ।

● सानो भनेर हेप्नु हुँदैन सानै कुरा पनि महत्त्वपूर्ण हुन सक्छ ।

**प्रेमबहादुर विश्वकर्मा, सर्लाही**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*
*–सम्पादक*

● सहर चर्चा ●



## जातीय संस्कृति पच्छ्याउँदै

के विभिन्न जातिविशेषमा प्रचलित गीत-संगीतमा प्राण भर्ने ठेक्का लिएका हुन् उनले ? गायक इन्द्र गुरुङको लगाव हेर्दा यस्तै सक्छ । कहिले पूर्वी इलाम त कहिले पश्चिम बैतडीसम्म पुगेर पुरानो भाका संकलन गर्ने हतारोमा भेटिन्छन् उनी । 'जातीय संस्कृतिमा आधारित गीत-संगीतलाई ब्यूझाउन लागिपरेको हुँ' करिब तीन दशक यस्तै खोजीमा डुबेका इन्द्रको संक्षिप्त जवाफ यस्तै छ । गाउँबस्ती चहारेर पुरानो भाका संकलन गर्दा उनलाई सन्तोष मिल्छ । गुरुङ भन्छन्- 'आत्मसन्तुष्टिका लागि गरेको, यसभन्दा अरू कुनै कारण छैन ।'

हालै उनी बाह्रबीसे पुगेर शेर्पा जातिमा प्रचलित नादिन भाका संकलन गरेर फर्किए । दुई शेर्पेनी गायिकाको आवाजमा नादिन भाका रेकर्ड गराउने धपेडीमा रहेका इन्द्रले यसअघि अन्य जाति एवं क्षेत्रमा प्रचलित भाकालाई संकलन गरेर गीतिसंग्रह निकालेका थिए । भौगोलिक क्षेत्र एवं जातिअनुसार फरक-फरक स्वादको गीत प्रचलनमा रहेका उनी बताउँछन् । गुरुङ गाउन मात्र जान्दैनन्, नाच्न पनि उत्तिकै खप्पिस छन् । कतिपय विद्यालयमा उनी नृत्य निर्देशकका रूपमा काम गरिरहेका छन् ।

## मोडलिङमा स्वस्ती

फरासिली स्वस्ती क्षेत्री छोटो समयमै पोखराको मोडलिङमा चिनिएकी छिन् । मोडलिङ खुबी देखाउने प्लेट फर्म हो भन्ने स्वस्तीले आगन्तुक खरेलको 'कुन रंगको कमी' तथा भाष्करध्वज श्रेष्ठको 'पहिले त यस्तो थियो' गीतमा मोडलिङ गरेपछि उनको चर्चा बढेको हो ।

मोडलिङमा आएको पाँच महिनाको अवधिमा बढ्दो व्यस्तताले उनलाई हौस्याएको छ । पहिलो पटक लभ्लीपोखरा डटकमका ओम लामासँग फोटोसेसन गरेपछि उनको रंगीन संसारको यात्रा प्रारम्भ भएको हो । वेबमोडलिङबाट सुरु भएको उनको यो यात्रा अहिले भिज्युअल मोडलिङसम्म आइपुगेको छ । १८ वर्षीया स्वस्ती यतिबेला प्रतिभा उच्च मा.वि.मा प्लस टुको अध्ययनमा छिन् । ५ फिट ३ इन्च अग्ली स्वस्ती फुर्सदमा पत्रपत्रिका पढ्न, साथीहरूसँग घुम्न र गीत गुनगुनाउन मन पराउँछिन् । उनको नसालु आँखाले जसलाई पनि भुतुक्कै बनाउँछ । स्लिम शरीर र स्ट्रेट हेयर स्टाइलकी स्वस्तीलाई घमन्डी मान्छे पटक्कै मन पर्दैनन् । जसले घमन्ड गर्छ उसले जीवनमा प्रगति गर्न सक्दैन, उनी भन्छिन्- 'सहनशील र कामप्रतिको इमान्दारिताले नै सफलताको नजिक पुऱ्याउँछ ।'

उनको भविष्यको योजना भने अलि पृथक् छ । प्लस टु सकेपछि उनी कानुन पढ्न चाहन्छिन् । उत्साहित हुँदै स्वस्तीले भनिन्, 'पिछडिएका महिलाहरूलाई न्याय दिलाउन चाहन्छु ।' अध्ययनलाई पहिलो प्राथमिकतामा राखेकी स्वस्ती भन्छिन्– 'अध्ययनविना कुनै पनि काममा दक्षता हासिल गर्न सकिँदैन ।'

● मोडल वाच ●



● मुखाले ●

मैले हिजो पनि संविधान मानें, आज पनि मान्छु र भोलि पनि बाटो बिराउँदिनँ ।

**राष्ट्रपति डा. रामवरण यादव**

कुनै पनि अवस्थामा दलहरूलाई एकै ठाउँमा राख्नेबाहेक मेरो अन्यथा भूमिका हुँदैन ।

**सुवास नेम्वाङ**

जनताबाट निर्वाचितहरू सडकमा र तिरस्कृतहरू सरकारमा बस्ने परिपाटी रहेसम्म देशमा दिगो शान्ति कायम हुँदैन ।

**डा. बाबुराम भट्टराई**

दिल्लीमा माधव नेपालका प्रेमी रहेछन् ।

**उपेन्द्र यादव**

५ गतेअगाडि नै निकासको प्रयासले पूर्णता पाउनेमा हामी आशावादी छौं ।

**नारायणकाजी श्रेष्ठ**

संसद थुनेर सिंहदरबार त के पूरै देश नै घेराउ गरे पनि माओवादीले भनेको नागरिक सर्वोच्चता कायम हुँदैन ।

**दमननाथ ढुंगाना**

पर्वतेको टोपी खोस्दै आगो लगाउने सोच राख्नुहुँदैन ।

**जयप्रकाशप्रसाद गुप्ता**

हामी जातीय राज्यको पक्षमा छैनौं ।

**रामजनम चौधरी**

मुलुक अहिले सरकार नभएजस्तै छ ।

**तारानाथ रानाभाट**

# मन्त्री पद

# चार दिनकी चाँदनी

**पर्सा क्षेत्र नम्बर १ बाट झन्डै १५ हजार मत ल्याएर संविधानसभामा विजयी भएकी करिमा बेगम अहिले चर्चामा छिन्। 'नाम हो, बद्नाम हो, पर गुमनाम न हो' सिद्धान्तकी पक्षधर बेगम कृषि तथा सहकारी राज्यमन्त्रीको हैसियतमा आफ्नो गृहजिल्ला पर्सा जाँदा त्यहाँका प्रमुख जिल्ला अधिकारीले राम्रो गाडी नपठाएको रिसमा उनीमाथि हातपात गरिन्। यसअघि मधेसी जनअधिकार फोरम विभाजन हुँदा गत जेठ २७ गते वीरगन्जमा दुवै पक्षबीच झडप भएको थियो। त्यसबेला पनि करिमा बेगमले लाठी चलाएको दृश्य सञ्चार-माध्यममा छाएको थियो। त्यसबेला आफ्नो मोटरसाइकल तोडफोड भएपछि उनी आक्रोसमा आएकी थिइन्। प्रमुख जिल्ला अधिकारी माथि गरिएको दुर्व्यवहारले आफूलाई राजनैतिक फाइदा भएको मान्ने बेगम आफ्नो कुरा नमान्नेलाई थप कारबाही गर्नुपर्ने माग गर्दै थिइन्। यद्यपि पार्टी अध्यक्ष विजयकुमार गच्छेदारका कारण उनले यसलाई आवेशमा आएर गरिएको गलत काम भन्दै गल्ती महसुस भएको बताएकी छिन्।**



करिमा बेगम, कृषि तथा सहकारी राज्यमन्त्री

**यसअघि कहिल्यै नपाएको चर्चा पाउनुभयो, कस्तो लागिरहेको छ ?**

मलाई त ठीक लागेको छ। मेरो थप्पडको गुञ्ज सबैले थाहा पाए तर प्रेसले यसलाई नेगेटिभ रूपमा प्रस्तुत गऱ्यो।

**गलत काम गर्दा पनि पोजेटिभ लेख्नुपर्थ्यो भन्न खोज्नुभएको ?**

कसरी गलत भयो ? कुनै पुरुषले तपाईंकी दिदी-बहिनीको हात समाउन जान्छ, औंला ठड्याउँछ भने तपाईं चुप लागेर बस्नुहुन्छ ? म एउटी मधेसी, महिला त्यसमाथि मुस्लिम। त्यसको हेक्का राख्नुपर्छ कि पर्दैन ? मसँग औंला ठड्याएर कुरा गर्ने, हात समाउने अनि हात चलाउनुपरेन ?

**यसअघि त तपाईंको हात समाएको कुरा त बाहिर आएको थिएन, फेरि नयाँ आरोप थपिएको हो ?**

होइन, त्यसबेला सिडियोले मेरो हात समायो भन्दा मेरो इज्जत पो जाने हो कि भन्ने डर लाग्यो। मेरो विरादरीमा यस्तो कुरा राम्रो मानिँदैन। यही कारणले मैले हात समाएको कुरा लुकाएँ।

**अहिले फेरि खोल्नुभयो, किन ?**

मैले सोचेकी थिएँ, मैले थप्पड हानेपछि मेरो वाह-वाही हुन्छ। किनभने उनी त गलत मानिस हुन्। गलत मानिसले सजाय पाएपछि सबै खुसी हुन्छन् तर कुरा उल्टो भयो।

**मन्त्री भएर पनि हातै चलाउने कुरा अशोभनीय होइन र, त्यो पनि सिडियोमाथि ?**

सिडियो जनताका सेवक हुन्। उनले जनतासँग राम्रो व्यवहार गरेका छैनन् भन्ने सुनिरहेकी थिएँ। कति पटक मैले भेट्न खोजें। उनी कहिले चितवन त कहिले कहाँ भन्दै मलाई भेट्न अस्वीकार गरिरहेका थिए। त्यस दिन मलाई किन रेस्पोन्स नगरेको भनेर रिसाउँदा उनी उल्टै ममाथि खनिए। त्यसपछि मैले रिस थाम्नै सकिन।

**भनेपछि हातपात गर्ने योजना बनाएरै सिडियो कार्यालय पुग्नुभएको थियो ?**

कुट्ने हिसाबले गएकी थिइनँ। कुरा गर्दै जाँदा उनको व्यवहारले आवेशमा आएँ। त्यस बेला म मन्त्री हुँ, मैले यसो गर्नु हुँदैन भन्ने कुरा नै बिर्सिएँ। त्यो एउटा दुर्घटना थियो।

**यसअघि कति जनालाई हातपात गर्नुभएको थियो ? सुन्नमा के आएको छ भने तपाईंको हातचाहिँ निकै छिटो चल्छ ?**

यो गलत कुरा हो। मैले छोराछोरीबाहेक अरूमाथि हातपात गरेकी छैन। म धेरै शान्त मानिस हुँ। तपाईं कृषि मन्त्रालयमै सोध्न सक्नुहुन्छ, त्यहाँका कर्मचारीसँग मेरो कति राम्रो दोस्ती छ ? भण्डारीजीका बारेमा धेरै कुरा सुनेकी हुनाले मात्र रिस उठ्यो, हात पनि छाडें। मैले कुटेकी छैन पनि भन्न सक्थें तर हेर्नुस् त मैले गरेको कामलाई होइन भनिन। मेरो हातपात गर्ने आदत छ भन्ने कुरा गलत हो।

**तपाईंहरूको दुस्मनी कहिलेदेखि भयो ?**

म उपचुनावको प्रचारको सिलसिलामा विराटनगरमा थिएँ। त्यसबेला म सभासद मात्र थिए। अचानक जिल्लाबाट फोन आयो। गाउँको बीचमा भण्डारीजीले डान्स रेस्टुराँ खोल्ने अनुमति दिनुभएको रहेछ। त्यसलाई हटाउन सिडियोकहाँ डेलिगेसन जाँदा उहाँले मेरा जनतालाई रेस्पोन्स गर्नुभएनछ। त्यसपछि मैले कुरा गर्न खोज्दा उहाँ फोनमा आउनुभएन। उल्टै क्वाटरतिर जानुभएछ। त्यसपछि मैले सुनसरीमा उहाँ सिडियो हुँदा बाढीपीडितको पैसा हजम गरेको तथा मधेसी जनताले पाउने पैसाको दुरुपयोग भएको कुरा थाहा पाएँ। जहाँ-जहाँ उहाँ सिडियो भएर जानुभएको थियो, त्यहाँ-त्यहाँका नराम्रा खबर सुनेपछि म उहाँप्रति पूर्वाग्रही भएकी हुँ।

**मानिसहरू त तपाईंको श्रीमान्को गलत बिजनेसलाई साथ नदिएका कारण दुस्मनी बढेको भन्छन् नि ?**

मेरो श्रीमान्को बिजनेस छ, यो सत्य हो। टायरको बिजनेस गर्नु अवैध हो र ? नेपालमा उत्पादित गोरखकाली टायर बेच्ने काम गर्न उहाँको साथ किन चाहियो ? बरु सिडियो भण्डारीको चाहिँ ठूला-ठूला तस्करहरूसँग साँठगाँठ छ। मेरा श्रीमान्को बिजनेसमा उहाँले साथ दिनुपर्दैन। त्यसका लागि म एक्लै काफी छु।

**तपाईंका कारण कर्मचारीहरू आन्दोलनमा छन्, काठमाडौंमा पेट्रोलियम पदार्थको अभाव भएको छ, जनताको काम ठप्प भएको छ, के भन्नुहुन्छ ?**

मैले अरू कर्मचारीलाई त केही गरेकी छैन। मैले अघि नै भनें, मैले कुट्दा म मन्त्री हुँ भन्ने कुरा पनि बिर्सिएकी थिएँ। उनी सिडियो हुन् भन्ने कुरा पनि बिर्सिएँ। त्यसैले त्यो दुर्घटना हो। यसमा अरू कर्मचारीले आन्दोलन गर्नुपर्ने कुनै कारण छैन। मधेसी जनतालाई दुःख दिने व्यक्तिलाई मैले कुटेकी हुँ।

**भनेपछि गल्ती गरेको महसुस भएको छैन ?**

गल्ती त गरें तर त्यसलाई फेरि बढाउनु किन ? जे भयो, भयो, सकियो।

**त्यसो भए माफी माग्नुहुन्न ?**

माग्दिनँ। मैले भनिसकें, त्यो दुर्घटना थियो। दुर्घटनामा केको माफी ? यद्यपि मलाई यो घटनाले इमली खाएजस्तै भएको छ, दाँत कुँडिएको छ। हिंजोसम्म गुलियो स्वाद लिइरहेकी थिएँ, अहिले मन अमिलो भएको छ।

**यो घटनाले तपाईंलाई राजनैतिक फाइदा भएको हो ?**

आम जनताले कसरी हेरेका छन् भन्ने मलाई थाहा छैन तर मधेसी जनता यसमा खुसी भएको हुनुपर्छ।

**तपाईं यो देशको मन्त्री हो कि मधेसीको ?**

म देशकै मन्त्री हुँ तर मधेसी जनताले मलाई चुनेका हुन्। मैले उनीहरूको भावना बुझ्नुपर्छ।

**कसैको चरित्र बिगार्नुपऱ्यो भने मधेस विरोधी आरोप लगाउँदा हुने रहेछ, होइन ?**

सबै सिडियो त्यस्ता कहाँ छन् र ? अरू जिल्लामा पनि पहाडे सिडियो छन्, उनीहरूमाथि किन हात चलेन, भण्डारीमाथि नै किन दुर्व्यवहार भयो ? यो कुरा मिडियाले बुझ्नुपर्छ। मिडिया त मसँग पूर्वाग्रही भएकै हो। कर्मचारी साथीभाइले पनि यो कुरा बुझ्नुपर्छ।

**सांसद वा मन्त्री भएपछि अलिकति अहमचाहिँ बढ्दो रहेछ, होइन ?**

खै म त मन्त्री हुँ भन्ने पनि लाग्दैन। फेरि यो मन्त्री भन्ने पद के हो र ? 'चार दिनकी चाँदनी फिर अन्धेरी रात।'

– अश्विनी कोइराला



अर्जेन्ट आवश्यकता
Multinational Company लाई विभिन्न पदका कर्मचारीको आवश्यकता, Part time/ full time job को व्यवस्था
तलब-११,०००
संख्या: १० महिला/७ पुरुष
योग्यता: साधारण,SLC + above+ Basic Computer जानेका
सम्पर्क:
२०७२५४५,९८४१४९३०२६, ९८०३०७५९८१ चाबहिल
नोट:विद्यार्थीलाई प्राथमिकता दिइनेछ शनिवारपनि कार्यालय खुल्ला रहनेछ









६ महिना मै +2
तथा Math / Science / Test नदिईकनै
S.L.C.पास !!
Arts Commerce Science
अन्तिम भर्ना !!
(Nios Delhi Board)
American/Nios (+2)
कक्षा ८, ९ फेल भए पनि SLC दिन पाईने, + 2, A Level फेल भएता पनि ६ महिनामै +2 पास गर्न सकिने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहिणीले घरमै पढेरै पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रजीमा परीक्षा दिन पाईने।
४/४ महिना मै IA/ICom Pass !!
SLC पास गरी विविध कारणले College पढ्न नपाएका तथा धेरै चोटी Back लागी असफल भएकाहरुका लागि IA/ICom पास गर्ने सुवर्ण अवसर !!
अंग्रेजी, JAPANESE,फ्रेन्च, जर्मन, Spanish कोरियन, हिब्रु भाषाहरू, साथै Tution for BBS, BA, +2, CBSE, A"Level and Computer Courses.
डिप्लोम्याटिक एकेडेमी
ललितपुर, 5549139
9851021665
बनेपा, 011-660994
ओरियन एकेडेमी
सामाखुशी -4388400
9851021071
चावहिल, 2290690
नयाँ बानेश्वर, 2160822





# आफ्नो कामसित गरौं प्रेम

**कामका सकारात्मक पक्षमा विशेष जोड दिनु उचित हुन्छ। यदि व्यक्तिले आफ्नो जीवनसित प्रेम गर्छ भने त्यससित जोडिएका कुरालाई पनि प्रेम गर्छ। काम जीवनबाट अलग कुरा होइन, जीवनकै एउटा महत्वपूर्ण पक्ष हो जसले जीवनलाई अझ सुदृढ बनाउन सहयोग गर्छ, जीवनलाई श्रेयष्कर तथा अर्थपूर्ण बनाउँछ। कामलाई प्रेम नगरी अघि बढ्न असम्भव हुन्छ।**

थोरै व्यक्ति आफ्नो कामबाट सन्तुष्ट हुन्छन्। यी त्यस्ता व्यक्ति हुन् जो आफ्नो मुहारमा मुस्कान लिएर आउँछन् र दिनभरि कामका चुनौतीहरूको सामना गर्न तयार रहन्छन्। उनीहरू आफ्नो कार्यक्षेत्रमा त्यसरी नै बस्छन् जसरी अरू बस्छन्, तथापि उनीहरूमा केही अलग कुरा देखिन्छ। त्यस्ताले आफ्नो कामलाई प्रेम गर्छन्। यो कुरा उनीहरूको काम गर्ने तरिका र व्यवहारबाट स्पष्ट झल्किन्छ र यही विशेषताका कारण उनीहरू आफ्नो कार्य क्षेत्रमा अघि बढ्न सफल हुन्छन्। हरेक व्यक्तिले त्यसैगरी आफ्नो सफलता प्राप्त गर्न सक्छ। यद्यपि त्यसका लागि केही कुरामा भने ध्यान दिनैपर्छ।

### उद्देश्यप्रति इमान्दार हुनुपर्छ

आफ्नो मजबुत पक्ष र रुचिलाई बुझ्ने प्रयास गर्नुपर्छ। स्वयंसित प्रश्न गर्ने र उक्त पंक्तिलाई पूरा गर्ने प्रयास गर्नुपर्छ। जीवनमा मेरो उद्देश्य छ कि.. यसलाई आफूले काम गर्ने क्षमता प्रयोग गर्नुपर्छ। यसबाट कामप्रति समर्पण बढ्छ।

### स्वयंलाई व्यक्त गर्नुपर्छ

आफ्ना सहयोगी र आफूभन्दा माथिल्लो तहका अधिकारीसम्ममा आफ्नो विचारलाई खुलेर व्यक्त गर्नुपर्छ। संस्थाको उद्देश्य र काम गर्ने शैलीका सम्बन्धमा कुनै प्रश्न, जिज्ञासा छ भने तिनको समाधान गर्नुपर्छ। यसले आफ्नो कामलाई मूल्यवान् बनाउन मद्दत गर्छ।

### प्राथमिकताको तय

यदि आफ्नै ढंगबाट जीवन जिउन चाहने हो भने के बुझ्नु आवश्यक छ भने आफ्ना लागि सबैभन्दा मूल्यवान् कुरा के हो ? आफू, परिवार, काम वा अरू केही ? पछिल्लो पटक कुनै बेला आफ्नो प्राथमिकताका सम्बन्धमा गम्भीरतापुर्वक सोंचिएको थियो ? प्राय: गरी हामीमध्ये कैयन्ले यो कुरा बिर्सन्छौं। हुन सक्छ त्यो रुचि पुन: जागृत होला जुन व्यस्तताका कारण बिर्सियो वा छोडियो।

### समयको सदुपयोग

कति समय आफ्नो उद्देश्य पूर्तिका लागि खर्चियो ? अर्थहीन कार्यमा कति समय व्यतित हुन्छ ? ती कामको सूची बनाउनुपर्छ जसलाई दिनभरिमा सम्पन्न गर्न सकिन्छ। त्यसपश्चात् तिनलाई महत्त्व अनुसार पहिलो वा अन्तिम गरी वर्गीकरण गर्नु उचित हुन्छ। समयको सदुपयोगले स्वयंलाई नियमित राख्न सहयोग गर्छ, यसबाट कामप्रतिको लगाव बढ्छ।

### रुचिकर काम प्राथमिकतामा

रुचिकर काम पहिले गर्नुपर्छ। रुचिकर काम पहिले गर्नाले कामप्रतिको उत्साहमा वृद्धि हुन्छ र काम शौक बन्न पुग्छ। यदि टिममा काम गरिँदै छ भने सहकर्मीहरूबीच आ-आफ्नो प्रतिभा अनुसार काम बाँड्नु उचित हुन्छ। हरेकले आफ्नो क्षमतालाई प्रयोग गरी आफ्नो काम सम्पन्न गर्न सकून् भन्ने कुरामा ध्यान दिनुपर्छ।

### परिवर्तनलाई स्वीकार गर्नुपर्छ

पछिल्लो पटक कुन नयाँ कुरा सिकिएको थियो ? ज्ञान र आत्मविश्वासको सन्तुलन जहिले पनि सकारात्मक हुन्छ। खाली समयमा आफ्नो कामसित सम्बन्धित कुराहरू अध्ययन गर्नु र धेरै जानकारी संकलन गर्नुपर्छ। ती व्यक्तिसित सम्बन्ध बढाउन उचित र लाभदायक हुन्छ जसबाट केही कुरा सिकिन्छ र सही राय सल्लाह प्राप्त गरिन्छ।

### उपलब्ध भएको कुरालाई कदर

आफ्नो वर्तमान काममा जुन कुरालाई मन पराइन्छ तिनलाई क्रमबद्ध गर्नुपर्छ। संस्थामा आफ्नो पहिलो दिनका बारेमा मनन गर्नुपर्छ। त्यतिबेला आफूलाई कुन कुराले उत्साहित गरेको थियो त्यो उत्साहलाई कसरी पुन: हासिल गर्न सकिन्छ भन्ने विषयमा सोच्नु आवश्यक छ। आफ्नो काम परफेक्ट नहुन सक्छ तर परफेक्ट गर्ने प्रयासलाई निरन्तरता दिनुपर्छ। कामका सकारात्मक पक्षमा विशेष जोड दिनु उचित हुन्छ। यदि व्यक्तिले आफ्नो जीवनसित प्रेम गर्छ भने त्यससित जोडिएका कुरालाई पनि प्रेम गर्छ। काम जीवनबाट अलग कुरा होइन, जीवनकै एउटा महत्त्वपूर्ण पक्ष हो जसले जीवनलाई अझ सुदृढ बनाउन सहयोग गर्छ, जीवनलाई श्रेयष्कर तथा अर्थपूर्ण बनाउँछ। कामलाई प्रेम नगरी अघि बढ्न असम्भव हुन्छ।

**–रोजिन शाक्य**



# अमेरिकामा नेपाली विद्यार्थी बढे

शैक्षिक सत्र २००७/२००८ मा उच्च शिक्षाका लागि अमेरिकी शैक्षिक संस्थाहरूमा नेपाली विद्यार्थीको भर्ना संख्यामा २९ दशमलव ६ प्रतिशतले वृद्धि भै ८ हजार ९ सय ३६ बाट ११ हजार ५ सय ८१ पुगेको तथ्य अमेरिकी विदेश मन्त्रालयको ब्युरो अफ एजुकेसनल एन्ड कल्चरल अफेयर्सको सहयोगमा आई.आई.ई. (Institute of International Education) ले प्रकाशित गरेको अन्तर्राष्ट्रिय शैक्षिक गतिशीलतासम्बन्धी ओपन डोर्स-२००९ प्रतिवेदनले जनाएको छ। अघिल्लो वर्षझैं अन्तर्राष्ट्रिय विद्यार्थीहरू आउने प्रमुख देशका रूपमा नेपाल एघारौं स्थानमा परेको छ। शैक्षिक सत्र २००६/२००७ मा नेपाल १३ औं स्थानमा थियो। भारत १५ दशमलव ४ प्रतिशतले तथा चीन १४ दशमलव ७ प्रतिशतले क्रमश: पहिलो र दोस्रो स्थानमा छन्।

यस वर्षको ओपन डोर्स प्रतिवेदन अनुसार शैक्षिक सत्र २००८/२००९ मा अमेरिकी कलेज तथा विश्वविद्यालयहरूमा अध्ययनरत अन्तर्राष्ट्रिय विद्यार्थीहरूको कुल संख्यामा ८ प्रतिशतले वृद्धि भै जम्मा ६ लाख ७१ हजार ६ सय १६ पुगेको छ जुन हालसम्मकै सबैभन्दा बढी हो। सन् २००२/२००३ पछि अमेरिकामा अध्ययन गर्ने अन्तर्राष्ट्रिय विद्यार्थीहरूको संख्यामा १४ दशमलव ५ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो दुवै वर्ष यसमा १० प्रतिशतले वृद्धि भएको थियो।

काठमाडौंस्थित अमेरिकी दूतावासको पब्लिक अफेयर्स काउन्सिलर टेरी जे. ह्वाइटका अनुसार, अमेरिकाका लगभग ३ हजार अधिकारप्राप्त उच्च शैक्षिक संस्थाले नयाँ विद्यार्थीलाई आकृष्ट गर्ने क्रम निरन्तर जारी राखेका छन् भने उच्च शिक्षा प्रतिस्पर्धात्मक अन्तर्राष्ट्रिय बजार बन्दै गएको छ। अमेरिकी डिग्रीसँग गाँसिएको उत्कृष्टता र प्रतिष्ठाका कारण विदेश पढ्न जान चाहने नेपाली विद्यार्थीहरूका लागि अमेरिका अझै पनि पहिलो गन्तव्य हो। अर्को सहयोगी कारक भनेको नेपाली विद्यार्थीको अमेरिका अध्ययनका बारेमा पूर्ण तथा सही जानकारीको विशाल पहुँच पनि हो जुन नेपालमा रहेका शैक्षिक परामर्श केन्द्रहरूले प्रदान गर्दै आएका छन्। यसका साथै अमेरिकी कलेज तथा विश्वविद्यालयहरूको नेपाली विद्यार्थीलाई आकर्षित गर्ने किसिमका गतिविधिहरू पनि हुन्। काउन्सिलर टेरी भन्छन्– 'हामी यु.एस. एजुकेसन फाउन्डेसनसँग सहकार्य गर्छौं र हामी नेपाली विद्यार्थी तथा उनीहरूका अविभावकहरूलाई के भन्न चाहन्छौं भने हाम्रो सहायता लिई अलिकति मात्र अनुसन्धान गर्नुभयो भने पनि अमेरिकी शिक्षा तपाईंको पहुँचभित्र हुनेछ।'

# इजरायली चलचित्र महोत्सव सम्पन्न

**साप्ताहिक समाचार**

काठमाडौं– इजरायली भाषामा निर्माण गरिएका चलचित्रहरूको चौथो महोत्सव राजधानीमा सम्पन्न भएको छ। गत सोमबार प्रारम्भ भएको महोत्सव छवटा स्तरीय चलचित्रको प्रदर्शनसँगै गत बिहीबार सम्पन्न भएको हो। नेपालका लागि इजरायली राजदूतले उद्घाटन गरेपछि प्रारम्भ भएको महोत्सवको पहिलो दिन गत सोमबार 'डेड इन्ड स्ट्रिट' प्रदर्शन गरिएको थियो।

एउटी वेश्याको जिन्दगीमा आउने उतार-चढावलाई चित्रण गरिएको यो चलचित्रको निर्देशन याकी यासाले गरेका हुन्। मोडलबाट सडक वेश्या बनेकी एलिस नाम गरेकी युवती वेश्यावृत्तिमा लीन हुन्छिन्। चलचित्रमा तेलअविबमा १७ वर्षे एलिसको जीवन कसरी अघि बढिरहेको छ भन्ने यथार्थलाई चित्रण गरिएको छ। ८६ मिनेट लामो यो चलचित्रमा प्रस्तुत गरिएको विषयवस्तु विश्वका हरेक देशका ठूला सहरहरूमा घटिरहेको हुन्छ।

इजरायली राजदूतावासले आयोजना गरेको महोत्सवमा मंगलबार याकी यासाकै चलचित्र 'द भल्चर' तथा दोस्रो पटक 'डेड इन्ड स्ट्रिट' प्रदर्शन गरिएको थियो। सन् १९८१ मा प्रथम प्रदर्शन गरिएको चलचित्र 'द भल्चर' मा युद्धका अनेक पक्षलाई उजागर गरिएको छ। महोत्सवमा गत बुधबार निर्देशक डानी भेरेटको 'यल्लो अस्फल्ट' तथा मिनाहेन गोलनको 'काजार्लान' प्रदर्शन गरिएको थियो भने महोत्सवको अन्तिम दिन हिंजो बिहीबार सेमी झरहिनको कमेडी चलचित्र 'पास ओभर फिवर' तथा एभी नेसरको रोमान्टिक चलचित्र 'टर्न लेफ्ट एट दि इन्ड अफ दि ब्लड' प्रदर्शन गरियो।

होटल तालिम विशेष छुटमा २००३ मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ।
COOK, WAITER, Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy etc.
ATHTIN बाट स्विकृत प्राप्त
- ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Vissa Processing for Aboard Study U.K. Australia
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार,पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ
4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरवोट मार्ग
2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC को पानी ट्यांकी अगाडी
4464720, 9841-891131, 98510-93629

सौन्दर्यका सामान
- Height बढाउने (Yoko Japanese) - 1050/-
- मोटोपन घटाउने (Sauna Belt)
- अनुहार गोरो बनाउने (Roop Amrit)
- स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
- डण्डीफोर, चाया पोतो हटाउने (Cream)
- धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
- कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
- एकमुखे रुद्राक्ष साथै हनुमान कवज
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
Newbaneshwor
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Ph. 2290871, Mob. 9841506134

# स्वाद फेरिने भो नेपालीको




**पृष्ठ १ बाट जारी**

केएफसीको फ्राइड चिकेन ?' खड्का पनि के कम, हालसालै नर्वेको भ्रमणमा जाँदा एकपटक खाएको बताइहाले। रेखाले पनि भारतमा केएफसीको फ्राइड चिकेनको स्वाद जिब्रोमा बसाइसकेको बताइन्। केएफसीको फ्राइड चिकेनको स्वाद चाखे पनि दुवै जनाले पिज्जा हटको पिज्जा भने चाखेका रहेनछन्। 'काठमाडौंमै पिज्जाहट खुल्ने भएछ, अब त उद्घाटनकै दिन गएर चाख्ने विचार छ'- दुवैले एकै स्वरमा भने।

पेप्सीकोलाका पेयपदार्थ बक्ने मिनी ट्रकको पुछारमा 'केएफसी एन्ड पिज्जा हट, कमिङ सुन इन काठमाडौं' भन्ने शब्द अंकित बोर्ड झुन्ड्याइएको पनि एक/डेढ महिना भैसकेको छ। पेप्सीकोला, मिरिन्डा, सेभेनअप, ड्यु आदि पेयपदार्थको स्वदेशी उत्पादक तथा वितरक वरुण वेभरेजको पहलमा सम्भवतः आगामी सातादेखि यी दुई क्याफेको सञ्चालन आरम्भ हुनेछ। अन्नपूर्ण होटलको प्रवेशद्वारको दाहिनेपट्टि शेर्पा मलको पारि यी दुई क्याफे जोडीमा बाँधिएजसरी रहनेछन्।

गायक रामकृष्ण ढकाल विदेशमा कार्यक्रम गर्न गएका बखत जापान तथा अमेरिकामा केएफसीको फ्राइड चिकेन तथा बर्गरको स्वादमा परिसकेका छन्। 'पिज्जाहटको पिज्जा पनि मैले चाखिसकेको छु'-उनले सुनाए। घाम उदाउने देश जापान र घाम अस्ताउने मुलुक अमेरिकामा समेत यी क्याफेका स्वाद एकै भएकोमा अचम्म मानिरहेका थिए, रामकृष्ण। आफ्नी श्रीमती नीलम पिज्जा भनेपछि हुरुक्क हुने ढकाल बताउँछन्। त्यसैले उनी पिज्जाहट कहिले खुल्छ भन्ने पर्खाइमा छिन्। ढकाललाई विशेष गरी आफ्नी छोरी रानीलाई पिज्जा हट र केएफसीका परिकार चखाउने रहर छ। 'हुनत भविष्यमा विदेशमा गएर चाखिहाल्थी होला तर अब त यहीं चखाउँछु। म पनि एक्साइटेड भैरहेको छु'- रामकृष्ण उत्साहित भए।

बहुराष्ट्रिय कम्पनीहरूको नजर अब नेपालतर्फ पनि सोझिएको छ। विश्वविख्यात फास्टफुड रेस्टुराँ केन्टकी फ्राइड चिकेन अर्थात् केएफसी तथा पिज्जा हटको आउटलेट काठमाडौंमा खुल्दैछ भन्ने हल्ला चलेको धेरै भैसक्यो तर अब प्रतीक्षाको घडी सकिएजस्तो छ। दरबारमार्गमा उक्त फास्टफुडलाई अन्तिम स्वरूपमा सिंगार्ने काम धमाधम भैरहेको त्यो बाटो हिंड्दा सजिलै देखिन्छ। फास्टफुड सिंगार्न प्रयोग भएका सामान तथा कारिन्दाहरू पनि भारतबाट ल्याइएको छ। यसका साथै रेस्टुराँमा काम गर्ने वेटरदेखि सेफसम्म सबैलाई भारतमा प्रशिक्षण प्रदान गरिएको छ जसमा केही नेपाली पनि छन्। भारतको देवयानी इन्टरनेसनलले यहाँ केएफसी र पिज्जाहटका शाखा खोल्न लागेको हो। यो कम्पनीले भारतमा ५० भन्दा बढी केएफसी र पिज्जाहटका शाखा सञ्चालन गर्दै आएको छ।

पेप्सीको नेपालका कार्यकारी प्रमुख सुरन्जन डेका अनुसार निकै ठूलो लगानी हुने भएकाले पेप्सीको बजार बढाउन सहयोग पुग्ने गरी यी क्याफे खोल्न लागिएको हो। उनका अनुसार यी दुई रेस्टुराँमा काम गर्नका लागि १ सयभन्दा बढी कर्मचारी छनौट गरिसकिएको छ। केही प्राविधिक भारतबाट झिकाइएको छ। ३ हजार ५ सय वर्गफिट क्षेत्रफलमा खोल्न लागिएका यी दुवै रेस्टुराँ अन्नपूर्ण होटलसागै निर्माणाधीन भवनको भुइँ तला र पहिलो तलामा रहनेछन्। रेस्टुराँका लागि महागा उपकरण काठमाडौं आइसकेका छन्। ठूलो आकारको कोल्डस्टोर र खाना तयार गर्ने कारखानासमेत स्थापना भैसकेको छ। सबैभन्दा आश्चर्यको कुरा के भने फ्राइड चिकेनका लागि विख्यात केएफसीको संसारभरिका शाखाहरूमा झैं नेपालको शाखाका लागि पनि कुखुराको मासु ब्राजिलबाट आयात गरिनेछ। डेका अनुसार काठमाडौंका यी दुई आउटलेटमा नेपालको प्रख्यात परिकार ममः रहनेछैन। 'विश्वभर जुन मेनु अनुसारका परिकार बन्छन्, यहाँ पनि त्यही मेनु उपलब्ध हुनेछ। ममः जस्ता यहाँका चर्चित खानेकुरा हाम्रो मेनुमा छैनन्,' डेले भने- 'बरु सुरुवाती समयमा यहाँ केएफसी र पिज्जाहटका सबै परिकार मेनुमा नअटाउलान्।'

## केएफसी

यो फास्टफुडका शाखाहरू विश्वभरिका १ सय ९ वटा मुलुकमा छन्। तीमध्ये ५ हजार २ सयवटा शाखा मात्रै अमेरिकामा फैलिएका छन्। विश्वभरि यसका १५ हजारभन्दा बढी शाखा सञ्चालनमा छन्, जसले एक दिनमा अनुमानित १ करोड २० लाख मानिसको पेटपूजा गरिरहेका छन्। अमेरिकाको एउटा राज्य केन्टकीको नाममा यो फास्टफुडको नाम रहन गएको हो। सन् १८९० मा इन्डियानाको हेनरी भिल्लेमा जन्मिएका हरल्याण्ड सेन्डर्स केएफसीका जन्मदाता हुन्। जसले सन् १९३० मा केन्टकी राज्यको उत्तरी कोर्बिनमा सञ्चालन गरिएको १ सय ४२ जना अटाउने आफ्नो क्याफे 'सेन्डर्स कोर्ट एन्ड क्याफे' मा पहिलो पटक फ्राइड चिकेनको स्वाद आविष्कार गरे। केएफसीको लोगोमा रहेका मानिस यसका आविस्कारक सेन्डर्स नै हुन्। १९५२ मा उनले उक्त रेस्टुराँ पेटे हार्मन नाम गरेका व्यक्तिलाई बेचेसँगै फ्राइड चिकेनको रेसिपी पनि सुम्पिए। हार्मनले नै केन्टकी फ्राइड चिकेनका आउटलेटहरूको विस्तार थालेका हुन्।

## पिज्जाहट

सन् १९५८ मा पिज्जाहटको जन्म भएको हो। अमेरिकाको क्यानसास राज्यको बिसिटा सहरमा पहिलो पटक पिज्जाहट क्याफे खोलिएको थियो। फ्र्याङ्क र ड्यान कार्नेले लोकल पिज्जा रेस्टुराँका रूपमा बिसिटा स्टेट युनिभर्सिटी परिसरमा एउटा सानो घरमा २५ सिट क्षमताको पिज्जाहट खोलेका थिए। झुपडीजस्तो घरमा पिज्जा पाइने भएकाले होला त्यतिबेला उक्त रेस्टुराँको नाम पिज्जाहट राखिएको। एक आँकलनका अनुसार विश्वभरि पिज्जाहटमा पिज्जा बनाउनका लागि मात्र वार्षिक ३० करोड पाउन्ड चिज लाग्ने गरेको छ। पिज्जाहटका शाखा अमेरिकामा मात्र साढे ६ हजारवटा छन् भने विश्वभरका सयभन्दा बढी देशमा यसमा साढे ४ हजारजति शाखा छन्।


आयुर्वेदिक पद्धती द्वारा दिर्घरोगको अचूक उपचार

हाडजोर्नी तथा नसा — सबै किसीमका वाथ, आथ्राइटिस, प्यारालाइसिस, साइटिका हड्डीखिइएको, नसा च्यापिएको, हातखुट्टा झमझमाउने, मुख बाङ्गीने, जोंनीहरु दुख्ने, डिस्क प्रोल्याप्स

पेट संवन्धी — ग्याष्टिक, अम्लपित, जण्डिस कोलाइटिस, अपच, कब्जीयत तथा अन्य रोगहरु

मानसिक — डिप्रेसन अनावश्यक डर, भय, अनिन्द्रा, शारिरीक थकान, रिगंटा, तनाव आदि।

दिर्घरोगहरु — पिनास, पाइल्स, मधुमेह, उच्च रक्तचाप, यूरिक एसिड, दम, आदि।

यौन — सबै किसिमका यौन दुर्वलता, धातुरोग, सरुवा रोग निःसन्तापन, यौनाङ्ग विकास, महिनावारीमा गडवडी आदि (पुर्ण गोप्यताका साथ)

सुन्दरता — अनुहारका सबै किसिमका दाग, डण्डीफोर, कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरु।

धन्वन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि.
धुम्बाराही चोक, रिङ्गरोड भन्दा उत्तर मन्डिखाटार जाने बाटोमा
काठमाडौं फोन : ४३७९०९६, ४३७०५८६



Language / Computer

English: Elementary, Intermediate & Advanced courses
(Supervised by P. Swoveet, free books, cassettes, audio-visual/ interactive classes..)

Computer: Basic/Advanced/Accnt./Graphic

TOEFL / IELTS / SAT/GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)

Study Abroad: USA, UK, Canada, Australia .. Wide range of courses, Free counselling ..

Language books/Cassettes/CDs/Video DVDs:

Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced

Eagle Eye UN POL (SAT) prepn. Book with audio CD Price: Rs. 280/-

Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-

Face to Face Language Videos Price: Rs. 160/-

Interactive English Language Videos Price: Rs. 260/-

Boost Vocabulary Enhance word power Basic to Advanced Price: 50 & 60/-

-OLC's Publications, ph. 4-247897

O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945
OLC Jamal-Branch, 4-244741
(Institute run by P. Swoveet! Other institutes called OLC don't belong to us!)



उद्घोषण

RJ/VJ/MC, पत्रकारिता, समाचारवाचन, फोटोग्राफी, भिडियोग्राफीको तालिम,
आफ्नै Studio मा Practical गराइने उत्कृष्टलाई Rejoice F.M. Time मा कार्यक्रम चलाउने अवसर

सम्पर्क: Rejoice Media Pvt. Ltd.
Maitighar (थापाथली जाने मोड)
०१-४२४१३७१/९८४१५६६५६८



Special Courses For U.K./JAPAN goers....

होटल तालिम
Cook- 1 month
Waiter/ress-1 month
Bakery- 15days,
Coffee- making -15days
also other training are available.

KMDC Koteshwor,
(Kamana Manpower Development Center)
4601878 / 4600335



Learn to Speak English

★2 & 3 Months Packages
★1 Month Special & Speaking Course
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेष कक्षा

Japanese/ Hebrew/ Korean/ Chinese/ French/ Spanish/ German IELTS/ Visa / Job Interview Pre.

OASIS
Language Centre
Golkopakha, Thamel
4359170



निशुल्क होटलतालिम

वेटर/वेट्रेस

साथमा रु ३०००/- भत्ता
उत्कृष्टलाई ७ देखि १० हजार सम्मको जागिरको व्यवस्था
साथै विदेश जानेहरुको लागि स्पेशल कोर्षको व्यवस्था:-
जस्तै ★Cook ★waiter/ss ★Bartender
★Coffee Making★House Keeping
★साथै अन्य कोर्षहरु विशेष छुटमा धमाधम भर्ना

Wisdom Hotel Training Center
Kalimati Chowk
Phone N.: 01-6223587,
9841327603, 9841032377



होटेल तालिम मोडर्नमा

Switzerland & UK बाट अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ

Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।

www.modernhoteltraining.com.np
Modern Management Modern Technology

MODERN HOTEL Training Center
Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 9721315801



६ महिना मै कक्षा-८

सजिलै पास गरौ

(५, ६, ७, ८ फेल भई बिचैमा पढाई छोडेका वा १४ वर्षदेखि माथिका विद्यार्थीहरुले सम्पर्क राख्न सक्ने छन्) यस वैकल्पिक विद्यालयबाट यसै वर्ष २०६६ मा जिल्ला शिक्षा कार्यालयले लिने जिल्ला स्तरीय परीक्षा कक्षा-८ उर्तिण विद्यार्थीहरुले २०६७ सालमा कक्षा-९ नपढी सोझै कक्षा १० मा भर्ना भई SLC दिन पाउने भएको हुंदा सिमित सिटमा नयाँ भर्ना खुल्ला गरिएको छ। माध्यम:नेपाली/अंग्रेजी

स्याण्ड्रा विद्यालय
नयाँवजार, सोह्रखुट्टे
फोन:४३६१७१२

बुद्ध विद्यालय
गोङ्गबु, काठमाडौं
फोन:४३६५९५५



मुहार

बेदाग गोरो मुहारको लागि
रूपअमृत (Antipimple) -1650/-
चाउरीपना हटाउने Cream -1250/-
स्तन बढाउने Cream -1650/-
ग्याष्ट्रिक ▶ ब्लडप्रेशर ▶ दम प्रा.उपचार
शरीरको उचाई बढाउने -1250/-
शरीरको तौल बढाउने -1000/-
मोटोपना घटाउने -2550/-
No Side effect 100% Guaranteed

केश
झर्ने तुरुन्तै रोकी उमार्ने तेल
Before Herbal44 Rs. 750/- After

आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845275046 Chitwan, इटहरी 025-580944



ENGLISH LANGUAGE TRAINING

छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिँदैछ।

३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं।

BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576

# स्वाइन फ्लु महामारी रोकथामका लागि

**भिषा काफ्ले**

काठमाण्डौ- विश्वलाई चुनौती दिइरहेको महामारी स्वाइन फ्लु एच वान एन वानले नेपाललाई पनि ठूलो चुनौती दिन सक्ने सम्भावना बढिरहेको छ। नेपालका पश्चिमी जिल्लाहरू कास्की, बाग्लुङ हुँदै पर्वत जिल्लामा यसको संक्रमण बढेको समाचारले आमनेपाली जनमानसमा पनि चिन्ता बढ्न थालेको छ भने यसको रोकथाम र यो महामारीका रूपमा फैलन सक्ने सम्भावित चुनौतीलाई मध्यनजर गर्दै जनचेतना र सर्तकता अपनाउन सरकारी स्तरबाट मात्र सम्भव छैन, यही कुरालाई मनन गर्दै अब यो रोग नियन्त्रणमा देशभरका युवाहरू लागेका छन्।



नेपालमा यो महामारीलाई कम गर्दै यसको रोकथामका लागि देशभरका लगभग ५० हजार युवा एकजुट भएका छन्। गत कात्तिक २७ गते काठमाडौंको थापाथलीबाट सुरु भएको यो अभियान एकसाथ केन्द्र, जिल्ला र स्थानीय वडाहरूमा सञ्चालनमा छ। मानवअधिकार शिक्षा क्लब राष्ट्रिय समिति (रिलेक) ले सुरु गरेको यो अभियानमा साथ दिन अहिले रिलेकसँग आबद्ध देशभरका १३ सय ३६ क्लब तथा ७२ वटा जिल्ला शाखा तत्पर भएका छन्। अभियानको सुरुवात राष्ट्रिय मानवअधिकार आयोगका सदस्य गौरी प्रधान, नेपाली कंग्रेसका नेता एन. पी. साउद, अनेरास्ववीयुका महासचिव माधव ढुङ्गेल, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अध्यक्ष सुबोध प्याकुरेल, युवा संस्था सञ्जालका अध्यक्ष कवीन्द्र बुर्लाकोटी आदिले देशभरका पाँच सयभन्दा बढी युवाका साथ माक्स लगाएर सुरु गरेका थिए।

यो अभियान काठमाडौंबाट सुरु भएर देशका प्रत्येक वडा र टोल - टोलसम्म पुग्ने रिलेक नेपालका अध्यक्ष रमेशप्रसाद तिम्सिना बताउँछन्। तिम्सिना भन्छन्- 'सरकारले मात्र स्वाइन फ्लु नियन्त्रण गर्न सम्भव छैन, त्यसैले हामीले पनि यसको नियन्त्रणका लागि अभियान अघि सारेका हौं।' स्वास्थ्य अधिकार सबै नेपालीको अनिवार्य आवश्यकतासँग जोडिएको हुँदा र अहिलेको तत्कालीन अवस्थामा स्वाइन फ्लुले विश्वलाई नै चुनौती दिइरहेका कारण नेपाल र नेपाली जनता बेलैमा सचेत हुन् र चुनौतीसँग चनाखो भएर बसुन् भन्ने सन्देश यो अभियानले दिने इन्सेक अध्यक्ष सुबोध प्याकुरेलको ठहर छ।

रिलेक नेपालका युवाहरूले यो अभियानलाई स्वयंसेवी रूपमा देशका प्रत्येक गाउँ-गाउँसम्म पुऱ्याउने र यो रोगको बारेमा अनभिज्ञ नेपालीहरूमा चेतना जगाउन सके यसले महामारीको रूप लिन नसक्ने सम्मेलनका सहभागी भरतमोहन अधिकारीको धारणा छ। धनकुटाका अधिकारी भन्छन्- 'युवा भनेका जोस-जाँगर र देशका निम्ति केही गरौं भन्ने भावना भएका हुन्छन्, त्यसैले यो अभियान सफल हुन्छ।' यसरी महामारीका रूपमा संसारभर फैलिएको रोगको नियन्त्रण र जनचेतनाका लागि संगठित रूपमा युवाहरू लागेको पहिलो पटक भएको र यो युवाहरूको अभियानलाई सबैले सहयोग गर्ने मानवअधिकार आयोगका सदस्य गौरी प्रधानको धारणा छ। प्रधान भन्छन्- 'युवाहरू नयाँ सोंचका साथ अघि बढ्छन् भन्ने मान्यतालाई यो अभियानले प्रष्ट पारेको छ।'

अभियान अन्तर्गत पहिलो चरणमा प्रत्येक जिल्ला, वडा र समाजमा पोष्टर, पम्प्लेट वितरण गरिने, दोस्रो चरणमा ब्यानर सहित जागरण अभियानमा लाग्ने योजना रहेको रिलेक नेपालका केन्द्रीय उपाध्यक्ष विष्णु बेलबासे बताउँछन्।

यो अभियानसँगै रिलेक नेपालले अर्को अभियान पनि सुरु गरेको छ जसअन्तर्गत रिलेकसँग आबद्ध १३ सय ३६ क्लबले पाँच जना स्थानीय स्तरमा रहेका गरिब र अति विपन्न विद्यार्थीलाई विद्यालय भर्ना गराउने र एकलाई निःशुल्क शिक्षा दिने योजना छ। अक्षयकोष निर्माण गरी एक जनासँग एक दिनको एक रुपैयाँका दरले एक वर्ष चन्दा संकलन गरी यो अभियान सञ्चालन गर्ने लक्ष्य रहेको रिलेक नेपालका निर्वतमान अध्यक्ष लोकराज वगोस्तीले साप्ताहिकलाई बताए। यो अभियान अन्तर्गत देशका लगभग ५५ सय बालबालिका विद्यालय जान पाउनेछन् भने १३ सय ३६ बालबालिकाले निःशुल्क शिक्षा पाउनेछन्।

यी दुवै अभियानले युवाहरू बन्द, हडताल, चक्काजाम र लडाइमा मात्र प्रयोग गर्ने शक्ति होइनन्, यिनलाई सिर्जनशील काममा लगाए देशले छिट्टै प्रगति गर्ने कुरा पुष्टी हुने युवा संस्था सञ्जालका अध्यक्ष कवीन्द्र बुर्लाकोटी बताउँछन्। बुर्लाकोटी भन्छन्- 'युवाहरूलाई यसरी सकारात्मक काममा लगाउने मामिलामा राजनैतिक दल तथा त्यसमा सामेल युवाहरू पनि गम्भीर हुनुपर्छ।'



## सर्वाधिक चिसो कात्तिक

गत कात्तिक २४ गते राजधानीको तापक्रम गत आठ वर्षयताकै सबैभन्दा कम रह्यो। उक्त दिनको अधिकतम तापक्रम १९ दशमलव २ र न्यूनतम तापक्रम ९ दशमलव २ डिग्री सेल्सियस रह्यो। अघिल्लो दिनको तुलनामा अधिकतम तापक्रममा एकैपटक ४ दशमलव ८ डिग्री सेल्सियसले कमी आयो। त्यसैगरी न्यूनतम तापक्रममा अघिल्ला वर्षको तुलनामा एकैपटक ३ दशमलव ३ डिग्री सेल्सियसले कमी आयो। यी सबैका कारण यो वर्षको कात्तिक महिना गत आठ वर्षयताकै सर्वाधिक चिसो रह्यो।

यो वर्षको कात्तिक चिसो हुनुमा अरब सागरमा आएको समुद्री आँधी बढी जिम्मेवार छ। फ्यान नामक उक्त आँधी गत नोभेम्बर ९ मा सक्रिय भएको थियो। नोभेम्बर ४ देखि नै विकसित हुन थालेको उक्त आँधी श्रीलंकाको राजधानी कोलम्बोको दक्षिण-पश्चिमबाट प्रारम्भ भएको थियो। यो विकसित हुँदै फैलिँदै जाँदा नोभेम्बर ७ मा दक्षिण भारतमा आएर पानी पारेको थियो। नोभेम्बर ९ मा यसले भारतको महाराष्ट्र, गुजरात, कर्नाटक र गोवाजस्ता पश्चिमी क्षेत्रमा प्रभाव पाऱ्यो। उक्त आँधी ३ मिनेटसम्म ६५ किलोमिटर र १ मिनेटसम्म ९५ किलोमिटर प्रतिघण्टाको गतिमा आएको थियो र त्यसकै कारण सो क्षेत्रमा २५ सेन्टिमिटरसम्मको वर्षा भयो।

उक्त आँधीका कारण नै नेपालमा पनि चिसो बढेको हो। जल तथा मौसम विज्ञान विभागका अनुसार भारतको मुम्बई हुँदै नेपालमा फैलिएको बादलका कारण यस्तो चिसो बढेको हो। पानीचाहिँ छिटफुट मात्र पऱ्यो। पूर्वको तुलनामा मध्यमाञ्चलदेखि सुदूर पश्चिमी आकाशमा फैलिएको बादलका कारण सो क्षेत्रमा चिसो बढेको थियो। नजिकै रहेका कारण भारतको मौसमको केही प्रभाव नेपालमा पनि पर्छ। पहिले-पहिले पनि कात्तिक महिनातिर पनि समुद्री आँधी आउँथ्यो, तर त्यसको प्रत्यक्ष असर यहाँ देखिएको थिएन। यद्यपि यो वर्ष आएको समुद्री आँधीको असर भने यहाँ पनि पऱ्यो।

भारतमा योभन्दा पहिले सन् २००८ को नोभेम्बर २६ मा आएको निशा आँधीका कारण ओराथानाडुमा ६६ सेन्टिमिटर वर्षा भएको थियो। सन् १९७६ को नोभेम्बर २५ मा नङ्गाम्बककममा ४५ सेन्टिमिटर, सन् १९६३ को डिसेम्बर ५ मा नगापत्तिनममा ४३ सेन्टिमिटर पानी परेको थियो। सन् २००४ को अगस्ट ४ मा कोएम्बटोरको भल्पराई जिल्लामा ३६ सेन्टिमिटर वर्षा भएको थियो। सन् १९७६ को नोभेम्बर २५ मा मिनाम्बककममा ३५ सेन्टिमिटर र सन् १९९१ को नोभेम्बर १५ मा पन्डीचेरीमा ४८ सेन्टीमिटर वर्षा भएको थियो।

● वेब वाच ●

## www.YahBinGoo.com

इन्टरनेटमा खोजेको सबै कुरा पाइन्छ भन्ने मान्यता छ, तर त्यो सही सर्चइन्जिनको सहयोग लिइयो भने मात्र सम्भव हुनसक्छ। हाल सर्चइन्जिनका रूपमा www.google.com, www.yahoo.com तथा www.msn.com को www.bing.com बढी चलनचल्तीमा छन्। यी सर्चइन्जिनको सहयोग लिंदा आफूले खोजेको सूचना सजिलै पाइन्छ भन्ने छैन। कुनै सर्चइन्जिनले अघिल्लो पानामा जानकारी प्रस्तुत गर्छ भने अर्कोले दोस्रो वा तेस्रो पानामा प्रस्तुत गर्छ। यस्तो अवस्थामा खोजकर्तालाई आफूले खोजेको जानकारी सजिलै प्राप्त नहुन सक्छ। यस्तै समस्याबाट मुक्त गराउन www.yahbingoo.com नामक वेबसाइट सञ्चालनमा आएको छ। याहु, बिंग र गुगलको अघिल्लो शब्द जोडेर निर्माण

YAHbinGoo.com - three searches in one -

गरिएको यो वेबसाइट खोल्नेबित्तिकै तीनवटै सर्चइन्जिन एउटै पृष्ठमा देखा पर्छन्। वेबसाइटको माथिल्लो भागमा आफूले खोजेको विषय टाइप गरे एकै पटक तीनवटै सर्चइन्जिनले सर्च गरेर सम्बन्धित पृष्ठ देखाउँछन्। यसबाहेक खोजकर्ताले कुनै एक सर्चइन्जिन वेबसाइटमा गएर पनि सर्च गर्न सक्छन्। एकैपटक एउटै पृष्ठमा तीनवटै सर्चइन्जिन आउँदा प्रयोगकर्ताको समयको बचत हुनुका साथै आफूले खोजेको जानकारी सजिलै प्राप्त हुन्छ।

### अर्को कुरा...

Adobe

जोन वार्न र चार्ल्स गेस्चीले जेरोक्स कम्पनी छाडेपछि सन् १९८२ मा नयाँ कम्पनी स्थापना गरे। कम्पनीको नाम के राख्ने भनेर सोच्दा जोनले क्यालिफोर्नियास्थित आफ्नो घरको पृष्ठभागबाट बग्ने एडोबी खोल्साको नामबाट कम्पनीको नाम जुराए। एडोबी सिस्टम इनकर्पोरेसन अहिले मल्टिमिडिया र सिर्जनशीलताको क्षेत्रमा कार्य गर्नेहरूका लागि सफ्टवेयर निर्माण गर्न विश्वमै अग्रणी छ। यो कम्पनीले डेस्कटप कम्प्युटरमा प्रयोग हुने एडोबी फोटो सप, पोर्टेबल डकुमेन्ट फरम्याट (पीडीएफ), वेब डिजाइनिङका लागि एडोबी ड्रिम वेभर, एडोबी गो-लाइभ एवं भिडियो एडिटिङ गर्नका लागि एडोबी प्रिमियर र एडोबी अफ्टर इफेक्ट पनि बनाउँछ। ७ हजारभन्दा बढी कर्मचारी रहेको यो कम्पनीले सन् २००८ मा सफ्टवेयर बिक्रीबाट ३५ अर्ब ८० करोड अमेरिकी डलर आम्दानी गरेको थियो।

# मोटरबाइकमा पनि एयर ब्याग



के तपाईं मोटरबाइक चलाउनुहुन्छ ? चलाउनुहुन्छ भने एयर ब्याग ज्याकेट लगाउनुहोस्, तपाईंले आफूलाई सम्भावित दुर्घटनाबाट जोगाउन सक्नुहुनेछ। बेलायती डाक्टरहरूले मोटरसाइकल चालकहरूलाई हाल बजारमा उपलब्ध विशेष खालको एयर ब्याग ज्याकेट लगाउन सुझाव दिएका छन्। चिकित्सकहरूका अनुसार मोटरसाइकल चढ्नेहरूलाई एयर ब्याग ज्याकेट लगाउन अनिवार्य गरियो भने धेरैलाई मृत्युको मुखबाट बचाउन सकिनेछ।

हावा भरेर बनाइएको उक्त ज्याकेट लगाए मोटरसाइकल उछिट्टिएको बेला ज्यान जोगाउन सकिन्छ। उक्त ज्याकेट शरीरका अन्य महत्त्वपूर्ण अङ्गहरूजस्तै घाँटी र ढाड तथा कम्मरका हड्डीहरू बचाउन पनि महत्त्वपूर्ण हुने बताइएको छ। नेपालमा मोटरसाइकल दुर्घटनामा मृत्यु हुनेहरूको संख्या अत्यासलाग्दो रूपमा बढ्दै गएको सन्दर्भमा एयर ब्याग ज्याकेटले धेरैको ज्यान जोगाउन सकिनेछ।

बेलायतमा विविध खालका एयर ब्याग ज्याकेट उपलब्ध छन्। मोटरसाइकल चालकले लगाउने ज्याकेट सामान्य ज्याकेटको तुलनामा चार गुणा र स्तरीय ज्याकेटको तुलनामा दुई-तीन गुणा बढी महँगो छ, जसमध्ये प्वाइन्ट टु नामक एक खालको ज्याकेटमा लिड राखिएको हुन्छ, जुन ज्याकेट लगाउँदा मोटरसाइकलसँग बाँधिन सघाउँछ तर मोटरसाइकल ठोक्किएर वा बढी गतिका कारण उछिट्टिन खोजे त्योभन्दा पहिले नै चालक हावामा ग्लाइडर उडेसरह उड्छ र दुर्घटनाबाट जोगिन्छ। यो ज्याकेटले मोटरसाइकलको गति २ सय किलोमिटर भएका बखत दुर्घटना भए पनि ज्यान जोगाउने दाबी गरिएको छ।



## आइफोन डक

पछिल्लो पुस्तामाझ लोकप्रिय आइफोन, आइपोडबाट संगीत सुन्नका लागि उपयोगी प्रविधि हो– आइफोन डक। हालै नेपाली बजारमा भित्रिएको सोनी कम्पनीको आइफोन डकमार्फत गुणस्तरीय संगीत सुन्न सकिन्छ। आइफोन एवं आइपोडको गीत यो प्रविधिमार्फत सुन्न सकिन्छ। सानो आकारको आइफोन डकमा एफएम रेडियो बजाउन मिल्छ। आईसीएफ सी वान पीएमके टु मोडलको यो प्रविधि रिमोट कन्ट्रोलबाट चलाउन सकिन्छ।

## प्यानासोनिकको टेलिभिजन



कम विद्युत् खपत गर्ने आकर्षक मोडलको टेलिभिजन हालै नेपाली बजारमा भित्रिएको छ। पशुपति इम्पोरियरमले नेपाली बजारमा भित्र्याएको यो टेलिभिजनको खास विशेषता भनेकै स्तरीय दृश्य हो। फ्ल्याट स्किन र स्लिम मोडलमा उपलब्ध यो टेलिभिजन ३१ र २९ इन्चमा उपलब्ध छ। कम विद्युत् खपत गर्ने यो टेलिभिजनको खरिदमा ५ वर्ष वारेन्टी छ। २१ इन्चको यो टेलिभिजनको मूल्य २१ हजार ४ सय ९० छ भने २९ इन्चको मूल्य ३४ हजार ८ सय ९० छ।

## डिभिडी बर्नर



ह्यान्डीक्याममार्फत सोझै सिडी बर्न गर्न सकिने प्रविधि नेपाली बजारमा भित्रिएको छ। सोनी कम्पनीको यो उत्पादन भीआरडीपी वान मोडलमा उपलब्ध छ। डिभी डाइरेक्ट एक्सप्रेस नामको यो प्रविधि हार्ड डिस्कसहितको ह्यान्डीक्यामका लागि उपयोगी छ। यो किसिमको ह्यान्डीक्याममा खिचिएको तस्बिर एवं तस्बिरलाई डिभी डाइरेक्ट एक्सप्रेसमा जोडेपछि सोझै सिडीमार्फत निकाल्न सकिन्छ। यसको नेपाली बजार मूल्य १४ हजार ९ सय रुपैयाँ छ।

## जी फाइभको नयाँ सेट




मोबाइल प्रयोगकर्ता बढ्दै जाँदा विभिन्न ब्रान्डका मोबाइल सेट भित्रिने क्रम पनि बढ्दो छ। यसै मेसोमा हालै जी फाइभको नयाँ मोबाइल सेट नेपाली बजारमा भित्रिएको छ। विभिन्न सुविधासहितको र आकर्षक मोडलको यो सेटलाई अधिकृत विक्रेता मोबिलिटीले नेपाली बजारमा उतारेको हो। यसमा जीएसएम र सिडिएमए दुवै सिम प्रयोग गर्न सकिन्छ। एक्स ३३ प्लस मोडलमा उपलब्ध यो सेटमा भिडियो तथा स्टिल फोटो खिच्न सकिने सुविधा पनि छ। त्यस्तै यसमा एमपीथ्री, ब्लुटुथ, एमपीफोर तथा एफएम रेडियोजस्ता सुविधाहरू उपलब्ध छन्।


## २५ ग्रामको ट्रान्सेन्ट एमपी ३३०



डिजिटल म्युजिक प्लेयर ट्रान्सेन्ट ३ सय ३० हालै नेपाली बजारमा भित्रिएको छ। यसको तौल २५ ग्राम छ। पेनड्राइभका रूपमा डाटा बोक्ने र साउन्ड रेकर्ड गर्नेसमेत सुविधा यसका थप विशेषता हुन्। यो म्युजिक प्लेयरमा पुराना म्युजिक फर्म्याटहरू एमपीथ्री, डब्लुएमए, डब्लुएभी सहजै सञ्चालन हुन्छ। यसको ओएलइडी स्क्रिनमा प्रयोगकर्ताले गीतका शब्द पढ्न सक्छन्। यसैबाट एफएम रेडियोसमेत सुन्न सकिन्छ। यो म्युजिक प्लेयरबाट साउन्ड रेकर्डिङ गर्न मिल्छ। दुई, चार र आठ जीबीमा उपलब्ध यो म्युजिक प्लेयरको मूल्य ४ हजारदेखि साढे ६ हजारसम्म छ।

After +2 ?!
Admission Open
CA Foundation & Inter Level
Classes Start: December 1, 2009
HURRY UP
Seats are Limited
प्रिमियर CA
Be a CA with BBS
PREMIER COLLEGE ESTD 2000
New Baneshwor, Kathmandu
Wing-1, Tel: 4785198, 4784738, 2040467
(Infront of BICC Southern Gate)
Wing-2, Tel: 4467468, 016207877
(Near to old Shivadarshan Cinema)

Spa Therapist Training

Job Placement Nepal/Aboard
Duration 3 month
No of Students-30
Wellness Hospital
alternative medicine
We Care!
Bansbari, Kathmandu
Tel: 4371877

The pioneer Air Hostess Training Institute in Nepal

Be an Air Hostess
Be a Flight Steward
My Dream My AHTI Thank You!
FREE Facilities
Swimming · Airport Familiarization
Stationery · Uniform & Scarf
Admission OPEN
After successful training we provide Job Placement Assistant in Domcstic & International Airlines
Highly experienced instructors
Licence holder from CAAN
Air Hostess Training Institute (P) Ltd.
NECO Complex (Opp. BICC hall, Main Gate) New Baneshwor KTM.
Ph# 4783564, 2042030 E-mail: ahti@wlink.com.np

उद्घोषण
6 Year's Excellence
90% success results in media
RS. 1000/- discount
Since 2060
Trainers: Kusum Bajracharya, Naresh Bhattarai, Siromani dawadi, Raj Shrestha, Rupesh shrestha, sanjaya baral, Paras Poudel, Binod Khadka, Dinesh dulal, Shuva/Dp, Manoj /Uvaraj
RJ/VJ/MC/News Reader/FM Technician
100%On-The-Job Training(Internship)
Training center with own fm station and digital practical studio
Job Opportunity For the Best Trainees in FM/TV
Axis Media Ent. (Pvt.) LTD.
Ktm,Bagbazar,Opp.Miteri Hospital
UTL-9721331656
9841545991,9808040267
For details and Media job
www.axismagazine.tk

RJ VJ MC
उद्घोषण तालिम
पुर्णरुपले practical र स्टुडियो केन्द्रित रेडियो, टेलिभिजन, प्राविधिक तथा पत्रकारीता तालिम
रेडियो कर्मीद्वारा सञ्चालित उद्घोषण तालिम केन्द्र
ख्याती प्राप्त संचारकर्मी दिनेश डि.सी.का साथमा
रुपेश श्रेष्ठ · मृदुला खनाल · मुनाल शिशिर
सन्तोष खनाल · केशवजङ्ग पाण्डे · नविन लुंइटेल
अमित अधिकारी · हिरामणि तिमल्सिना
रु १००० - छुट सहित !
BIKALPA THE OPTION फोन: ०१-२२९०१६८
बगबजार, काठमाडौं (श्रेष्ठ टेलरिङ्गको दाहिनेपट्टि)
विकल्प FM TIME मा कार्यक्रम चलाउने १००% ग्यारेण्टी

FRESH MODELS WANTED

We need Fresh Models for our upcoming Fashion Show and Model Contest.
We are also looking for some models for music videos and advertisements.
Dreams Unlimited
Putali Sadak (Near Kantipur City College)
Tel: 9851070384, 9803180560, 9841232810, 9803718350, 4419917
E-mail: dreamsunlimited2060@hotmail.com
Where your dream comes true.

# जोलीभन्दा...



नाम : मोडलिङमा पूजा प्रधान, चलचित्रमा पुजना प्रधान, अध्यात्ममा पुजना स्त्री। अनुभव : २२ वटा चलचित्र, केही विज्ञापन तथा धेरै लोकगीतका म्युजिक भिडियो। उमेर : २५देखि ३०को बीचमा। यिनको चर्चा अचेल सेलाएको छ। उनलाई सेलाएको चर्चालाई तताउने रुचि पनि छैन। धेरैपछि भएको फोनवार्तामा उनले तीनवटा कुरा भनिन्। पहिलो : 'म जुन पायो त्यही चलचित्रमा काम गर्दिनँ, हिरोको हिरोइन भएर धेरै खेलियो। अब सशक्त भूमिका भएको चलचित्र मात्र खेल्छु।' दोस्रो : 'लोकगीतका म्युजिक भिडियोमा खेल्न छाडेँ। आइन्दा खेल्दै खेल्दिनँ।' तेस्रो : 'म एन्जोलिना जोलीको बाटोमा लाग्दैछु, निकट भविष्यमा एउटा बालआश्रम सञ्चालन गर्दैछु।'

पुजनाले यी तीन कुराको विस्तृत वर्णन पनि गरिन्। अभिनय गरेका २२ वटा चलचित्रमध्ये उनले दुईवटा चलचित्रको मात्र नाम लिइन्। उनलाई लाग्छ, ती दुई चलचित्रमा उनले आफ्नो काम देखाउन पाएकी छिन्- 'पापी मान्छे- दुई' र 'द निर्मला'। यी दुईवटै चलचित्र दर्शकले हेर्न पाएका छैनन्। एकताका लोकदोहोरीमा धेरै पटक नाचेकी पुजना अब लोकदोहोरीको प्रस्ताव सीधै अस्वीकार गर्दैछिन्। 'पुग्यो दोहोरीमा खेल्न,' -उनले अघाएको कुरा गरिन्। हलिउडकी एन्जोलिना जोलीलाई आफ्नो आदर्श मान्ने प्रधानले अनाथ बालआश्रमको सञ्चालन गर्दैछिन्। यो कार्यमा भने उनी जोलीभन्दा एक कदम अघि बढेकी छिन्। जोलीले केही अनाथ बालबालिकालाई धर्मपुत्र-पुत्री बनाएकी छिन् भने पुजना थुप्रै अनाथलाई पाल्न बालआश्रम सञ्चालन गर्दैछिन्। यद्यपि चलचित्रमा अभिनय गर्ने काम भने नछाड्ने उनको अडान छ - 'मेरो इमेज ग्ल्यामरस नायिकाको छ, म त्यसैलाई निरन्तरता दिन्छु।'

# सोध्या भए हुन्थ्यो



तस्बिर : नवराज बाउले

कान्तिपुर टेलिभिजनकी पवनकलीले धेरै पटक नायक दिलीप रायमाझीलाई बोलाइछन्। व्यक्तिगत कुरा खोतलेको मन नपराउने दिलीपले कार्यक्रमको प्रकृति बुझेरै आनाकानी गरिरहेका थिए। निर्देशक सुरेशदर्पण पोखरेलले जसरी भए पनि दिलीपलाई पवनकली शोमा ल्याउने वाचा गरेछन्। उनका प्रदर्शोन्मुख चलचित्र तथा प्रदर्शनमा आइसकेका चलचित्रका एक नायकलाई उक्त कार्यक्रममा ल्याउँदा प्रचार पनि गतिलै हुन्छ भन्ने मानेर लन्डनको कार्यक्रम सकेर भर्खरै फर्किएका दिलीपलाई कान्तिपुर टेलिभिजनमा बालबालिकाका लागि आउने कार्यक्रम 'कान्तिपुर फ्यान क्लब'मा बोलाइएको भनेर झूट बोलेछन्। बालबालिकाका लागि भनेर दिलीप पनि राजी भए। कान्तिपुर टेलिभिजनको परिसरमा पुग्दा भेटिएका एक जनाले सोध्दा दिलीपको जवाफ थियो- 'फ्यान क्लबको सुटिङमा आएको।' स्टुडियो पुग्दा त्यहाँ उक्त कार्यक्रमकी सञ्चालिका थिइनन्, न त त्यहाँ 'फ्यान क्लब'को सेट नै थियो। छेउमा उभिरहेकी थिइन्, पवनकली शोकी सञ्चालिका माम्पी घोष। एकैछिन त दिलीप झसंग भए। कर्के नजरले सुरेशलाई हेरे, जसरी भए पनि दिलीपलाई पवनकली शोमा पुऱ्याउने आफ्नो लक्ष्य पूरा भएकोमा उनी मुसुमुसु हाँसिरहेका थिए। पवनकली नै सामुन्ने भएपछि के गर्ने ? खुरुक्क उनले जे-जस्तो सोधिन्, जवाफ फर्काउँदै गए। व्यक्तिगत कुरा कम सोधियो, पछि दिलीप भन्दै थिए- 'बेकारमा व्यक्तिगत कुरा सोधेको मनपर्दैन भनेछु, उनको कुरा गर्ने रमाइलो शैलीबाट म यति प्रभावित भएँ कि पछि गएर सोध्या भए पनि हुन्थ्यो जस्तो लाग्यो।'



# डिमान्ड रेखाको

'माओवादी मात्र किन ? कांग्रेस, एमाले, राप्रपा, फोरम जसले बोलाए भने पनि जान्छु। कलाकारको सम्मान जहाा हुन्छ म त्यहाा भ्याएसम्म पुग्छु। मलाई उहााहरूले सम्मान दिएर बोलाउनुभयो, त्यसैले म गएकी थिएा। त्यसैगरी एउटा कलाकारको सम्मान गर्दै राष्ट्रका अरू राजनैतिक दलहरूले पनि मलाई आफ्ना कार्यक्रमहरूमा बोलाउाछन् भने म जान्छु।'- माओवादीको आन्दोलनमा नायिका रेखा थापा एकैछिन गएर के नाचेकी थिइन्, उनको चर्चा निकै भयो अनि उनले कुर्लदै त्यसो भनिन्। माओवादीका अध्यक्ष प्रचण्डसँग नाचेका तस्बिरहरू पत्रपत्रिकामा छाएपछि रेखा माओवादी भइन् भन्ने पनि गरियो। माओवादीलाई समर्थन नगरेको भए किन उनीहरूको विरोध कार्यक्रममा सहभागी भएको त ? भन्ने जिज्ञासामा रेखाले भनिन्-'त्यहाा भएका सबै माओवादी कार्यकर्ता भए पनि मेरो दृष्टिकोणमा उनीहरू मेरा दर्शक तथा प्रशंसक पनि त हुन्। सोझो हिसाबले म मेरा दर्शक तथा प्रशंसकका सामुन्ने गएकी हुा, उनीहरूको मनोरञ्जन गरेर आएकी हुा। किनकि मेरो पेसा सबैलाई मनोरञ्जन गराउनु हो। कसैले त्यसको गलत अर्थ निकाल्छन् भने मलाई केही मतलब छैन ?'

रेखाले भनिन्- 'म एउटा राजनैतिक दलको कलाकार होइन, म सबैकी रेखा थापा हो।' त्यसैले पनि होला, एमाले नेता केपी ओलीले समेत भने- 'पहिले संविधान बनोस् अनि रेखा थापासँग नाचौंला।' भनेपछि ओलीजीलाई पनि नेपाली चलचित्रकी हट नायिका रेखा थापासँग नाच्ने रहर रहेछ। हालै तराई टेलिभिजनको उद्घाटन कार्यक्रममा रिपोटर्स क्लबका अध्यक्ष ऋषि धमला रेखासँग भन्दै थिए- 'आज गिरिजाबाबुको स्वास्थ्य स्थिति बुझ्न पुगेको थिएँ। उहाँले पनि सोध्दै हुनुहुन्थ्यो, प्रचण्डजी कोसँग नाचेका भनेर। मैले हिरोइन रेखा थापासँग नाच्नुभएको भने...।' धमलाजीको कुरालाई आधार मान्ने हो भने अनुमान गर्न सकिन्छ, स्वास्थ्यस्थिति राम्रो भए त गिरिजाबाबु पनि रेखासँग नाच्न लालायित हुनुहुन्छ। जसलाई पनि रेखासँग नाच्ने रहर होला। कसैले प्रकट गरे, कसैले गरेनन्। रेखालाई भने युवा सभासद गगन थापासँग नाच्ने रहर रै'छ। साप्ताहिकसँग उनले खुसुक्क भनिन्- 'अरू सबैलाई मसँग नाच्ने रहर होला, म पाए त गगन थापासँग नाच्थें।'

# हिरो सत्यराज



'मेरो कद, काठी, अनुहार धेरै हदसम्म बुबासँग मिल्छ, त्यसैले मलाई निर्देशकले बुबाको भूमिकाका लागि छनौट गरेका हुन्,'- लामो जुगा पालेका गायक सत्यराज आचार्य भन्दै थिए। आइतबार राजधानीको दरबारमार्गस्थित भिन्टाज क्याफेको एउटा कुनामा आयोजित पत्रकार सम्मेलनमा भाइ स्वरूपराजसँग बसेका सत्यराज बुबाको चरित्र निर्वाह गर्ने काम आफ्ना लागि चुनौती भएको बताउँदै थिए। बुबाले गरेको संघर्ष र दुःखलाई पर्दामा जीवन्त पार्न कठिन हुने भए पनि प्रयास भने गर्ने कुरा उनी बताउँदै थिए। 'सानै उमेर धनकुटाबाट बसाइँसराइ गरी सिक्किम पुगेको परिवारसँग हुर्किएको एउटा ठिटो पछि गएर कसरी देशको एक वरिष्ठ गायक तथा संगीतकार बन्यो ? दुर्घटनामा परेर भएको घाउले क्यान्सरको रूप लिएर जिब्रो काटिएपछि गाउनै नसक्ने भएर वर्षौंसम्म पीडा खेप्नुपरेको र आत्मविश्वासले बाँचिरहेको कुरा कुनै चलचित्रको कथाभन्दा पृथक् छैन। बुबाको जीवनका यस्तै घटनाहरूलाई दुई घण्टे चलचित्रमा प्रस्तुत गर्ने जमर्को हामीले गर्न लागेको थियौं एउटा डकुमेन्ट्रीका रूपमा तर निर्देशक प्रशान्त रसाइलीले कथानक चलचित्र बनाउने भन्नुभएपछि हामी झन हौसिएका छौं'- सत्यले यसो भन्दा भाइ स्वरूप भावविभोर देखिए। रोशन राईको लगानीमा सिक्किममा ४० र काठमाडौंमा ५० प्रतिशत छायांकन गरिने यो चलचित्रको शीर्षक 'आचार्य' राखिएको छ, जसमा भजन शिरामणि भक्तराज आचार्यले गाएका एवं संगीत गरेका गीतहरू उनकै स्वरमा समेटिने निर्देशक रसाइलीले बताए।

# फेरि जोडिए श्याम र रञ्जना



यस पटकको कात्तिकमा नेपाली चलचित्र क्षेत्रमा नसोचिएका घटना घटे, ती पनि वैवाहिक जीवनमा केन्द्रित। ऋचा घिमिरेको टीकोटालोबाट प्रारम्भ भएको वैवाहिक प्रकरण अर्की नायिका पूजा लामाको विवाह, निखिल-सञ्चिताको विवाह सम्भावना हुँदै अघिल्लो वर्ष सम्बन्ध-विच्छेद गरेका निर्देशक श्याम भट्टराई-नायिका रञ्जना शर्माको पुनः एक हुने योजनासम्म चर्चामा रहे। कात्तिकको अन्तिम साता श्याम तथा रञ्जनाले पुनः एउटै छतमुनि जीवन जिउने घोषणा गरेका छन्। डेढ वर्षअघि व्यक्तिगत दोषारोपण गर्दै एक-अर्काको अनुहार नै नहेर्ने दाबी गर्दै सम्बन्ध-विच्छेद गरेको श्याम-रञ्जनाको जोडीले यो अवधिमा एक-अर्काको आवश्यकता खड्किएको अनुभव मात्र गरेन, पुनः श्रीमान्-श्रीमतीका रूपमा नयाँ जीवन प्रारम्भ गर्ने योजना पनि बुने। अघिल्लो साता रञ्जना साप्ताहिकसँग भन्दै थिइन्– 'म र श्याम मिल्ने भयौं !' उनले यसो भनेको दुई दिन बित्न नपाउँदै रञ्जना बानेश्वर हाइटस्थित श्यामको निवासमा दोस्रो पटक भित्रिसकेकी थिइन्। नयाँ चलचित्र 'च्यालेन्ज' का लागि नायिका खोज्दा-खोज्दा थाकेका श्यामलाई रञ्जनाको आगमनले दोहोरो फाइदा भएको छ। पहिलो त पारिश्रमिक नै दिनु नपर्ने गरी नायिका फेला परिन्, दोस्रो जीवनसाथीका रूपमा रञ्जना पुनः उनको जीवनमा प्रवेश गरिन्। दुवैलाई बधाई !



## ● लभगुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म अहिले आईए दोस्रो वर्षमा अध्ययनरत छु । केही समयअघि मेरो एउटी युवतीसँग प्रेम थियो । उनले नै मलाई प्रस्ताव राखेकी हुन् । उनको र मेरो इच्छा, आकांक्षा, रुचि, लक्ष्य र अधिकांश बानी पनि मिल्छन् । त्यसैले हामी एक-अर्कालाई भित्री मनैदेखि साँचो माया पनि गर्थ्यौं । उनको र मेरो घर नजिकै छ । उनको गाउँमा हामी नयाँ बसाइँसराइ गरेका हौं । मेरो बुबा र दाइ रक्सी पिएर सधैं झगडा गरिरहन्छन् । त्यसले गर्दा गाउँलेहरू दिक्क छन् र त्यही कारणले मेरो छवि पनि समाजमा अलि बिग्रिएजस्तो लाग्छ । त्यसैले गर्दा उनी मबाट टाढिएकी छिन् । जे भयो बिर्सिदेऊ भन्छिन्, तर भेट्दा राम्रैसँग कुरा गर्छिन् । मसँग पहिलेजस्तो नजिकिन चाहँदिनन् । मलाई लाग्छ, उनले मलाई बिर्सन सकेकी छैनन् । अरूको कुरा सुनेर त्यस्तो व्यवहार गरेकी हुन् कि जस्तो लाग्छ । मलाई पनि मेरो पारिवारिक कारणले गर्दा उनीसँग पहिलेजस्तो खुलेर कुरा गर्न अप्ठेरो महसुस हुन्छ । बिर्सने प्रयास गर्दा पनि सक्दिनँ । म के गरू ?**

-९८४९

मैले एउटा कुरा बुझिनँ, उनीसँग प्रेम गर्ने तपाईं, विवाह गर्ने वाचा गरेको तपाईंले । त्यसो भए तपाईंका बाबु र दाइका कारण उनी किन तपाईंसँग टाढिएकी हुन ? उनीहरूको स्थानमा तपाईंले रक्सी पिएर झगडा गरेको भए, त्यो अवस्थामा उनी टाढिनु जायज पनि हुन्यो होला, तर ती कुरामा तपाईंको कुनै दोष छैन । तपाईंकी प्रेमिकाले कुरा बुझिरहेकी छैनन् । उनी अरूको कुरामा लागेर तपाईंलाई दोषी देखिरहेकी छिन् अनि तपाईंले पनि आफ्नो पारिवारिक कलहका कुरा खुलस्त उनका सामु व्यक्त गर्न सकिरहनुभएको छैन । जबसम्म तपाईं आफ्नो पारिवारिक कलहका कारण उनीसँग बोल्न हिचकिचाइरहनुहुन्छ, तबसम्म उनले पनि तपाईंको समस्याको यथार्थ बुझ्ने छैनन् । पहिलो कुरा त तपाईंले आफ्ना बाबु र दाइलाई उनीहरूको कलहका कारण आफ्नो छवि समाजमा बिग्रँदै गएकाले छवि सुधार्न अलग हुनसक्ने चेतावनी दिन सक्नुहुन्छ । तपाईंलाई उनीहरू माया गर्छन् भने अवश्य पनि कलह कम गर्लान् । अर्को कुरा तपाईं आफ्नी प्रेमिकालाई विवाह तपाईंसँग हुने भएकाले दाइ र बाबुको व्यवहारले फरक नपर्ने कुरामा विश्वस्त गराउनुहोस् । समस्याको समाधान त्यसै भैहाल्छ ।

### सकियो ऋषिको चलचित्र

निर्देशक ऋषि लामिछानेले निर्देशन गरेको चलचित्र 'आफ्नो मान्छे आफ्नै हुन्छ' को छायांकन सम्पन्न भएको छ । चलचित्र 'कहीं मिलन कहीं बिछोड' को निर्देशन गरेर केही वर्ष हराएका निर्देशक लामिछानेले हालै राजधानीमा सञ्चालित एक्स बारमा नायिका रेखा थापाको सर्पसँगको नृत्यको छायांकनसँगै चलचित्रको सम्पूर्ण दृश्यको छायांकन सकिएको घोषणा गरे । चलचित्रमा विराज भट्ट, रेखा थापा, अरुणिमा लम्साल, मुकेश ढकाल, रवि गिरी, दिनेश डीसी, प्रकाश घिमिरे, देशभक्त खनाल, इशान राउत आदि कलाकारले अभिनय गरेका छन् । मुनाल घिमिरेको प्रस्तुति रहेको यो चलचित्रमा रोशन श्रेष्ठको द्वन्द्व, वसन्त श्रेष्ठको नृत्य, महेश खड्काको संगीत तथा पुरुषोत्तम प्रधानको छायांकन हेर्न पाइन्छ ।

## ● फिल्मी खबर ●

### राजीव पनि निर्माता

चलचित्र मिस्टर मंगलेका निर्माता तथा नायक विरेन श्रेष्ठले निर्माण गर्न लागेको चलचित्रमा चर्चित फोटोग्राफर राजीव श्रेष्ठले पनि लगानी गर्ने भएका छन् । मौनता श्रेष्ठ तथा शिव रेग्मीको कथामा रेग्मीकै निर्देशन रहने उक्त चलचित्रको नाम 'मनले मनलाई छुन्छ' जुराइएको छ । वसन्त सापकोटाको संगीत रहने उक्त चलचित्र मौलिक प्रेमकथामा आधारित रहनेछ । हाल नयाँ नायिकाको खोजी भैरहेको चलचित्रमा सुनिल सिटौलाको पनि लगानी रहने बताइन्छ । माघको दोस्रो सातातिर छायांकन आरम्भ हुने यो चलचित्रमा बीरेन नै नायकको भूमिकामा देखिनेछन् ।

### यतिको खोजीमा बुनाईसम्म

तेक्वान्दो आईटीएफ नेपालका संस्थापक अध्यक्ष तथा अन्तर्राष्ट्रिय ए क्लास रेफ्री लक्ष्मण बस्नेत आफ्नो कला (मार्सलआर्ट) मा चलचित्र बनाएर बुनाई पुगेका छन् । साथमा चलचित्र 'यतिको खोजीमा' बोकेर आएका बस्नेत यो चलचित्रका नायक तथा निर्माता पनि हुन् । कोरिया, मलेसिया हुँदै बुनाई आइपुगेको यो चलचित्रको प्रदर्शन बुनाईमा सफलतापूर्वक भैरहेको छ ।

### बसमा छैन यो मन

पद्मकुमारी फिल्मस् प्रा.लि.को ब्यानरमा निर्माण हुने मनोवैज्ञानिक त्रिकोणात्मक प्रेमकथामा आधारित चलचित्र 'बसमा छैन यो मन' को छायांकन सकिएको छ । भदौ ७ गतेदेखि छायाङ्कन थालिएको 'बसमा छैन यो मन' का निर्माता रिमेश अधिकारी हुन् भने यो चलचित्रमा राजवल्लभ कोइराला, नन्दिता केसी, रेजिना उप्रेती, मुकेश आचार्य, सुनिल बस्नेत, अमर बस्नेत आदि कलाकारहरूको प्रमुख भूमिका छ । राजाराम दाहालले निर्देशन गरेको 'बसमा छैन यो मन' मा सङ्गीत विनोद खुम्बु,द्वन्द्व सानुकुमार महर्जन, नृत्य समन अधिकारी तथा बब्बु थापाको छ ।



# धरानमा दुई डान्स पार्टी



**जाडोमा तातो डान्सपार्टी**

गत सोमबार तातो पार्टी अर्थात् हिट डान्सपार्टीमा धरान पूरै तात्तियो । उक्त डान्सपार्टीमा विशेष गरी धरानका व्यापारीहरू सहभागी थिए । धरानको मुटु भानुचोकछेवैको अन्डर स्लिभ क्लब बेलुकी पार्टीमा झुम्यो । व्यापारी-बुद्धिजीवीहरूको उक्त पार्टीमा उनीहरूको छुट्टै डान्सिङ स्टाइल देखियो । भानुचोकमा लगभग पहिलो पटक यस्तो पार्टी सञ्चालन भएको हो । सोमबार बेलुकीको समयमा उनीहरू सबै नाचिरहेका थिए । उनीहरूलाई नचाउन धरानका परिचित डिजे ललितलाई नै निम्तो थियो । डिजेले पार्टीमा नयाँ-नयाँ टपटेन रिमिक्स हिन्दी, अंग्रेजी र नेपाली गीतहरू घन्काएका थिए । बन्द हलमा आयोजित पार्टीमा सबै हलका हल नाच्दा बन्द कोठा नतातिने कुरै भएन । व्यापारीहरूको हलमा धरानका टिनएजर्स युवा पुस्ताको सहभागिता पनि कम थिएन । साँझ सुरु भएको डान्सपार्टी राति १० बजेसम्म चलेको थियो ।

**पार्टीमा उर्लिएको धरान**

शनिबार धरान रिक्रिएसन स्वीमिङ पुलमा पार्टीक्रेजीहरूको भीड थियो । पार्टीमा मस्ती मार्ने ध्याउन्नमा सहभागीहरू निर्धारित समयभन्दा अघि नै भेला भैसकेका थिए । धरानका युवाको नसा-नसामा बसिसकेका स्थानीय डिजे ललितको सेलेक्टेड डान्सिङ नम्बर एकपछि अर्को गर्दै नन स्टप बर्सिन थालेपछि उनीहरू मस्त भए । डिजेले पनि डान्सपार्टीमा आएका पार्टीक्रेजीहरूको च्वाइस बुझेर निकै राम्रा-राम्रा हिट गीत प्रस्तुत गरेका थिए । पार्टीमा लगातार नाचिरहँदा कात्तिक महिनामा सुरु भएको जाडोले उनीहरूलाई छुन सकेन । स्वीमिङ पुलको बन्द हलमा आयोजित डान्स पार्टीमा आमन्त्रित विन्दास पार्टीक्रेजीहरू पूरै असिन-पसिन भएका थिए । मेघा मुभिज प्रोडक्सन हाउसको प्रस्तुति रहेको उक्त बिजनेस प्रोमोट पार्टीमा उपस्थित सबै डिजेको तालमा शरीर हल्लाइरहेका देखिन्थे । बेलुकी छ बजे प्रारम्भ भएको डान्सपार्टी मध्यरातसम्म चलेको थियो ।






## श्रीमान्लाई भाइ देख्न थालेपछि



हलिउडमा कार्यरत चलचित्रकर्मी कुनै न कुनै रूपमा विवाद चर्चामा आउनु सामान्य भैसकेको छ । कोही विवादास्पद कुरा बोलेर विवादमा आउँछन् भने कोही अनौठो कार्य गरेर चर्चामा आउँछन् । पछिल्लो समयमा एक हलिउड नायककी पूर्वश्रीमतीको अभिव्यक्ति चर्चामा छ । युवतीहरूका प्रेमी नायक ज्यूड लककी पूर्वश्रीमती स्याडी फ्रस्टले हालै एउटा पत्रिकालाई अन्तर्वार्ता दिँदै आफ्ना पूर्व श्रीमान् उनलाई अहिले आफ्नै भाइजस्तो लाग्न थालेको बताएकी छिन् । सन् २००३ मै सम्बन्ध-विच्छेद गरेको यो जोडीको आपसी सम्बन्ध कहिल्यै सुखद रहन सकेन । ग्राजिया पत्रिकाले जनाएअनुसार स्याडीले अहिले ज्यूडलाई भाइकै रूपमा हेर्न थालेकी छिन् । पूर्व श्रीमान्लाई भाइका रूपमा देख्न थालेपछि उनीहरूको आपसी सम्बन्ध पनि सुधारिएको छ । ४४ वर्षीया स्याडी तीन सन्तानकी आमा हुन् । अचम्म के छ भने तीनै जना सन्तानका बुबा ज्यूड नै हुन् ।

## निर्वस्त्र हुन तयार



जेम्स बोन्डको अघिल्लो चलचित्र 'क्यासिनो रोयल' व्यावसायिक रूपमा सफल भएपछि नायिका इभा ग्रीन पनि स्थापित भइन् । फ्रान्समा जन्मिएकी तथा लन्डनमा बसोबास गर्न रुचाउने ग्रिनले सन् २००३ मा प्रदर्शन भएको चलचित्र 'द ड्रिमर्स' बाट डेब्यू गरेकी थिइन् । आफ्नो पहिलो चलचित्रमै धेरै नग्नदृश्य दिएका कारण उनी विवादमा समेत परेकी थिइन्, तर 'क्यासिनो रोयल' सफल भएपछि चलचित्र निर्देशक तथा दर्शकले पनि उनको विगतको विवाद बिर्सिए । २००६ मा प्रदर्शन भएको 'क्यासिनो रोयल' पछि ग्रीनका कुनै पनि चलचित्र सफल भएका छैनन् । यसबीच ग्रिनले एउटा अभिव्यक्ति दिएर हलिउडकर्मीलाई समेत आश्चर्यमा पारेकी छिन् । आफ्नो अनुहारको सुरक्षाका लागि सदैव सशंकित रहने ग्रीनले हाले मात्र क्यामेराको अगाडि आफूले लगाएका सबै पहिरन फुकाल्न कुनै समस्या नरहेको बताएकी छिन् । 'फिमेल फर्स्ट' पत्रिकालाई यी २९ वर्षीया नायिकाले भनेकी छिन्– 'म आफनो चरित्रमा मानवीय संवेदना मिश्रण गर्ने प्रयास गर्छु, त्यसका लागि यदि निर्वस्त्र हुनुपर्‍यो भने पनि मलाई स्वीकार्य हुनेछ ।'

## चलचित्रका लागि मदिरा त्याग



हलिउड नायिका केट हडसनले चलचित्र 'अर्थ बाउन्ड' मा काम गर्न मदिरापान त्याग गरेकी छिन् । वास्तवमा केटले यो चलचित्रमा एउटी त्यस्ती महिलाको भूमिका निर्वाह गर्दैछिन् जो निकै बिमारी हुन्छिन् । उपचारकै क्रममा उनी डाक्टरसँग प्रेम गर्न थाल्छिन् । उक्त भूमिका निर्वाह गर्नका लागि केटले आफ्नो तौल घटाउनुपर्ने थियो । चरित्रलाई जीवन्त बनाउने उद्देश्यले केट निकै उत्साहित थिइन् । तौल कम गर्न कसैले केटलाई मदिरापान तथा उच्च क्यालोरियुक्त खाना त्याग्ने सुझाव दियो । त्यो सुझाव पाएपछि नै केटले मदिरापान त्यागेको बताइन्छ । पियक्कड नायिकाका रूपमा परिचित केटका लागि मदिरापान त्याग्नु चुनौतीपूर्ण थियो, तर आफ्नो भूमिकाका लागि उनले त्यो चुनौती पनि पार गरेकी छिन् । मदिरापान त्यागेको छोटो समयमै केटको तौल घट्न मात्र थालेको छैन, चलचित्रको भूमिकाका लागि सुहाउँदो पनि भैसकेको छ । अहिले उनी वास्तविक जीवनमा पनि रोगी महिलाझैं देखिएकी छिन् ।




## ऋत्विकसँग मल्लिका ?

कस्तो देखिएला बलिउडका एक 'ह्यान्डसम हिरो' ऋत्विक रोशन र 'सेक्स सिम्बोल' मल्लिका शेरावतको जोडी ? यी दुई एउटै चलचित्रमा आउने सम्भावना छ, त्यो पनि ऋत्विकका निर्देशक तथा निर्माता पिता राकेश रोशनको उपस्थितिमा । ऋत्विक, राकेश र मल्लिका हालै अमेरिकाको लसएन्जल्समा थिए । हिपहप संगीतका उत्पादक रसेल सिमोन्सले 'हेलोइन नाइट'का अवसरमा दिएको पार्टीमा यी तीनै जना आमन्त्रित थिए । जहाँ ज्याकी चाइद्वारा अभिनीत चलचित्र 'रस आवर'का निर्देशक ब्रेट र्‍याट्नर तथा अमेरिकन चलचित्रका परिचित व्यक्तित्व स्टान लथान पनि थिए । लथान मल्लिकाद्वारा अभिनीत हलिउड तथा बलिउड चलचित्र 'हिस्स'का एक निर्माता पनि हुन् । जहाँ 'हिस्स'का बारेमा कुराकानी हुनु स्वाभाविक थियो । मल्लिका अर्को एक हलिउडको चलचित्रमा पनि अभिनय गर्दैछिन् भन्ने कुरा पनि त्यहाँ खोलियो । ऋत्विकको आगामी चलचित्र 'काइट्स'का बारेमा पनि त्यहाँ कुरा चल्यो । अंग्रेजी नयाँ वर्षमा यो चलचित्र सार्वजनिक गर्ने तयारी भैरहेको छ । उक्त जमघटमा र्‍याटनर र सिमोन्स बलिउडकी 'सेक्सी' नायिका शेरावतप्रति निकै आकर्षित देखिन्थे । ऋत्विक पनि के कम ? उनी शेरावतको खाना खाने तरिकालाई चुट्किलाका रूपमा सुनाएर हँसाइरहेका थिए । 'बलिउड मिट्स हलिउड'को उक्त जमघटमा अनौपचारिक ढंगबाट बलिउडका ती दुई हस्ती मल्लिका र ऋत्विकलाई लिएर चलचित्र निर्माण गर्न सक्ने सम्भावना सुनाउन थाले । हलिउडका पापाराजी फोटोग्राफर तथा रिपोर्टरहरूको दृष्टिबाट त्यो जमघट लुक्न सकेन र गसिपका रूपमा बाहिर आयो । मल्लिका र ऋत्विकको 'अनस्किन केमेस्ट्री' कस्तो देखिएला ?



खै, म के भन्न सक्छु र ? यो प्रश्न प्रकरण गर्ने डिजेहरूसँगै सोध्नु बेस होला । पेसा एउटै भए पनि सबैलाई एउटै तराजुमा राख्नुचाहिँ हुँदैन ।

**–डिजे राजु**

कस्तो गाह्रो प्रश्न... : प्राणी भएपछि जसले पनि यौनक्रीडा गरेकै हुन्छ । मानिसले पनि जुनसुकै पेसामा भए पनि यौन अनुभव बटुलेकै हुन्छ । गल्ती यति मात्र हो कि उनीहरूले आफ्नो यौनकार्य खिचे र त्यो कुनै माध्यमबाट सार्वजनिक भयो । त्यस्ता भिडियो अरू पेसाकर्मीका पनि छन्, डिजेहरूकै भिडियोमा किन बढी चासो ?

**–डिजे बीम्यान**

खै कुन रूपमा लिने ? त्यो उनीहरूको पर्सनल भिडियो हो । त्यस्तो भिडियो उनीहरूले मात्र होइन, अरूले पनि खिचेका छन् । उनीहरूका यौनसाथी चर्चित अनुहार भएकाले ती भिडियो चर्चामा आएमा मात्र हुन् अनि ती दुवै डिजे हुनु एउटा संयोग मात्र हो ।

**–डिजे सुर**

त्यो उनीहरूको लापरवाही हो । जसको सजाय भगवान्ले उनीहरूलाई दिइसकेका छन् । ती डिजेले त्यसो गरे भन्दैमा सबै डिजेलाई उस्तै आँखाले हेर्नु ठीक होइन ।

**–डिजे किरण**

यो प्रश्न मसँग धेरैले सोधे । डिजेको काम भनेको मनोरञ्जन गराउनु हो । त्यसैले पहिलेदेखि नै मानिसहरूले डिजेले त मस्ती गर्छ होला भनेर अड्कल काटेको सुन्थेँ । झन् त्यो भिडियोले त त्यस्तो अड्कल काट्नेहरूलाई सजिलो बनाइदियो । मेरो विचारमा एक-दुई जनाले त्यसो गरे भन्दैमा सबै डिजे त्यस्तै छन् भनिहाल्नचाहिँ मिल्दैन ।

**–डिजे भाइभ**



## केवल एक प्रश्न

**बजार तताएका दुई भिडियो प्रकरणमा दुई जना डिजे (डिस्को जक्की) सामेल भएको पाइयो । तपाईं पनि डिजे भएकाले यसलाई कुन रूपमा लिनुभएको छ ?**

# गाडी



शिव श्रेष्ठ
(नायक)

## ● मेरो अनुभव ●

मैले लिएका गाडीहरूमा म सुजुकीको सेतो जीप निकै मिस गर्छु । त्यो जीप परिबन्दमा परेर बेच्नुपरेको थियो । सात वर्षजति चलाएको त्यो जीपको माया अझै पनि लाग्छ । कतै भेटियो भने फेरि किन्छु । त्यतिखेर म चलचित्रमा काम गर्ने क्रममा पाकिस्तान निकै बस्थें । काठमाडौं आउने-जाने भैरहन्थ्यो । साउना बाथका लागि नियमित लाजिम्पाट पुग्थें । त्यहाँ एक जना भाइ आउँथे । उनी जहिले पनि 'दाइ, जीप कहिले बेच्ने ? बेच्ने बेला मलाई सम्झनु है ?' भनिरहन्थे । मलाई भने जीप बेच्न मन नै थिएन । एक दिन जगत गौचनले मलाई भेट्न बोलाए । ती भाइ उनका भान्जा रहेछन् । उनले भाञ्जाले अति जिद्धि गरेकाले जीप उसलाई बेच्न भन्नु भयो । म पनि धेरै समयका लागि पाकिस्तान बस्नुपर्ने भयो । फेरि ती भाइले निकै कर गरिरहेको देखेर मन मारेर भए पनि त्यो जीप उनलाई दिएँ । एमाउन्ट पनि राम्रै दिएका थिए । केही समय काठमाडौंका सडकमा देखेको थिएँ, अचेल कता पुग्यो थाहा छैन ।

मैले १६ वर्षको उमेरमा गाडी चलाउन सिकेको थिएँ । विराटनगरमा सानो बुबाको डाइह्याटसु कारबाटै मैले सिकेको हुँ । उहाँको ड्राइभर नारायण दाइ मलाई कार सिकाउने गुरु हो । 'कान्छी' पछि आफ्नै कार किन्नुपर्ला भन्ने लागेर पिजो गाडी किनेको थिएँ । त्यो कार दुई वर्षजति चलाएँ अनि त्यही सुजुकीको सेतो जीप किनेको थिएँ । सात वर्ष पछि त्यसलाई बेचेर ८ सय सीसीको फियट कार चलाउन थालेँ । त्यो पनि चित्त बुझेन अनि टोयोटा कोरोला चढेँ । सात वर्षजति त्यो कार चलाएँ । फेरि एक वर्षजति सेन्ट्रो चढें । अहिले मसँग सुजुकीको जीप छ ।

पहिले-पहिले काठमाडौंमा कार चलाउन मज्जा आउँथ्यो । अहिले त ट्राफिक जाम, बिग्रिए-भत्किएका बाटोले गर्दा कहिलेकाहीं बेकारमा कार चढेछु जस्तो लाग्छ । मलाई लाग्छ, अहिले गाडी किन्नु नै बेकार हो । मानिसहरू लंगडा सोखका लागि कार किनिरहेका छन् । कार भनेको सुविधाका लागि हो, सोखका लागि होइन । फेरि काठमाडौंमा बसेर गाडी चढ्ने सोख गर्नु बेकार हो । यहाँ गाडी चलाउनका लागि न्यूनतम सुविधा पनि छैन । गाडी लिएर म चार-पाँच पटक विराटनगर पनि पुगेको छु । बरु हाइवेमा गाडी चलाउँदा मज्जा आउँछ । काठमाडौंमा त आफूले गल्ती नगरे पनि अरूले आएर ठोक्काइदिन्छन् । म रिसमा पनि गाडी हुइँकाएर चलाउँदिनँ । मलाई त ह्यामर गाडी चलाउने रहर छ । काठमाडौंमा चलाउन त सकिँदैन, तर विदेशमा गएको बेला चढेर भए पनि चित्त बुझाएको छु ।







तस्बिर : ठिकठाक डटकम

## • तीन प्रश्न •

टेलिश्रृंखला 'विमान चालक' मा निर्देशक तथा नायकको भूमिका निर्वाह गर्दै सानो पर्दामा देखिन थालेका दिनेश डिसीले बितेको डेढ दशकको अवधिमा टेलिभिजनका लागि धेरैवटा कार्यक्रम तयार पारिसकेका छन्। उनले निर्देशन गरेको हास्य-व्यंग्यात्मक कार्यक्रम 'ट्वाक्क-टुक्क' लाई दर्शकले मात्र होइन, त्यसमा अभिनय गर्ने कलाकारले समेत अहिलेसम्म बिर्सन सकेका छैनन्। दर्जनौं स्टेज शोमा प्रभावकारी उद्घोषण गरिसकेका डिसीले 'एलजी चौधरी क्वीज-ह्वीज' कार्यक्रमबाट पनि राम्रो लोकप्रियता पाएका थिए। अहिले पनि उनले उद्घोषण तथा निर्देशन गरेको गेम शो 'क्लिक-क्लिक' नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको छ। 'सावधान' तथा 'दाइको ससुराली' शीर्षकका दुई चलचित्र निर्देशन गरिसकेका डिसीले भर्खरै मात्र एउटा नयाँ हास्य श्रृंखला 'कहिले होला' तयार पारेका डिसी एउटा अर्को नयाँ कार्यक्रममार्फत दर्शकमाझ आउने भएका छन्। मंसिरको तेस्रो सातादेखि नेपाल टेलिभिजनबाटै प्रसारण हुने रियालिटी शो 'खोजी प्रतिभाको' निर्देशन तथा उद्घोषण गर्ने डिसीसँग साप्ताहिकको तीन प्रश्न :

**प्रसारणको तयारीमा रहेको 'खोजी प्रतिभाको' कस्तो प्रकारको कार्यक्रम हो ?**

यो एउटा रियालिटी शो हो । प्रतिभा भएर पनि त्यसलाई प्रस्फुटन गर्न नपाइरहेकाहरूले गायन, नृत्य तथा अभिनयमार्फत आफूलाई प्रमाणित गर्ने एउटा प्लेटफर्म हो । तीनवटै विधाबाट एक-एक जना प्रतिभाशाली कलाकार जन्माउनु कार्यक्रमको उद्देश्य हो ।

**कार्यक्रमबाट दर्शकले कत्तिको मनोरञ्जन पाउलान् ?**

जुन कार्यक्रममा गीत-संगीत, नृत्य तथा अभिनय हुन्छ, त्यहाँ मनोरञ्जन नहुने त कुरै भएन । अर्को कुरा, हामीले कार्यक्रम दर्शकहरूकै लागि निर्माण गरेकाले उनीहरूले सकेसम्म धेरै मनोरञ्जन प्राप्त गर्न पाउन् भन्ने लक्ष्यका साथ कार्यक्रम निर्माण भैरहेको छ ।

**कार्यक्रमको कुनचाहिं पक्ष सबैभन्दा आकर्षक होला ?**

एक दर्जन सेलिब्रेटी निर्णायकमा रहेको यो कार्यक्रमको सबैभन्दा रोचक पक्ष गायन प्रतिभाको प्रतिस्पर्धा हुनेछ । यसबाहेक नृत्य तथा अभिनयको प्रतिस्पर्धालाई पनि हामीले आकर्षणकै रूपमा लिएका छौं ।

## जम्का भेट



संगम चौक, हेटौंडाकी स्थायी बासिन्दा ऋचासिंह ठकुरी अबको केही महिनापछि नै नयाँ नेपाली नायिकाका रूपमा दर्शकमाझ आउँदैछिन्। विकास आचार्यद्वारा निर्देशित दोस्रो चलचित्र 'नाइँ नभन्नु ल' मार्फत नायिकाका रूपमा दर्शकमाझ आउन लागेकी ऋचाले त्यसअघि आधा दर्जन म्युजिक भिडियोमा अभिनय गरेकी थिइन्। करिब छ महिनाअघि दरबारमार्ग, काठमाडौंको एउटा रेस्टुराँमा आइसक्रिम खाइरहेको बेला म्युजिक भिडियो निर्देशक प्रसन्न पौडेलले नयाँ भिडियोको मोडल बन्न प्रस्ताव राख्दासम्म उनलाई अभिनयमा करियर बनाउँछु भन्ने कुराको हेक्कासमेत थिएन। प्रसन्नको प्रस्ताव स्वीकार्दै उनले गायक भरत सिटौलाको 'हरेराम...' मा अभिनय गरिन्। लगत्तै अञ्जु पन्तको 'तिमीले पराई ठाने पनि...', सजल न्यौपानेको 'एक वाक्य', धर्मेन्द्र सेवानको 'मनै त हो...' आदि भिडियोमा अभिनय गरिन्। ऋचाले अभिनय गरेका म्युजिक भिडियो टेलिभिजनबाट प्रसारण भएकै थिएनन्, निर्देशक विकास आचार्यले प्रसन्नसँग नयाँ नायिकाको खोजी भैरहेको जानकारी दिए। प्रसन्नले पनि ऋचाकै सिफारिस गरिदिए। 'नाइँ नभन्नु ल' का लागि नायक जीवन लुइँटेलको जोडी खोजिरहेका आचार्यले ऋचालाई नायिकाका रूपमा मन पराए र लगत्तै चलचित्रको छायांकन पनि प्रारम्भ भयो। ५ फिट ५ इन्च अग्ली, धोबीघाट, ललितपुरमा बसिरहेकी ऋचासँग *साप्ताहिक* संवाददाता *कृष्ण भट्टराई*को जम्काभेट :

**म्युजिक भिडियोबाट ठूलो पर्दाको नायिका बन्न पाउँदा कस्तो अनुभव भैरहेको छ ?**

ज्यादै खुसी लागिरहेको छ । हेटौंडाबाट घुम्नका लागि काठमाडौं आएकीले म्युजिक भिडियोमा अभिनय गर्ने कुनै योजना थिएन, तर अचानक म्युजिक भिडियो हुँदै चलचित्र नायिकासम्म बन्न पाउँदा खुशी नलाग्ने कुरै छैन ।

**चलचित्रमा कस्तो भूमिका निर्वाह गर्दै हुनुहुन्छ ?**

प्रेमकथामा आधारित यो चलचित्रमा मुख्य नायिकाको भूमिका निर्वाह गर्दैछु। चलचित्र प्रदर्शन भएपछि दर्शकले मलाई नयाँ नायिकाका रूपमा मन पराउनुहुनेछ भन्ने कुरामा ढुक्क छु।

**जीवन लुइँटेलसँगको जोडी कत्तिको जमेको छ ?**

छायांकनका क्रममा खिचिएका दृश्य तथा तस्बिरहरू हेर्दा त जमेकै जस्तो लाग्छ । उमेरका हिसाबले पनि हामी उस्तै-उस्तै भएकाले काम गर्न गाह्रो भएन । जीवनजीले हरेक दृश्यमा मलाई सहयोगका साथै हौसला पनि प्रदान गर्नुभयो ।

**नयाँ नायिकाहरूको त शोषण पनि गरिन्छ भन्छन् नि ?**

मैले पनि त्यस्तै सुनेकी थिएँ तर तपाईंलाई अचम्म लाग्छ होला निर्देशक विकास आचार्यलाई मैले अभिनयको गुरु मानेर पूजा गरेकी छु । गुरुले चेलीको शोषण गरेको त अहिलेसम्म सुनिएको छैन ।

**भविष्यमा चलचित्रलाई नै निरन्तरता दिने सम्भावना कत्तिको छ ?**

म्युजिक भिडियोको अभिनयलाई निरन्तरता दिइ नै रहेकी छु। जहाँसम्म चलचित्रको कुरा छ, 'नाइँ नभन्नु ल' प्रदर्शन भएर त्यसको प्रतिक्रिया आएपछि मात्र यसैमा सक्रिय रहने कि अर्को क्षेत्र रोज्ने भन्ने निर्णय गर्नेछु।

## • सानो पर्दा •

### राम र लक्ष्मीको जोडी

हास्य श्रृंखला 'तीतो-सत्य' मा छुच्ची सासूको भूमिका निर्वाह गरेर दर्शकको मन जितेकी कलाकार लक्ष्मी गिरी लामो समयको अन्तरालपछि पुन: सानो पर्दामै फर्किएकी छिन् । यसपटक उनलाई दर्शकले 'मेरी बास्सै' श्रृंखलामा देख्न पाएका छन् । यो श्रृंखलामा उनी कलाकार रामचन्द्र अधिकारीकी जेठी श्रीमतीको भूमिकामा छिन् । अधिकारी विगत एक महिनादेखि यो श्रृंखलामा व्यस्त छन् । रामचन्द्र तथा लक्ष्मीलाई जोडी बनाएर प्रस्तुत गर्दा दर्शकबाट पनि सकारात्मक प्रतिक्रिया पाइरहेको श्रृंखलाका निर्देशकद्वय सीताराम कट्टेल तथा केदार घिमिरेले बताए ।

### साझा पृथ्वीको लोकप्रियता

कान्तिपुर टेलिभिजन तथा नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको मह सञ्चारद्वारा निर्मित नयाँ श्रृंखला 'साझा पृथ्वी' लोकप्रिय भएको छ । कान्तिपुर टेलिभिजनमा शुक्रबार राति नौ बजे तथा नेपाल टेलिभिजनबाट मंगलबार राति ८:५० बजे प्रसारण भैरहेको यो श्रृंखला मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यको निर्देशनमा तयार भएको हो । चितवन राष्ट्रिय निकुञ्ज तथा सौराहा क्षेत्रमा छायांकन गरिएको यो श्रृंखलाले वन्यजन्तु संरक्षणसम्बन्धी सामाजिक सन्देश बोकेको छ । श्रृंखलामा मदनकृष्णले गाउँले अगुवाको भूमिका निर्वाह गरेका छन् भने हरिवंश वन्यजन्तु सिकारीको भूमिकामा छन् । श्रृंखलामा किरण केसी, सिरु विष्ट, दीपक अधिकारी, राजु भुजू आदि कलाकारले पनि उल्लेख्य भूमिका निर्वाह गरेका छन् ।

### नेपाल वानमा मृगतृष्णा

सागर लामिछानेको निर्देशनमा तयार पारिएको नयाँ टेलिश्रृंखला 'मृगतृष्णा' को प्रसारण प्रारम्भ भएको छ । कात्तिक २९ गते आइतबार प्रसारण प्रारम्भ भएको यो श्रृंखला प्रत्येक आइतबार राति नौ हेर्न पाइनेछ । जीवन थापाले निर्माण गरेको यो श्रृंखला पारिवारिक कथामा आधारित छ । श्रृंखलामा दीपक त्रिपाठी, जीवन थापा आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन् । श्रृंखला ५२ भाग लामो हुने निर्देशक लामिछानेले बताए ।



## • विदेशबाट •

### सर्वाधिक कमाउने टेलिभिजनकर्मी

बेलायती मूलका कलाकार साइमन कोवेल अमेरिकी टेलिभिजन जगत्का सबैभन्दा बढी कमाउने टेलिभिजनकर्मी बनेका छन् । उनको वार्षिक आम्दानी ५० मिलियन पाउन्ड छ । ५० वर्षीय साइमनले जून २००८ देखि जून २००९ का बीच ५० मिलियन पाउन्ड कमाएका हुन् । साइमन रियालिटी शो 'एक्स फ्याक्टर' को निर्णायकका अतिरिक्त 'अमेरिकी आइडल' र 'अमेरिकन गट्स ट्यालेन्ट' का निर्माता हुन् । फ्रोब्सद्वारा जारी एउटा सूचीमा उनको आम्दानीको स्रोत पनि समावेश गरिएको छ । उनले म्युजिक पब्लिसिङबाट गर्ने आम्दानी पनि यसैमा जोडिएको छ । उनको काबेल्स साइको रेकर्ड कम्पनीमा पूर्व एक्स फ्याक्टर विजेता लिओना लेविस तथा ब्रिटिस गट्स ट्यालेन्टका विजेता पौल पोट्स पनि सहभागी छन् । उक्त सूचीको दोस्रो स्थानमा डोनाल्ड ट्रम्प छन् । उनको वार्षिक आम्दानी ३० मिलियन पाउन्ड छ । यसैगरी रिआन सेक्रेट्स २३ दशमलव ७ मिलियन आम्दानी गर्दै तेस्रो स्थानमा छन् ।

### ठूली हुँदैछिन् अन्तरा



जिटिभीबाट प्रसारण भैरहेको हिन्दी धारावाहिक 'आपकी अन्तरा' हेरिरहेका दर्शकलाई एउटा सुखद समाचार । अन्तरा अब ठूली भएकी छिन् । यसअघि अन्तरालाई सानी बालिकाका रूपमा प्रस्तुत गरिएको थियो । किशोरी अन्तराको भूमिका आयना मेहताले निर्वाह गर्ने भएकी छिन् । बालिकाबाट किशोरीसम्म पुग्दा अन्तरामा खासै परिवर्तन आएको देखाइनेछैन, उनको आचरणमा मात्र सामान्य परिवर्तन आउनेछ । अन्तराकी सौतेनी आमा विद्या आफ्नो गर्भपतन भएपछि अन्तरालाई माया गर्न थाल्छिन् । अब अन्तरा तथा विद्याबीचको दूरी कसरी कम हुन्छ भन्ने कुरा दर्शकका लागि रोचक हुनेछ । चुपचाप बस्ने अन्तरा अब केही बोल्न थाल्नेछिन् । अन्तरा किशोरी हुँदै उनका सौतेनी भाइ अभिषेकको भूमिका साहिल तथा उनका साथी बिल्लूको भूमिका सन्दीप उपाध्यायले निर्वाह गर्नेछन् ।

# कुर्बान



आज शुक्रबार सार्वजनिक हुने बलिउड चलचित्र 'कुर्बान' मा रियल लाइफका रोमान्टिक जोडी सैफअलि खान तथा करिना कपुरले मुख्य भूमिका निर्वाह गरेका छन् । थ्रिलरको श्रेणीमा राखिएको यो चलचित्रमा सैफ तथा करिनाका अतिरिक्त विवेक ओबराय, दिया मिर्जा, किरण खेर तथा ओम पुरीले पनि मुख्य भूमिका निर्वाह गरेका छन् । करण जौहरले निर्माण गरेको यो चलचित्रको निर्देशन रेन्सिल डि'सिल्भाले गरेका हुन् । सलिम-सुलेमानद्वारा संगीतबद्ध यो चलचित्रका लागि सोनु निगम, श्रेया घोसाल, सलिम मर्चेन्ट, सुखविन्दर सिंह, कैलाश खेर तथा नायिका करिना कपुरले स्वर प्रदान गरेका छन् । चलचित्रको कथा करण जौहर तथा रेन्सिल डि'सिल्भाले तयार पारेका हुन् ।

सैफअलि तथा करिना कपुरले यो चलचित्रमा प्रेमी-प्रेमिका तथा पछि श्रीमान्-श्रीमतीको भूमिका निर्वाह गरेका छन् । चलचित्रको कथाअनुसार अमेरिकाको राजधानी न्युयोर्कमा साइकोलोजीकी प्रोफेसर अवन्तिका (करिना) आफ्ना बिमारी बुबाको हेरचाहका लागि भारत आउँछिन् । भारतमा उनको भेट अहसान (सैफअलि) सँग हुन्छ जो एउटा विश्वविद्यालयमा अध्ययनरत छन् जहाँ अवन्तिका अस्थायी रूपमा पढाउन थाल्छिन् । दुवैबीच प्रेमसम्बन्ध गाँसिन्छ । छोरीको खुसीका लागि अवन्तिकाका बुवाले अहसानलाई स्वीकार गर्छन् । दुवैको विवाह हुन्छ । त्यसपछि उनीहरू अमेरिका फर्कन्छन् । त्यहाँ पुगेर अवन्तिकाले आफ्ना श्रीमान्का लागि एउटा जागिर खोजिदिन्छिन् । छिमेकीका रूपमा उनीहरूले एउटा रुढिवादी मुस्लिम परिवार फेला पार्छन् । अवन्तिकालाई छिमेकीको क्रियाकलाप सहज लाग्दैन, साथै उनलाई आफ्ना श्रीमान्को गतिविधिप्रति पनि शंका उत्पन्न हुन्छ । एउटी साथीमार्फत अवन्तिकाले आफ्ना श्रीमान् आतंकवादीहरूका लागि काम गरिरहेको रहस्य पत्ता लगाउँछिन् । अवन्तिकाले आफ्ना श्रीमान्का बारेमा सोच्दै नसोचेको रहस्य पत्ता लगाएपछि चलचित्रको कथाले नयाँ मोड लिन्छ । चलचित्रमा करिना तथा सैफबीचको चुम्बन दृश्यले दर्शकलाई रोमाञ्चक बनाउन सक्छ । चलचित्रको यो चुम्बनलाई अहिलेसम्मकै सबैभन्दा लामो चुम्बन दृश्यका रूपमा प्रचार गरिएको छ । यसबाहेक चलचित्रमा उनीहरूको कामुक बेड सिन पनि समावेश छ ।

# द ब्लाइन्ड साइड



हलिउडको नयाँ चलचित्र 'द ब्लाइन्ड साइड' को सार्वजनिक प्रदर्शन आज शुक्रबार प्रारम्भ हुँदैछ । जोन लि हेन्ककद्वारा निर्देशित यो चलचित्रमा शान्द्रा बुलक, टिम म्याकग्र, क्विन्टन आरोन, लिली कोलिन्स, रे म्याकिनोन आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन् । वार्नर ब्रोज पिक्चर्सले विश्वव्यापी वितरण गर्न लागेको यो चलचित्रको निर्माण मोल्ली स्मिथले गरेका हुन् । कमेडी, ड्रामा तथा स्पोर्ट्स श्रेणीमा राखिएको यो चलचित्र १३ वर्षभन्दा माथिका दर्शकका लागि तयार पारिएको हो । चलचित्रको छायांकन अमेरिकाको जर्जियामा गरिएको छ । चलचित्रमा एउटा अश्वेत युवकको कथालाई चित्रण गरिएको छ । अफ्रिकन-अमेरिकन परिवारका माइकल ओहर परिवारको बिखण्डनपछि टुहुराभैंm हुन्छन् । उनलाई एउटा श्वेत परिवारले हुर्काउने जिम्मा लिन्छ । नयाँ सदस्यका रूपमा माइकलको आगमनले उक्त परिवारमा खुसी छाउँछ । नयाँ परिवारका साथ नयाँ वातावरणमा माइकलले पनि नयाँ अनुभूति गर्छन् । विद्यार्थीका रूपमा रहेका माइकल फुटबल खेलाडी बन्छन् । कडा मेहनतमा विश्वास राख्ने माइकल फुटबल खेलाडीकै रूपमा चर्चित हुन्छन् । प्रशिक्षक तथा परिवारको सहयोगबाट उनी अमेरिकाकै चर्चित फुटबलर बन्न सफल हुन्छन् । एउटा खेलाडीलाई परिवार तथा प्रशिक्षकको कति हद सम्मको माया र स्नेह चाहिन्छ भन्ने यथार्थतालाई चलचित्रमा आकर्षक ढंगले चित्रण गरिएको छ ।

• चलचित्र •

# अस्तित्वको लडाइँ




मुलुकमा संघीय राज्यका सम्बन्धमा बहस भैरहेको छ । जतातत‍ै संघीयताका पक्षपाती र विरोधी मत प्रकट भैरहेका छन् । यही मेसोमा पूर्वका पुराना चलचित्रकर्मी लाखमान योञ्जनले भने जातीय संघीयताको परिकल्पनामा चलचित्र नै निर्माण गरेका छन्– 'अस्तितवको लडाइँ' ।

अस्तित्वको लडाइँले ताम्सालिङ राज्यको मागलाई उठाएको छ । नेपाल एकीकरणताका राजा पृथ्वीनारायण शाहको आक्रमणमा परी तामाङ जातिले आफ्नो थातथलो गुमाएको सन्दर्भ र अबको राज्य पुनर्संरचनामा गुमेको भू-भाग पुनः प्राप्त गर्नुपर्ने सन्देश बोकेको 'अस्तित्वको लडाइँ'ले अन्य जातजातिले पनि ऐतिहासिक आधारमा राज्य पाउनुपर्ने विषयलाई समेटेको निर्देशक लाखमान योञ्जन बताउँछन् । मूलतः संविधानसभाको गठनपछि संघीयताका बारेमा कोरिने खाकामा ताम्सालिङ राज्य प्रमुख एजेन्डा हुनुपर्ने माग गर्दै 'अस्तित्वको लडाइँ' निर्माण गरिएको हो ।

मुख्यतः ताम्सालिङ राज्यको अवधारणा किन र कस्तो हुनुपर्छ भन्ने विषयलाई केन्द्रबिन्दु बनाइए पनि यो चलचित्रमा सबै प्रकारका दर्शकले रुचाउने गरी द्वन्द्व र प्रेम पनि समेटिएको छ । अस्तित्वको लडाइँमा लीला राई, मनोहरि दाहाल, अनुप योञ्जन, लाखमान योञ्जन, राज खिम्दिम, केदार उप्रेती, भूराज श्रेष्ठ, मेनुका राई आदि कलाकारको मुख्य भूमिका छ । चलचित्रको सम्पूर्ण प्राविधिक कार्य कोसी भिजन उर्लाबारीमा सम्पन्न गरिएको हो ।



# सराह गुरुङ




सर्वाधिक बिक्री हुने
साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका
तस्बिर : साइबरसंसार डटकम

## • साताको स्वर •



### आसुसेन लामा

**मनमनै मन पराउनु... गीत कुन शैलीमा आधारित छ ?**
लोकशैलीमा आधारित भएकाले म यसलाई लोक-पप भन्न रुचाउँछु ।
**गीतको कुन पक्ष श्रोताले मन पराएका छन् ?**
गीतमा प्रयोग गरिएका शब्दहरू श्रोताको रोजाइमा परेका छन् । यसबाहेक मेरो स्वर तथा संगीत पनि श्रोताले मन पराइरहेका छन् ।
**गीतका लक्षित वर्ग को हुन् ?**
रोमान्टिक गीत भएकाले युवापुस्ताका श्रोता नै यसका लक्षित वर्ग हुन् ।
**गीतमार्फत कस्तो भावना व्यक्त गर्नुभएको छ ?**
प्रेममा पर्ने जो-कोहीले पनि आफ्नो मनको कुरा तुरुन्तै व्यक्त गर्नुपर्छ, मनमा गाँठो पारेर राख्नु हुँदैन भन्ने भावना समेटिएको छ ।
**म्युजिक भिडियो पनि लोकप्रिय भएको हो ?**
आलोक नेम्वाङको निर्देशनमा बनेको यो गीतको भिडियोले गीतलाई लोकप्रिय बनाउन थप सहयोग गरेको छ । भिडियोकै कारण श्रोताहरूले मलाई नजिकबाट चिन्न थालेका छन् ।

## • म्युजिक अपडेट •

### बरदुबईमा फाइदा

युवा गीतकार पदम किराँती राईको गीतिएल्बम 'फाइदा' बरदुबईको सी शेल इन्न होटलमा एक समारोहबीच विमोचित भएको छ । प्रवासी नेपाली पत्रकार सञ्जालका संयोजक तथा नेपाल पत्रकार महासंघ युएई सम्पर्क शाखाका अध्यक्ष जाकिर हुसेनद्वारा लोकार्पण गरिएको एल्बम 'फाइदा' का बारेमा जाकिर हुसेन, विष्णु राई, असीम महत तथा डी.आर. गुरुङले प्रकाश पारे । आठवटा आधुनिक गीत समाविष्ट भएको फाइदामा दीप श्रेष्ठ, राजेश पायल राई, जगदीश समाल, आभा मुकारुङ, पावल चाम्लिङ राई, जुना प्रसाईं तथा झुमा लिम्बूको स्वर सुन्न पाइन्छ ।

### पोखरामा कन्सर्ट

गायक राजेशपायल राई तथा शिव परियारले पोखरामा आयोजित सांगीतिक कार्यक्रममा गीत-संगीत प्रस्तुत गरेका छन् । गत शनिबार आयोजित सांगीतिक कार्यक्रममा राजेशपायलले 'दर्शन नमस्ते', 'तिमीजस्ती सुवासिली' आदि गीत गाएका थिए भने शिव परियारले आफ्ना लोकप्रिय लोकदोहारी गीत गाएका थिए ।

### द योगेश लाइभ शो

लागूपदार्थ दुर्व्यसनीको क्षेत्रमा काम गर्दै आएको संकल्प फाउन्डेसनको आयोजनामा गत शनिबार 'द योगेश इभ' शीर्षकको सांगीतिक कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा बाग्लुङबाट साउथ एसियन स्टार कार्यक्रमका लागि छैटौं प्रतिस्पर्धी योगेशकाजी बिसीले बजारमा आउन लागेको आफ्नो नयाँ गीतिसंग्रहका गीतहरू प्रस्तुत गरेका थिए । उमंगका लागि संगीत भन्ने नाराका साथ आयोजना गरिएको सांगीतिक कार्यक्रमबाट संकलन भएको रकम लागूऔषध दुर्व्यसन नियन्त्रण तथा गायक बीसीको नयाँ गीतिसंग्रहका लागि खर्च गरिनेछ ।

### फर्किए सुदीप र कन्हैया

सांगीतिक कार्यक्रमका क्रममा अमेरिका गएका दुई गायक स्वदेश फर्किएका छन् । पप गायक सुदीप गिरी करिब छ महिना लामो सांगीतिक यात्रा टुंग्याएर गत साता स्वदेश फर्किएका हुन् भने अर्का गायक कन्हैया सिंह करिब एक वर्षपछि स्वदेश फर्किएका हुन् । अमेरिका रहँदा गायक गिरीले आफ्नो नयाँ गीतिसंग्रह 'कथा' को विमोचन गराउनुका साथै एक दर्जन सहरमा एकल गायन प्रस्तुत गरेका थिए । गायक सिंहले पनि त्यहाँका नेपाली संस्थाहरूले आयोजना गरेका कार्यक्रममा गीत-संगीत प्रस्तुत गरेका थिए ।

### शशिको संग्रह

गायक शशि थापाले गाएका आधुनिक गीतहरूको संग्रह सौन्दर्यको विमोचन सम्पन्न भएको छ । गत शनिबार कपन संगीत सरोबरले आयोजना गरेको एउटा सांगीतिक समारोहमा वरिष्ठ संगीतकर्मी अम्बर गुरुङले उक्त संग्रह विमोचन गरेका हुन् । विमोचन समारोहमा सरोबरले सांगीतिक कार्यक्रम पनि आयोजना गरेको थियो । सांगीतिक कार्यक्रममा गायक थापाले आफ्नो विमोचित संग्रहका केही गीत गाएका थिए ।

### नयाँ वर्षमा सांगीतिक कार्यक्रम

नयाँ नेपाल वर्षको अवसरमा नेवा: जागरण संकिपा मञ्चले गत शनिबार राजधानीमा एउटा सांगीतिक कार्यक्रम सम्पन्न गर्‍यो । 'नेवा: संगीत नाइट' शीर्षकको सांगीतिक कार्यक्रममा मदनकृष्ण श्रेष्ठ, भीम तुलाधर, विकास श्रेष्ठ, विजयमान सिंह तुलाधर, रीता महर्जन, माणिक शाही, गोविन्द ह्युमत, मारुनी भण्डारी, ऐश्वर्य स्थापित, सानुबाबु महर्जन, पवनराज बज्राचार्य, लसता जोशी, हरिशरण सायमी आदि गायक-गायिकाले नेपाल भाषाका लोकप्रिय गीतहरू प्रस्तुत गरेका थिए ।

### सबिनाको सर्वदा तयारी

गायिका सबिना कार्की नयाँ गीतिसंग्रह 'सर्वदा' मार्फत श्रोतामाझ आउने भएकी छिन् । करिब सात वर्षअघि 'म रोएँ फूलै रोयो' गीत रेकर्ड गरेर सांगीतिक क्षेत्रमा आएकी सबिनाले दोस्रो एकल गीतिसंग्रहको शीर्षक 'सर्वदा' राखेकी छिन् । आधुनिक, पप, मेलोडियस तथा राष्ट्रिय भावना समेटिएका १० वटा गीत संग्रहमा समावेश गर्ने तयारी भैरहेको उनले बताएकी छिन् । तीन वर्षअघि 'सिमल' शीर्षकको पहिलो गीतिसंग्रह सार्वजनिक गरेकी सबिनाले हालसम्म आधुनिक, भजनलगायत दुई दर्जनभन्दा बढी गीतमा स्वर प्रदान गरिसकेकी छिन् ।

### राष्ट्रिय गीत अनिवार्य ?

नेपाल सरकारले सरकारी तथा अर्धसरकारी कार्यालयले आयोजना गर्ने औपचारिक कार्यक्रमको प्रारम्भमा राष्ट्रिय गीत तथा धुन अनिवार्य रूपमा बजाउनुपर्ने नियम लागू गर्ने भएको छ । गृह मन्त्रालयले औपचारिक कार्यक्रममा राष्ट्रिय गीत तथा धुन बजाउनु अनिवार्य गर्नका लागि सबै मन्त्रालय, कार्यालय, संस्थान तथा सरकारी स्वामित्वमा रहेका निकायलाई निर्देशनसहितको पत्राचार गर्न प्रस्ताव गरेको छ ।

### रोधीघरमा गायन र नृत्य

राजधानीमा सञ्चालित निरमाया रोधीघरको शाखाका रूपमा बेलायतमा स्थापना गरिएको रोधीघरको सांस्कृतिक कार्यक्रममार्फत औपचारिक थालनी गरिएको छ। अघिल्लो साता लन्डनस्थित रोधीघरमा आयोजित सांस्कृतिक कार्यक्रममा काठमाडौंबाट गएका हास्यकलाकार जितु नेपाल तथा अभिनेता दिलीप रायमाझी सहभागी भए । रोधीघरको उद्घाटन समारोह भएकाले दर्शक हँसाउने जितु तथा नृत्यमा पारंगत दिलीपले समेत गीत-संगीत प्रस्तुत गरेका थिए । कार्यक्रममा उनीहरूले 'कलकत्ते काइँयो...' गाएर उपस्थित दर्शकलाई मनोरञ्जन प्रदान गरेका थिए । लन्डनस्थित उक्त रोधीघर हप्तामा चार दिन सञ्चालन हुनेछ ।

### गायक अब संगीतकार

सुगम पोखरेल, सत्यराज आचार्य तथा स्वरूपराज आचार्य गायकका रूपमा स्थापित छन् । पछिल्लो समयमा उनीहरूलाई चलचित्र संगीतकारको उपाधि पनि प्राप्त हुन थालेका छ । आचार्य दाजुभाइ तथा सुगम अचेल आफ्नो स्वरमा गीत रेकर्ड गरेर बचेको समय नेपाली चलचित्रका लागि गीत-संगीत सिर्जनमा व्यस्त हुन थालेका छन् । आचार्य दाजुभाइ तीन वर्षअघि नै संगीतकार भैसकेका हुन् । योगेन्द्र श्रेष्ठको चलचित्र 'सैनिक' मा उनीहरूले पहिलो पटक संगीत दिएका थिए । त्यसपछि उनीहरूले 'सानो संसार', 'क्रसरोड', 'लेटर', 'फर्स्ट लभ', 'स्वर', 'देशले रगत मागे' आदि चलचित्रमा संगीत दिइसकेका छन् । सुगमले चाहिं चलचित्र 'मेरो एउटा साथी छ' बाट चलचित्र संगीतकारको नयाँ जिम्मेवारी पाएका हुन् । उनले हालसम्म ब्याच नम्बर सिक्सटिन, स्वर, देशले रगत मागे आदि चलचित्रका धुन तयार पारिसकेका छन् ।

### भिडियोमा सुफी संगीत

गायक डिजराज पौडेल सुफी गायनका कारण लोकप्रिय छन् । उनको दोस्रो एकल गीतिसंग्रह 'सुनैको दरबार' मा सुफी संगीतमा आधारित केही गीत समावेश छन् । सुफी संगीतमै आधारित संग्रहको 'निष्ठुरी...' गीतको म्युजिक भिडियो यसैसातादेखि प्रसारण हुन थालेको छ । प्रसन्न पौडेलद्वारा निर्देशित यो भिडियोको छायांकन एउटा दरबारमा गरिएको छ । उषा पौडेल नृत्यांगनाका रूपमा प्रस्तुत भएको यो भिडियोले दर्शकलाई नयाँ स्वाद दिएको गायक पौडेलले बताए ।

## • अफबिट •



### पुरुषका लागि पार्लर

सौन्दर्यप्रति महिला मात्र सचेत हुन्छन् भन्ने भनाइमा परिवर्तन आइसकेको छ । अब सुन्दरताका लागि पुरुषहरू पनि सचेत हुँदै पार्लर धाउन थालेका छन् । पछिल्लो क्रममा पुरुषका लागि छुट्टै हेन्डसम पार्लर खुल्न थालेपछि आफ्नो सुन्दरताप्रति पुरुषहरू पनि आकर्षित भएका छन् । यही चाहनालाई मध्यनजर राख्दै पोखराका शम्भु लिम्बूले पुरुषका लागि गुरुङ हेन्डसम सैलुन एन्ड ट्रेनिङ सेन्टर सुरु गरेका छन् ।

उक्त पार्लरको शुभारम्भ चर्चित गायक राजेश पायल राई, नेपाल पत्रकार महासंघ पश्चिमाञ्चल सभापति रवीन्द्र बाँस्तोला तथा सौन्द्रर्यविद् चिनु गुरुङले एकसाथ गरेका थिए । कार्यक्रममा गायक राईले 'सागरसरि चोखो माया' गीत पनि गाएका थिए । सांगीतिक कार्यक्रममा लागि पोखरा आएका राजेशलाई पार्लर उद्घाटनदेखि गीत रेकर्डिङ गराउने तथा अन्तर्वार्ता लिनेहरूको भीड लागेको थियो ।

## विदेशबाट

### म्याडोनाको नयाँ भूमिका

पप गायिका म्याडोना यतिबेला रियो दि जेनेरियाको यात्रामा छिन् । त्यहाँ उनले गभर्नर सेर्गियो क्याब्रालसँग केही सोसियल प्रोटेक्टमा छलफल गर्नेछिन् । सूत्रका अनुसार म्याडोनालाई अचेल सामाजिक कार्यमा रुचि बढ्न थालेको छ । त्यसैले पछिल्लो समयमा उनी थुप्रै सामाजिक संघ-संस्थामा आबद्ध छिन् । रियो दि जेनेरियो पुगेर त्यहाँ गभर्नरसँग वार्तालाप गरेपछि उनलाई कुनै सरकारी योजनाको ब्रान्ड एम्बेसडर बनाउन सकिने सम्भावना छ । रियो दि जेनेरियाबाट फर्किएपछि म्याडोनाले घरबारविहीन बालबालिकाका लागि एउटा एनजीओ खोल्नेछिन् भने वृद्ध-वृद्धाका लागि एउटा ओल्ड एज होम पनि सञ्चालन गर्ने योजना बनाएकी छिन् ।



## • ब्यान्ड •



### डेड बोन

कान्तिपुर टेलिभिजनबाट प्रसारण भैरहेको ब्यान्ड च्यालेन्ज प्रतियोगिताको 'टप सिक्स' मा पर्न सफल सांगीतिक समूह 'डेड बोन' युवापुस्तामाझ लोकप्रिय भैरहेको छ । बौद्ध, काठमाडौंका उत्साही पाँच जना संगीतकर्मीको यो समूह स्थापना भएको एक वर्ष मात्र भयो । कलेजमा अध्ययनरत १७-१८ वर्ष उमेर समूहका संगीतकर्मी सम्मिलित यो समूहले एक वर्षमै आफूलाई स्थापित रक समूहका रूपमा उभ्याएको छ । समूहका पाँच जना सहकर्मीमध्ये सोनाम शेर्पा किबोर्डिस्ट हुन् भने छिरिङ नोडुप भोकलिस्ट हुन् । होम लामा लिड गिटारिस्टका रूपमा सक्रिय छन् भने जिपिन लामा बास गिटारिस्ट हुन् । फिन्दु शेर्पा भने ड्रमरका रूपमा कार्यरत छन् ।

सफ्ट रक संगीत सिर्जना गरेर दर्शकको मन जितिरहेको यो समूहले ओपन कन्सर्टमा चाहिं हेबी रक नै बजाउँछ । समूहका किबोर्डिस्ट सोनाम भन्छन्– 'होटलहरूको नियमित सांगीतिक कार्यक्रममा सफ्ट रक बजाउँछौं, ठूला कन्सर्टमा भने सफ्ट रक काम लाग्दैन, हेबी रक नै दिनुपर्छ ।' समूहका सहकर्मीहरू विगत केही महिनादेखि दरबारमार्गस्थित शेर्पा मलस्थित क्याफ्रिना, बौद्धको जी क्याफे तथा नयाँ बानेश्वरको बेकरी क्याफेमा एक-एक दिन बिराएर लाइभ म्युजिक प्रस्तुत गरिरहेका छन् । साँझ सात बजेपछि उनीहरूलाई यी तीनमध्ये एउटा स्थानमा सहजै फेला पार्न सकिन्छ । तीनचुले, बौद्धमा समूहले आफ्नै होम रेकर्डिङ स्टुडियो समेत सञ्चालन गरिरहेको छ भने यो समूहले गीतिसंग्रहको तयारी भने गर्न भ्याएको छैन । कन्सर्टमै व्यस्त हुनुपरेकाले गीतिसंग्रह तयार पार्न नभ्याएको समूहका सहकर्मीहरूको कथन छ । आगामी सातादेखि ब्यान्ड च्यालेन्जका अन्तिम छ समूहलाई भोटिङ गर्ने समय प्रारम्भ हुने भएकाले यो समूहले आफ्नो पक्षमा भोट जुटाउने सक्दो प्रयास गरिरहेको छ ।



## यस्तो पनि कीर्तिमान

दक्षिण अफ्रिकाको केपटाउननजिक रहेको केम्पस् समुन्द्री तटमा सर्वाधिक युवतीले बिकिनी लगाएर उपस्थित हुने कीर्तिमान कायम गरेका छन् । हजारौं युवतीले सहभागिता जनाएको उक्त कार्यक्रमको आयोजना कस्मोपोलिटन म्यागजिनले गरेको हो ।


तस्बिर : एजेन्सी

# ओलम्पिकको कन्डम लिलाममा



गत वर्ष चीनको राजधानी बेइजिङले आयोजना गरेको ओलम्पिक प्रतियोगितामा सहभागीहरूले प्रयोग नगरेका कन्डम लिलाम गर्ने भएको छ । चाइना डेलि समाचारपत्रका अनुसार गत ओलम्पिक प्रतियोगितामा आयोजक समितिले खेलाडी तथा पदाधिकारीहरूलाई भनेर १ लाख थान कन्डम वितरण गरेको थियो । ती कन्डममध्ये प्रयोग नभएका ५ हजार थान कन्डमलाई आयोजक समितिले लिलाममार्फत बिक्री गर्न लागेको हो ।

बेइजिङ ओलम्पिकको लोगो, मस्कट र भावना समेटिएको उक्त कन्डमलाई ओलम्पिकको एक संग्राहलयले लिलाममार्फत बिक्री गर्न लागेको हो । प्रतिगोटा १५ अमेरिकी सेन्ट पर्ने उक्त कन्डम लिलाममा किन्ने व्यापारी कमै आउने अनुमान लिलामकर्ताले राखेका छन् । उक्त कन्डम लिलाममार्फत किन्दा समाजमा लज्जित हुनुपर्ने हुनाले पनि कतिपय मानिस त्यसका लागि अग्रसर हुन सकेका छैनन् । कन्डमका लिलामकर्ताहरू कन्डमको सम्बन्ध केवल यौनसम्पर्कसँग मात्र छ भनेर हेर्न नहुने बताउँछन् । यो एचआईभी/एड्स रोकथाम गर्न सहयोगी हुनाले यसलाई स्वास्थ्यका दृष्टिकोणले पनि हेर्नुपर्ने उनीहरूको तर्क छ ।



## अन्त्यमा...

मिस क्यालिफोर्निया केरी प्रिजेन्स अहिले चर्चामा छिन् । उनको चर्चा उनले मिस क्यालिफोर्नियाको उपाधि जित्दा त्यति भएको थिएन जति उनको सेक्स टेप सार्वजनिक भएपछि भयो । आफ्नो प्रेमीसँगको सेक्स टेप सार्वजनिक भएपछि केरीले जितेको मिस क्यालिफोर्नियाको उपाधि खोसियो । उनले त्यो बेलामा आफूले जीवनमा गरेको सबैभन्दा ठूलो गल्ती नै यही भएको र आगामी दिनमा यस्तो किसिमको कुनै गल्ती नगर्ने बताइन् । केरीको यो भनाइ सार्वजनिक भएको केही दिनमै उनका अरू ३० वटा निर्वस्त्र तस्बिर र ७ वटा अश्लील भिडियो सार्वजनिक भए । अहिले केरीलाई सुन्दरीका रूपमा भन्दा पनि अश्लील चलचित्रकी नायिका हुन योग्य युवतीका रूपमा हेर्न थालिएको छ । यसबीच अश्लील चलचित्र निर्माणमा विश्वकै सर्वाधिक ठूलो कम्पनी भिभिड इन्टरटेनमेन्टले केरीका अश्लील भिडियो बिक्री गर्न प्रस्ताव राखेको छ । कम्पनीले ती सेक्स टेप आफूले पाए केरीलाई १० लाख अमेरिकी डलर दिने प्रस्ताव गरेको छ ।

● पहिलो विश्व ●

# वेश्यालयलाई कानुनी मान्यता दिनु ठीक




अस्ट्रेलियाको क्विन्सल्यान्डका सरकारी अधिकारीहरूले वेश्यालयलाई कानुनी मान्यता दिनु उपयुक्त हुने ठहर गरेका छन् । क्विन्सल्यान्डमा गत वर्ष दुईवटा वेश्यालयले कानुनी मान्यता लिएपछि त्यहाँ २५ वटा वेश्यालयले कानुनी मान्यता पाएका छन् । कानुनी मान्यता पाएका र नपाएका वेश्यालयहरूले भोग्ने समस्याको तुलना गरेर त्यहाँका सरकारी अधिकारीहरूले वेश्यालयलाई कानुनी मान्यता दिनु नै राम्रो हुने ठहर गरेका हुन् । कानुनी मान्यता नपाएर सञ्चालनमा रहेका वेश्यालयमा यौनकर्मीहरूमाथि हिंस्रक घटना बढी हुने र उनीहरूको यौनशोषण पनि बढी हुने गरेको पाइयो भने कानुनी मान्यता पाएका वेश्यालयका यौनकर्मीहरूले सेवाबापत पाउने पारिश्रमिकमा भेदभाव नहुने र उनीहरूमाथि शोषण पनि कम हुने गरेको पाइयो । गत वर्ष मात्र कानुनी मान्यता नपाएका वेश्यालयका यौनकर्मीहरूले स्थानीय प्रहरीलाई ७६ वटा उजुरी दिएका थिए, जुन गत वर्ष दर्ता भएका अपराधका घटनाहरूको तुलनामा २२ प्रतिशत बढी थियो ।

# नारीको मंसिर अंक



# अन्नपूर्ण साँझमा लाइभ कन्सर्ट र हिपहप



धरान- गत शुक्रबार अन्नपूर्ण चोकलाई कन्सर्टमा उपस्थित ब्यान्डहरूले पूरै तताए । धरानका संगीतप्रेमी युवायुवतीहरू त्यस दिन रकदेखि स्लो म्युजिक अनि ऱ्यागी म्युजिकमा झुमे । शुक्रबार तीनवटा ब्यान्डले लगातार आफ्ना संगीत प्रस्तुत गरेर संगीतप्रेमी धरानेको तृष्णा मेटेका थिए । एउटै ठाउँमा यस्तो लाइभ कन्सर्टमा रम्न पाएकाले पनि त्यस दिन उनीहरू मख्ख देखिन्थे । अन्नपूर्ण साँझ शीर्षकको उक्त कार्यक्रममा ब्यान्डहरूले आफ्ना विभिन्न संगीत लाइभ प्रस्तुत गरेका थिए । त्यस दिन धरानका ब्यान्डहरूले स्लो रकदेखि मेटलसम्मका विभिन्न संगीतका धुनको स्वाद दर्शक-श्रोताहरूलाई चखाए । उक्त अवसरमा धरानका चर्चित ब्यान्ड त्रिनेत्र, रेडियन्ट तथा आउटसाइडरले आ-आफ्ना गीत प्रस्तुत गरेका थिए ।

टिनएजर्सहरू युवापुस्ताले प्रस्तुत गरेको नेपाली अंग्रेजी रिमिक्स, कोरियन साल्सा, विप्स डान्स र हिपअप डान्स हेरेर दर्शकहरू मख्ख परेका थिए । बेलुकी छ बजे प्रारम्भ भएको उक्त कार्यक्रम राति १० बजेसम्म चलेको थियो । एकै ठाउँमा कन्सर्ट र फरक नृत्यको स्वाद चाख्न पाएकाले कार्यक्रममा आएका दर्शकले पूर्ण मनोरञ्जन पाएका थिए । उक्त सांगीतिक कार्यक्रम अन्नपूर्ण युवा जमातका सदस्य टीकाराम तामाङको सम्झनामा आयोजित गरिएको थियो ।

# लागूपदार्थविरुद्ध सांगीतिक कार्यक्रम



अनारमनी- लागूपदार्थ युवाहरूका अगाडि ठूलो समस्याका रूपमा खडा भएको छ । लागूपदार्थ सेवनविरुद्ध साङ्गीतिक कार्यक्रम पनि जोडतोडका साथ हुँदै आएको छ । यसको नियन्त्रण र युवालाई यसप्रति निरुत्साहित गर्न अभियान नै चलाइएको छ । यही क्रममा झापाको अनारमनीस्थित बुट्टाबारीको एक ग्रामीण क्लबले 'लागूपदार्थविरुद्ध युवा एकता' भन्ने नाराका साथ गरेको साङ्गीतिक कार्यक्रममा साँझसम्म दर्शक झुम्मिए ।

अहिले चर्चामा रहेका पूर्वेली गायक डम्बर नेपाली, श्रीकृष्ण लुइँटेल, नेपाली तारा-२ का दोस्रा तारा लक्समले मात्र स्थानीय युवालाई नचाएनन्, स्थानीय ब्यान्डको प्रस्तुतिले उनीहरूको भोकप्यास नै मेटाइदिएको महसुस हुन्थ्यो । आठ वर्षअघि स्थापित नवदीप क्लबले आयोजना गरेको कार्यक्रमको मूल लक्ष्य युवालाई लागूपदार्थको प्रयोगबाट अलग राख्नु रहेको अध्यक्ष कैलाश कन्दङवाल बताउँछन् । कैलाश भन्छन्, 'अधिकांश युवा लागुपदार्थको कुलतमा फसेकाले त्यसमा नलाग्न चेतना दिने उद्देश्यले कार्यक्रम गरिएको हो ।'

फाइट नम्बर ९९९, अन्डर ग्राउन्ड, उझेल, फ्रेन्डसिप आदि साङ्गीतिक ब्यान्डले पनि आ-आफ्नो प्रस्तुति दिए । लागुपदार्थको जोखिमका सम्बन्धमा जानकारी गराइएको उक्त कार्यक्रममा स्थानीय कलाकार अर्चना मगरले प्रस्तुत गरेको नृत्यले सबैलाई नचाएको थियो ।

**–हिमाल खरेल**

# तराईमा अदिलको सुफी



**साप्ताहिक समाचार**

काठमाडौं- होटल हायात रिजेन्सीको मूलद्वारदेखि कार्यक्रमस्थलसम्म स्वदेशी वेशभूषामा केही युवायुवती देखिए । उनीहरूमध्ये कोही डोको बुनिरहेका थिए भने कोही ओखलमा केही कुटिरहेका थिए । कार्यक्रमस्थलको ढोकैमा पूर्व पवनकली तथा रंगकर्मी लुनिभा तुलाधर गाउँकी वृद्धाको भेषमा आफ्नो समूहसँग नाचिरहेकी थिइन् । बलरुममा तबलावादक पण्डित होमनाथ उपाध्यायको तबलाबादन र सन्तुरवादिकाको सन्तुरवादनले आमन्त्रित आगन्तुकहरू झुमिरहेका थिए । स्टेवार्डहरू आगन्तकहरूको रुचिबमोजिमका पेयपदार्थ र सितन वितरण गरिरहेका थिए । वातावरणमा मादकता छाइरहेको थियो । एक घण्टाजति पछि मञ्चमा देखा परे उद्घोषक नरेश भट्टराई र जेनी खड्का । उनीहरू भर्खरै सञ्चालनमा आएको टेलिभिजन च्यानल 'तराई टेलिभिजन'को 'रिलञ्च' गराउन थाले । उक्त च्यानलका अध्यक्ष मनोजभक्त श्रेष्ठको स्वागत भाषणपछि कार्यक्रम रमाइलो मोडतर्फ लाग्यो । प्रवेशद्वारमा आगन्तुकहरूलाई आ-आफ्नो भिजिटिङ कार्ड एउटा सिसाको भाँडोमा राख्न लगाइएको थियो । त्यही भाँडो मञ्चमा पुऱ्याइयो । उद्घोषिका जेनीले त्यसबाट एउटा भिजिटिङ कार्ड झिकिन् र उनी नै कार्यक्रमको प्रमुख अतिथि हुने घोषणा गरियो । उनले गोरखापत्र दैनिकका का.मु. प्रधानसम्पादक रमेश तिवारीको भिजिटिङ कार्ड झिकेपछि उनलाई स्याम्पियनको बोतल खोल्न लगाई तराई टेलिभिजनको 'रि लञ्च' गरियो ।

उक्त च्यानलका कार्यकारी निर्देशक जनकदीप पराजुलीले च्यानलमा आउने कार्यक्रमहरूको वर्णन गरेपछि मञ्चमा आफ्नो संगीत टोलीका साथ देखा परे भारतीय सुफी गायक अदिल हुसानी । हुसानीले विभिन्न हिन्दी गीत, गजल तथा सुफी गायन सुनाएर दुई घण्टासम्म उपस्थित सबैलाई बाँधेर राखे ।

# आठपरियाहरूको मंसिरे चाड

धनकुटा- अधिराज्यमा धनकुटा जिल्लामा मात्र स्थायी बसोबास गर्ने एक मात्र जाति आठपहरिया राईहरूको प्रमुख मंसिरे चाड (छोङलाराङ) को रौनकले प्रत्येक दिन धनकुटा बजार गुञ्जायमान हुन्छ । कात्तिक पूर्णिमादेखि सुरु भएको यो चाड लगातार एक महिनासम्म अर्थात् मंसिरे पूर्णिमासम्म चलिरहन्छ। च्याब्रुङ बजाउँदै सबै आठपरियाको घर-घरमा गएर नाचिने नाच पर्वको प्रमुख आर्कषण हुन्छ भने पितृ आत्माको वार्षिकी पनि यही पर्वमा फुकाइन्छ ।



विगतमा एक महिना मनाउने चलन भए पनि केही वर्षदेखि आर्थिक कारण अहिले छोट्याएर १५ दिन मनाउन थालिएको छ । कात्तिक पूर्णिमाको दिन दुःख फुकाई पुजारीको घरबाट नाच्न सुरु गरी आफूले मानेको थानका साथै अन्य व्यक्तिको घरमा गएर नाचिन्छ । नाचिसकेपछि नाचिने घर-परिवारबाट जाँड-रक्सी, अचार, तरकारी र केही रकम दिइन्छ । छोरा-छोरी जन्मिए आशीर्वाद दिने, सबै परिवारलाई सुखी, सम्पन्न हुने कामना गरिन्छ । एक सातासम्म मनाइने यो चाड धनकुटाका बेलहरा र भीरगाउँ गाविसका साथै नगरभित्रका आठपहरियाहरूले धुमधामका साथ मनाउँछन् ।

परम्परागत पहिरनमा सजिएर मनाइने यो चाडमा पनि अहिले परिवर्तन आउन थालेको छ । आफैंलबुनेको पहिरन मात्र लगाउने आठपरिया समाजमा अहिले आधुनिकताले छुँदै गएको छ । परम्परागत गीतका साथै ढोल र झ्यालीका साथ आधुनिक गीतको भाका पनि यो चाडमा सुनिन थालेको छ, तर आधुनिक गीत मनोरञ्जनका लागि मात्र भएको आठपरिया युवायुवती बताउँछन् ।

**–भिषा काफ्ले**

# अन्तर्राष्ट्रिय सांगीतिक महासंग्राम

छिमेकी राष्ट्र भारतको नेपालीभाषी प्रान्त सिक्किममा सन् २०१० मा अन्तर्राष्ट्रिय समुदायकै ध्यान केन्द्रित हुने गरी विश्व सांगीतिक महासंग्राम हुने भएको छ । नेपालीभाषी राज्य सिक्किमलाई नेपाली संगीत, कला, संस्कृति र साहित्यको 'ब्याड' बनाउने उद्देश्यका साथ सिक्किमको सत्तारूढ पार्टी सिक्किम डेमोक्रेटिक फ्रन्टले 'विश्व सांगीतिक महासंग्राम'को आयोजना गर्न लागेको जानकारी पार्टीका केन्द्रिय प्रचार सचिव प्रेम कार्कीले बताए । कार्कीका अनुसार भारत, भुटान, नेपाललगायत विश्वका विभिन्न देशमा बसोबास गर्ने कला र संगीतमा समर्पित नेपालीभाषी र जातिका पुराना-नयाँ गायक, संगीतकार, गीतकार तथा कलाकारलाई सिक्किमको राजधानीमा जमघट गराई विश्वस्तरीय नेपाली सांगीतिक कार्यक्रम सम्पन्न गरिनेछ ।

मुख्यमन्त्री डा. पवन चाम्लिङको परिकल्पनाअनुसार विश्व नेपाली सांगीतिक महासंग्रामको आयोजना गर्न लागिएको हो । उक्त महासंग्रामको उद्देश्य भने नेपाली सांगीतिक क्षेत्रका प्रतिभाहरूप्रति सम्मान जनाउने र नेपाली सांगीतिक क्षेत्रलाई विश्वमा स्थापित गराउनेछ ।

# साँझमा रमायो धरान

धरान-११ स्थित मंगलबारे चोकमा शनिबार साँझ भएको सांस्कृतिक तथा सांगीतिक वातावरणमा उपस्थित दर्शक पूरै रमाए । दोस्रो लालिगुराँस साँझ सांगीतिक वातावरणमा रमेको थियो भने कार्यक्रममा धरानको गरिमा डान्स सेन्टरको ब्रेक डान्स, चार्ली डान्स तथा हिन्दी रिमिक्स डान्सले वाहवाही पाएको थियो । गरिमाको आकर्षक नृत्यलाई वान्स मोर नभन्ने कोही थिएनन् । 'लालीगुराँस साँझ' मा विभिन्न कलाकारले गीत तथा नृत्य प्रस्तुत गरे । निकै तामझामबीच सञ्चालित उक्त सांगीतिक साँझमा उपस्थित दर्शक-कलाकारहरूले प्रस्तुत गरेको नृत्यमा पूरै लठ्ठ परेका देखिन्थे ।



नव कलाकार तथा स्थानीय बालबालिकाहरूको नृत्य एवं गीतले पनि दर्शकलाई पर्याप्त मनोरञ्जन प्रदान गऱ्यो । कार्यक्रम चोकमा गरिएकाले र दर्शकको अत्यन्त भीड भएकाले त्यस दिन बेलुकी सडक नै जाम भएको थियो । शनिबार सम्पन्न उक्त सांगीतिक साँझमा तीन दर्जन नयाँ गायक प्रतिभाहरूले गीत प्रस्तुत गरेका थिए । कार्यक्रममा लालिगुराँस क्लबले समाजसेवा गरेबापत बलराम थापा तथा निकै लामो समयदेखि पत्रकारिता गरिरहेका पत्रकार जनकऋषि राईलाई दोसल्ला ओढाई सम्मान गरेको थियो ।

# मंसिर दोस्रो साता सुन्तला महोत्सव

**पर्वत- सुन्तलाको बजारीकरण गर्ने उद्देश्यले आगामी मंसिर १६ देखि १८ गतेसम्म पर्वतमा सुन्तला महोत्सव हुने भएको छ । नेपाल घरेलु तथा साना उद्योग महासंघको आयोजनामा सञ्चालन हुन लागेको महोत्सवमा ५० वटा स्टल राखिनेछ ।**

**महोत्सवमा सुन्तला फल्ने जिल्लाका बाँसखर्क, मल्लाज, देउपुर आदि गाविसका किसानहरूले आफ्नै बारीमा फलाएका सुन्तला मात्र राखिनेछ । पर्वत जिल्ला सुन्तला फल्ने जिल्लाहरूमा पर्ने भए पनि प्रचार-प्रसारको कमीले गर्दा यहाँ फल्ने सुन्तलाका बारेमा थोरैलाई मात्र जानकारी भएकाले प्रचार-प्रसार गर्ने उद्देश्यका साथ यो महोत्सवको आयोजन गर्न लागिएको हो ।**

**महोत्सवमा पश्चिमाञ्चल क्षेत्रमै सबैभन्दा स्वादिलो मानिएको बाँसखर्क गाविसका सुन्तलादेखि गाउँ-गाउँमा साना उद्यमीले आफ्नै हाते सीपबाट तयार पारेका घरेलु, डोका, डाला, मान्द्रा आदि सामग्रीहरू प्रदर्शनीमा राखिनेछ । जिल्लामै पहिलो पटक आयोजना गर्न लागिएको महोत्सवमा छिमेकी जिल्लाहरू कास्की, बाग्लुङ, म्याग्दी, मुस्ताङ, गुल्मी र स्याङ्जाबाट समेत सर्वसाधारणाको उल्लेख्य उपस्थिति रहने आयोजकहरूले बताएका छन् ।**

**महोत्सवमा आन्तरिक तथा बाह्य पर्यटक गरी ५० हजारभन्दा बढीको उपस्थिति रहने महोत्सव संयोजक शिव शर्मा पौडेलले बताए । पौडेलका अनुसार जिल्लामा सर्वसाधारणहरूले सुन्तला बेचेर वार्षिक १ करोडभन्दा बढी आम्दानी गर्ने गरेकाले उनीहरूलाई प्रोत्साहित गर्ने उद्देश्यले सुन्तला महोत्सवको आयोजना गर्न लागिएको हो ।**

**–विमल खतिवडा**

# एकल गायनमा आनन्द कार्की

लामो समय सिंगापुरमा सांगीतिक कार्यक्रम प्रस्तुत गरेर स्वदेश फर्किएका गायक आनन्द कार्की अघिल्लो साता राजधानीमा आयोजित एकल गायन कार्यक्रममा सहभागी भए । नक्सालस्थित बालमन्दिरको रंगमञ्चमा आयोजित सांगीतिक कार्यक्रममा गायक कार्कीले आफ्ना लोकप्रिय गजल तथा आधुनिक गीतहरू प्रस्तुत गरेका थिए । भारतीय सांस्कृतिक केन्द्रले केही महिनाअघिदेखि प्रारम्भ गरेको श्रृंखलाबद्ध सांगीतिक कार्यक्रमअन्तर्गत गत साता गायक कार्की एकल गायन कार्यक्रममा प्रस्तुत भएका हुन् । कात्तिकको अन्तिम साता परेको सिमसिमे पानीलाई छिचोल्दै गायक कार्कीलाई सुन्न भेला भएका दर्शकहरू उनका नेपाली



तथा हिन्दी गजल र गीतमा मुग्ध देखिन्थे । कार्यक्रममा उनले आफ्नो नयाँ संग्रह 'पर्दा' को एउटा गीत पहिलो पटक सुनाएका थिए । 'यी हल्लाहरू हुन् तिमीले सुनेका...' हुँदै अघि बढेको सांगीतिक कार्यक्रममा गायक कार्कीले हार्मोनियम बजाउँदै १३ वटा गीत प्रस्तुत गरेका थिए ।

# रेडियो कान्तिपुरको ११ औं वार्षिकोत्सव

**साप्ताहिक समाचार**


काठमाडौं– भव्य सांगीतिक समारोहको आयोजना गर्दै रेडियो कान्तिपुरले आफ्नो ११ औं वार्षिकोत्सव मनाएको छ । राजधानीको जमलस्थित राष्ट्रिय नाचघरमा आयोजित विशेष समारोहमा रेडियो कान्तिपुरले संगीतकर्मीहरूलाई सम्मान तथा पुरस्कार पनि प्रदान गरेको थियो ।

गत शुक्रबार साँझ सम्पन्न समारोहमा सन् १९७० को दशकमै स्थापना भएको सांगीतिक समूह 'द हिमालयन्स हङकङ ब्यान्ड' लाई रेडियो कान्तिपुरका प्रबन्ध निर्देशक कैलाश सिरोहियाले लाइफ टाइम एचिभमेन्ट पुरस्कार प्रदान गरे । 'मुसुमुस हाँसिदेऊ', 'गाजलुले आँखै छोप्ने', 'कहाँ तिम्रो मायाले', 'मायाले माया गाँसिदेऊ' आदि कालजयी पपगीतका स्रष्टा हिमालयन्स हङकङ ब्यान्डका संगीतकर्मीलाई सम्मान गर्दा पूरै सभाहल भावुक भएको थियो । नेपाली सांगीतिक क्षेत्रमा पप संगीत भित्र्याउने यो समूहमा पाँच जना संगीतकर्मी आबद्ध थिए ।


११ औं वर्ष प्रवेशका अवसरमा आयोजित कार्यक्रममा अध्यक्ष सिरोहियाले रेडियो कान्तिपुरमा मोबाइल कम्प्याक्टिबल सेवा प्रारम्भ गरेको घोषणा गरेका थिए । 'साइबरको संसारमा रेडियो कान्तिपुरलाई इन्टरनेटमार्फत मोबाइलमा पनि जोड्न पाउँदा गौरवान्वित महसुस गरेका छौं, अध्यक्ष सिरोहियाले थपे– 'विश्वस्तरको आधुनिक उपकरणका साथ सूचना तपाईंको अधिकारको नारासँगै स्वस्थ मनोरञ्जनलाई हामी निरन्तरता दिइरहनेछौं ।' रेडियो कान्तिपुरका स्टेसन म्यानेजर प्रभात रिमालले समारोहलाई सम्बोधन गर्दै नयाँ विस्तार गरिएको सेवा खासगरी विदेशमा रहेका नेपाली तथा नेपालीभाषीलाई लक्षित गरिएको बताए । 'तरंगबाट टाढिएर विदेशमा रहेका कान्तिपुर पारखीले अब मोबाइल तथा आइपड आदि गजेटमा यो सेवा सुन्न सक्नेछन् । करिब १ करोड ६९ लाख श्रोतासँग नजिक रहेको रेडियो कान्तिपुरले शुक्रबारको कार्यक्रममा आफ्नो परिमार्जित लोगो पनि सार्वजनिक गरेको थियो । विगत आठ वर्षयता रेडियो कान्तिपुर चौबीसै घण्टा प्रसारण भैरहेको छ । समारोहलाई राष्ट्रिय स्तरको रूप दिन नाचघरको प्रेक्षालयलाई नेपाली झन्डाले सजाइएको थियो । प्रेक्षालयका सबै ७ सय ५० वटा कुर्सीमा बसेका दर्शकले राष्ट्रिय झन्डा फहराउँदै कार्यक्रमलाई साथ दिएका थिए ।


त्यसअघि रेडियो कान्तिपुरका आरजेहरू आफैंले तयार पारेको गीतमा गरिएको सामूहिक नृत्यसँगै कार्यक्रम प्रारम्भ भएको थियो । वर्षभरिमा रेडियो कान्तिपुरबाट बजेका गीत-संगीतका आधारमा विभिन्न १२ विधाका संगीतकर्मीलाई उत्कृष्ट एवार्ड प्रदान गरिएको उक्त समारोह कुनै म्युजिक एवार्ड कार्यक्रमभन्दा भिन्न थिएन । समारोहमा एकनारायण भण्डारीले उत्कृष्ट गीतकार, सुरेश अधिकारीले उत्कृष्ट संगीतकार, अञ्जु पन्तले उत्कृष्ट महिला आधुनिक गायिका, राजेशपायल राईले उत्कृष्ट पुरुष आधुनिक गायक, राजु परियारले उत्कृष्ट लोकगायकको एवार्ड जितेका थिए । उत्कृष्ट महिला पप गायिकातर्फ सिने गुरुङले बाजी मारिन् भने उत्कृष्ट पुरुष पप गायनको एवार्ड सुगम पोखरेलले जिते । त्यस्तै उत्कृष्ट पप एल्बमको एवार्डबाट अभया एन्ड द इस्टिम इन्जिन सम्मानित भयो । सुगम पोखरेलको 'स्कुल पाठशाला' ले वर्षको सर्वोत्कृष्ट एल्बमको एवार्ड जित्यो ।

कार्यक्रमको प्रारम्भदेखि अन्त्यसम्म नै विभिन्न गायक-गायिकाले गीत तथा संगीत प्रस्तुत गरिरहे । रेडियो कान्तिपुरका आरजेहरूले पालैपालो उद्घोषण गरेको समारोहमा सुगम पोखरेल, निमा रुम्बा, सनुप पौडेल, सत्यराज आचार्य, स्वरूपराज आचार्य, प्राश्ना शाक्य आदिले आफ्ना लोकप्रिय गीत गाएर मनोरञ्जन प्रदान गरेका थिए । कार्यक्रमको कान्तिपुर टेलिभिजन तथा रेडियो कान्तिपुरले प्रत्यक्ष प्रसारण गरेका थिए ।















तस्विरहरु : नवराज वाग्ले









## आदिवासी चलचित्र महोत्सव

# मूलधारभन्दा माथि



**शिव मुखिया**

काठमाडौं- 'हिन्दी चलचित्रको फोटोकपी' मूलधारको भनिने अधिकांश नेपाली चलचित्रलाई दर्शकले दिएको दर्जा हो यो। कमसेकम यो दर्जाबाट मुक्त छन् अदिवासी चलचित्र। 'फरक धार' को कित्तामा छुट्याइएको आदिवासी चलचित्रले पछिल्लो समय जुन गतिमा फड्को मारेको छ, त्यसले सम्बन्धित चलचित्रकर्मीमा छुट्टै उत्साह थपेको छ। इन्डिजिनियस फिल्म अर्काइभ (आइफा) का अध्यक्ष नवीन सुब्बा भन्छन्- 'आदिवासी चलचित्रप्रति दर्शकको क्रेज बढ्दै गएको छ।' गत सातादेखि देशभरका ६ स्थानमा सुरु भएको जनजाति चलचित्र महोत्सव र त्यसमा दर्शकको बढ्दो उपस्थितिले उनको भनाइ पुष्टि गर्छ।

इन्डिजिनियस फिल्म अर्काइभको प्राविधिक सहयोगमा हाल राजधानीबाहिरका सहरहरूमा आदिवासी चलचित्र महोत्सव चलिरहेको छ। पोखरा, बुटवल, धरान, बिर्तामोड, चितवन र घोराहीमा चरणबद्ध रूपमा चलचित्र महोत्सव गर्ने योजनाअनुरूप गत सातादेखि कार्य सुरु गरिएको हो। महोत्सवमा दुई अन्तर्राष्ट्रिय चलचित्रसहित गुरुङ, मगर, तामाङ, नेवार जातिका चलचित्र प्रदर्शन भैरहेको आइफाका अध्यक्ष सुब्बाले वताए। महोत्सवमा गुरुङको 'तिनागा', 'रोधीघर', तामाङको 'गोदेवा', मगरको 'एजु' र 'वराहीपुत्र', नेवारको 'गोयामरु' चलचित्र समावेश छन्।

'सम्बन्धित क्षेत्रमा बसोबास गर्ने जातजातिलाई लक्षित गरेर चलचित्र प्रदर्शन गरिंदैछ' नवीनले भने- 'प्रदर्शन भैसकेका स्थानबाट राम्रो रेस्पोन्स आएको छ।' राजधानीमा हुने अन्तर्राष्ट्रिय आदिवासी चलचित्र महोत्सवकै विस्तारित कार्यक्रमअन्तर्गत यो महोत्सव प्रारम्भ भएको उनले बताए। आदिवासी चलचित्र महोत्सवलाई तोकिएको सहरमा फैलाउन संयोजक लाफाले आफ्नो बलबुताले भ्याएसम्मको श्रम र सीप खर्चिरहेका छन्। आदिवासी चलचित्रका निर्देशक लाफा यो अभियानका संयोजक हुन्।

विभिन्न जानजातिको कला, संस्कृति, वेशभूषा र भाषाका सम्बन्धमा जागरण फैलाउन, चलचित्रको बजार विस्तार गर्न एवं चलचित्रकर्मीमा उत्साह थप्नका लागि आइफाले विगत तीन वर्षयता आदिवासी चलचित्र महोत्सवलाई क्षेत्रीय स्तरमा प्रदर्शन गर्न थालेको हो। गत वर्षसम्म तीन सहरमा मात्र महोत्सवको आयोजना गरिन्थ्यो भने हाल थप तीन सहरमा आदिवासी चलचित्र प्रदर्शन गरिने संयोजक संजोक लाफाले बताए। महोत्सव सफल बनाउन स्थानीय क्षेत्रबाट मगर चलचित्र कर्मी संघ, गुरुङ चलचित्रकर्मी संघ आदि संघ-संस्थाहरूले काँध थापेका छन्। आउँदो तीन वर्षपछि स्थानीय क्षेत्रको तिनै संघ-संस्थाले महोत्सव आयोजनाको जिम्मेवारी सम्हाल्न सकून् भन्ने लक्ष्यसाथ सहकार्य भैरहेको आइफाका अध्यक्ष सुब्बाले बताए।

खासगरी फरक विषयवस्तु र प्रस्तुतिका कारण आदिवासी चलचित्रको बजार बढ्दै गएको पाइन्छ। सहरका ठूला सिनेमा घरमा नदेखिने यी चलचित्र गाँउबस्तीदेखि सम्बन्धित जातजाति रहेका समुन्द्रपारका मुलुकसम्म फैलिएको सम्बन्धित चलचित्रकर्मीहरू बताउँछन्।

विषयवस्तु एवं छुट्टै मौलिकता आदिवासी चलचित्रका सबल पक्ष हुन्। त्यसबाहेक ग्रामीण समाजको रीतिस्थिति दुरुस्त उतार्न सक्नुले यी चलचित्रको गरिमालाई उँचो बनाएको छ। सुब्बा भन्छन्- 'नेपाली समाजको वास्तविक दृश्य प्रस्तुत गरेकाले यी चलचित्र मूलधारको भनिने व्यापारिक चलचित्रभन्दा माथि छन्।'

जातिविशेषको सांस्कृतिक पक्ष केलाउनु, पहिरनमा स्थानीयता झल्कनु, मातृभाषा एवं चलनचल्तीको भाषालाई प्राथमिकता दिनु, सम्बन्धित जातजातिकै कलाकारलाई अभिनय गराउनु जनजाति चलचित्रको विशेषता हो। पूर्वी पाँचथरको साहित्यिक वातावरणमा हुर्किएर जनजाति चलचित्र निर्देशनमा हात हालेका सूर्य चेम्जोङ भन्छन्– 'अनावश्यक तडकभडक र उडन्ते कथा हेरिरहेका दर्शकले जनजाति चलचित्रमा फरक स्वाद पाउँछन्।'

करिब दुई दशकअघि सुरु भएको जनजाति चलचित्र बन्ने क्रमले अहिले निकै तीव्रता पएको छ। नेवार, गुरुङ, मगर, तामाङ, माझी, राई, लिम्बू, शेर्पा, सुनुवार आदि थुप्रै जनजातिको संस्कृतिमाथि चलचित्र बनेका छन् र क्रम जारी छ। ११ वर्षे द्वन्द्वको समाप्तिसँगै जनजातिमा जागरण फैलाउन यस्ता चलचित्र गाउँस्तरबाटै निर्माण हुन थालेको बताइन्छ।

२०४६ को राजनैतिक परिवर्तनपछि नेपालभाषाको 'सिलु'बाट आदिवासी चलचित्रको यात्रा सुरु भएको हो यो चलचित्र २०२२ सालमा नेपाली भाषाको चलचित्र 'आमा' बनेको दुई दशकपछि निर्माण गरिएको थियो। त्यसपछि नेपालभाषाकै 'राजमती' निर्माण भयो। यी दुवै चलचित्र सेल्युलाइड प्रविधिमा बनेका थिए। सेल्युलाइडबाट सुरु भएको यात्रा डिजिटलसम्म आइपुगेको छ।

नेपालमा आदिवासी जनजातिका रूपमा सूचीकृत ६१ जातिमध्ये करिब १५ जनजातिले आ-आफ्नो कला-संस्कृतिलाई चलचित्रमार्फत प्रस्तुत गरिसकेका छन्। यसमा पनि गुरुङ समुदाय अगाडि छ। गुरुङ भाषा र संस्कृतिमा आधारित थुप्रै चलचित्र नेपाल र नेपालबाहिर बनेका छन्। त्यसपछि नेवार, लिम्बू, राई, थारु, सुनुवार, तामाङ आदि भाषा-संस्कृतिमा आधारित चलचित्रहरू बनेका छन्।



## थारेङ-थारेङ हेर्न भीड

नुवाकोट– तामाङ भाषाको चलचित्र 'थारेङ-थारेङ' को विशेष प्रदर्शनी त्रिशूलीको गंगा चलचित्र मन्दिरमा गरिएको छ। शनिबार भएको चलचित्र 'थारेङ-थारेङ' (टाढा-टाढा) को प्रदर्शनी हेर्न गाउँगाउँबाट तामाङभाषीहरू ओइरिएका थिए।

जिल्लामा तामाङ समुदायको बाहुल्यतालाई आफ्नो भाषाको चलचित्रप्रति आकर्षण बढाउने उद्देश्यले बेङरुङ युवा क्लब देउरालीको आयोजनामा थारेङ-थारेङको विशेष प्रदर्शनी गरिएको हो। मातृभाषाको चलचित्र हेर्न पाउँदा दर्शकहरू दंग परेका थिए। पहिलो पटक आफ्नो भाषाको फिल्म हेर्न पाएको देउरालीकी सजना तामाङले बताइन्। 'परम्परा भाषा-संस्कृतिको जगेर्नाका लागि फिल्म पनि प्रभावकारी माध्यम हो,' उनले भनिन्– 'तामाङ सुमुदायमा धेरै विकृति छन्। यसलाई फिल्मको माध्यमबाट पनि कम गर्न सकिन्छ।'

धोर्जे तामाङको निर्माणमा तयार भएको यो चलचित्रमा तामाङ संस्कृति र परम्पराका साथै तामाङ समुदायभित्रका विकृतिहरूलाई केलाइएको छ। चलचित्रमा रोशनी तामाङ, प्रेम तामाङ, लवाङ तामाङ आदिको मुख्य भूमिका छ। विशेष प्रदर्शनीको उद्घाटनका अवसरमा वक्ताहरूले तामाङ भाषाको चलचित्रको प्रदर्शनीले युवापुस्तामा तामाङ भाषाको चलचित्रतर्फ आकर्षण बढाउने र चलचित्रले भाषाको विकास एवं सरंक्षणमा पनि योगदान पुऱ्याउने धारणा व्यक्त गरेका थिए। प्रदर्शनीमा ५ सय दर्शकको सहभागीता थियो।

**–नवदीप अजनवी**

## लहर मगर चलचित्रको



पोखरा- जातीय भाषामा चलचित्र निर्माणको क्रम निकै बढेको छ। जातीय पहिचान तथा संस्कृति संरक्षणको उद्देश्यले यस्ता चलचित्र निर्माण गर्न जनजातिहरू अग्रसर हुने गरेका छन्। तिनै जातीय चलचित्रमध्ये मगर भाषामा चलचित्र बन्ने क्रमले तीव्रता पाएको छ। युवराज मास्की मगरले २०५१ मा पहिलो पटक निर्देशन गरेको 'लङ्घन' (प्रयास) पछि नै मगर चलचित्र निर्माणको क्रम सुरु भएको हो। त्यसो त युवराज पहिलो गुरुङ चलचित्र 'पाते' का निर्देशकसमेत हुन्।

उनले सुरु गरेको केही वर्षसम्म मगर चलचित्र निर्माण गर्ने कोही देखिएनन्। २०५६ मा सन्जोग लाफा मगरले 'लिसरा' (कोपिला), 'आशे' (उनी) बनाएपछि भने मगर चलचित्रको लहर नै चल्यो। रंगपत्रकार लेखनाथ कास्कीका तोरण पुनले निर्देशन गरेको चलचित्र 'आत्मीय' ले यहाँ त्यतिकै चर्चा बटुल्यो। नयाँ पुस्ताले मातृभाषालाई बिर्सँदै गएकाले भाषा र संस्कृतिको संरक्षणका लागि चलचित्र निर्माण गर्नुपरेको हो, पुनले भने, 'चलचित्रले जातीय पहिचानलाई जोगाउन मद्दत गर्छ।'

२३ वटाभन्दा बढी मगर चलचित्र बनिसकेका छन् भने फेवा नगरीमै एक दर्जन चलचित्र निर्माण भएको उनले जानकारी दिए। मौसम पुन, मेजन पुन, भीम पुन आदि जोसिला युवा यतिबेला यहाँ मगर चलचित्रको निर्माणमा जुटेका छन्। भिडियो फरम्याटमा बन्ने मगर चलचित्रका लागि ५ देखि १० लाख लगानी हुने गरेको छ।

यस्ता चलचित्र अन्य सेल्युलाइड चलचित्र जस्तो हलमा नियमित प्रदर्शन गर्न भने समस्या छ। विशेष प्रदर्शन तथा विदेशमा लगेर प्रदर्शन गरी चलचित्रको लगानी उठाउनुपर्छ। जातीय संघ-संस्थाले टिकट काटेर चलचित्र हेरिदिने हुनाले लगानी सुरक्षित हुँदै आएको मगर चलचित्रकर्मीहरू बताउँछन्।

नेपाली र मगर भाषामै केन्द्रित रहेर बन्ने यस्ता चलचित्रले मगर जातिको समग्र पक्षलाई उजागार गर्ने गरेका छन्। सेल्युलाइड प्रविधिमा एउटा मात्र मगर चलचित्र बनेको छ, जसको निर्देशन किशोर रानाले गरेका छन्।

बढ्दो निर्माणक्रमसँगै युवायुवतीहरू पनि मगर चलचित्रतर्फ आकर्षित भैरहेका छन्। शान्ति पुन, पुष्पा पुन, जमुना पुन, कमला पुन मगर, क्रिसा पुन, अरुणा पुन मगर चलचित्रका चल्तीका नायिका हुन। यस्तै नायकहरू विवेश बूढा, विवेक पुन, सुमन आले, खेमराज पुन, रवीन्द्र थापा छन्। छ वर्षअघि मगर चलचित्र 'बाध्यता' बाट नायिका बनेकी जमुना पुन आफ्नो जातीय संस्कृतिलाई अघि बढाउन चलचित्रमा अभिनय गरेको बताउँछिन्।

मगर चलचित्रकर्मीलाई एकत्रित गरी गुणात्मक चलचित्र निर्माणका लागि हालै अध्यक्ष युवराज मास्की मगरको संयोजनमा मगर फिल्म एसोसिएसनसमेत गठन भएको छ। अहिले श्याम थापाका 'पर्खिबसें', कास्मी रानाको 'मिगिन', नवीन रोक्काको 'दुःखीको बस्ती' आदि मगर चलचित्रको छायांकन भैरहेको छ।

**– शिव शर्मा**

# ग्ल्यामर इन इथनिक लुक



साडी शालीनता एवं सुन्दरताको परिचायकसँगै सोबर लुकमा ग्ल्यामरस पहिरनका रूपमा पनि चिनिन्छ। मूलतः यसको ड्रेपिङ स्टाइल अर्थात् साडी पहिरिने शैली, साडीसित पहिरिने चोली-ब्लाउजको डिजाइनले साडीको ग्ल्यामर लुकलाई प्रस्तुत गर्छ। यसका अतिरिक्त लेहेंगा-साडी, सप्कोको स्टाइलिङ आदिले एथनिक लुकमा ग्ल्यामर झल्काउँछ।

**चोली-ब्लाउजको क्रेज**

आजभोलि प्लेज ब्लाउजको ट्रेन्ड लगभग आउट अफ फेसन भएको छ। यसको साटो चोली-ब्लाउजको प्रयोग बढ्न थालेको छ। चोली-ब्लाउजका साथमा डिजाइनर साडी तथा प्लेन साडीको जोडाको क्रेज बढी छ। केही देखाउने र केही लुकाउने डिजाइनर साडी र चोली-ब्लाउजको कम्बिनेसनलाई सोबर शैलीमा ग्ल्यामरस देखिन रुचाउनेहरूले रुचाएको पाइन्छ। हुन त चोली-ब्लाउजलाई लेहेंगा र साडीसित बढी लगाइने भए पनि आजभोलि वेस्टर्न लुक रुचाउनेहरूले जिन्ससित पहिरिने चोली टप मूलतः हेभी इम्ब्रोइडरीयुक्त हुन्छ। यौवनाहरूमाझ चोली-ब्लाउजको क्रेज छ। कलेज गोइङ स्मृता भन्छिन्- केही समय पहिले अभिनेत्री करिना कपुरले यसै प्रकारको चोली-ब्लाउज लगाएकी थिइन्। गिल्ट बोर्डरयुक्त पिंक कलर उनीलाई निकै सुहाएको थियो र उनी सेक्सी देखिएकी थिइन्। फेसन डिजाइनरहरूका अनुसार नेपाली फिगरलाई साडी बढी सुहाउँदो हुन्छ। चोली-ब्लाउजमा प्रिन्ट्स एवं सिक्वेन्स वर्कले रोयल लुक प्रदान गर्छ। यसका लागि बोल्ड कलर प्रयोग हुन्छ। मोटिफ्स र कट वर्कबाट सजिएका ब्लाउज ट्रेडिसनल ड्रेसका रूपमा पनि प्रयोग गरिन्छ। डिजाइनरहरूका अनुसार ब्लाउजलाई सेक्सी लुक प्रदान गर्न स्टेपको प्रयोग गरिन्छ भने यसका लागि स्लिभलेस ब्लाउज पनि प्रयोग गरिन्छ।

**लेहेंगा-साडीको आकर्षण**

साडी र लेहेंगाको कम्बाइन ड्रेस चाहने हो भने लेहेंगा-साडी सबैभन्दा राम्रो विकल्प हो। अढाइ मिटरमा यो डिजाइनले साडी र लेहेंगा दुवैको अनुभव एकसाथ प्रदान गर्छ। लेहेंगा शैलीको साडीको प्रचलन पुरानो भए पनि अहिले फेसनमा पुनः देखापरेको छ। पहिले यो शैलीलाई सिल्क फ्याब्रिकमा तयार गरिन्थ्यो भने आजभोलि जर्जेट, सिफन र क्रेपजस्ता फ्याब्रिकमा पनि यो शैलीको प्रयोग देख्न पाइन्छ। डिजाइनरहरूका अनुसार एथनिक वेयरमा फ्लोइङ र सफ्ट फ्याब्रिकलाई रुचाएकाले उल्लेखित फ्याब्रिकको प्रचलन बढेको हो। लेहेंगा शैलीको साडीमा रंगको विशेष महत्त्व हुन्छ। मिक्स एन्ड म्याच फर्मुलाको आकर्षण पनि उत्तिकै पाइन्छ। न्यु स्टाइलका लेहेंगामा जरदोजी, फूलकारी वर्क र गोटा पट्टी वर्कको प्रयोग पनि उत्तिकै छ।

लेहेंगा स्टाइलको साडीको क्रेज विशेषगरी युवापुस्ताका महिलामा बढी छ। २० वर्षीया अस्मितालाई साडी लगाउन अप्ठ्यारो लाग्छ। उनलाई साडीमा प्लिट बनाउन पनि आउँदैन तर साडी लगाउने रहर भने लेहेंगा स्टाइलको साडीले पूरा गरेको अस्मिता बताउँछिन्। उनका अनुसार यसखालको साडी सम्हालिरहनु पर्दैन। रेडिमेट प्लिट हुने भएकाले यसलाई लगाउन पनि सजिलो छ। बजारमा लेहेंगा स्टाइलका साडी ९ कली, ५ कली र स्ट्रेट लुकमा उपलब्ध छन्। ९ कलीयुक्त लेहेंगा एक्स्ट्रिम घेरादार हुन्छ। ५ कलीमा ५ अलग-अलग प्लिट्स हुन्छ। यद्यपि लेहेंगा साडीमा स्ट्रेट लुक बढी सुहाउँदो हुन्छ। यो स्टाइल धेरै हदसम्म ए-कट लेहेंगासित मिल्छ। नयाँ अन्दाज दिन यो स्टाइललाई थोरै घेरादार पनि बनाउन सकिन्छ।

**सप्कोमा मन लोभियो**

लेहेंगा-साडीलाई ग्ल्यामरस लुक प्रदान गर्न यससँग प्रयोग गरिने चोलीको डिजाइनमा विशेष ध्यान दिइन्छ। यस खालको चोलीमा नुडल स्ट्रिङ, लो ब्याक र हल्टर नेक स्टाइल बढी सुहाउँदो हुन्छ। हाफ स्लिभ, पफदार, थ्री फोर्थ र अम्ब्रेला स्लिभको पनि प्रयोग गरिएको पाइन्छ। लेहेंगा-साडीमा सप्कोको पनि विशेष भूमिका र स्टाइल हुन्छ। लेहेंगा-साडीको सप्कोलाई साधारण साडीको सप्कोजस्तै सीधा सप्कोका रूपमा पनि प्रयोग गर्न सकिन्छ। स्टाइलिस लुक दिन सप्कोमा पातलो प्लिट्स बनाएर काँधमा पिनअप गरेर पनि प्रयोग गर्न सकिन्छ। सप्कोलाई एकसाथ च्याप गरेर काँधबाट घाँटीको पछाडिको हिस्साबाट लगेर उल्टो सप्कोको नयाँ रूप दिन सकिन्छ। सप्कोलाई बटफ्लाई स्टाइलमा पनि लगाउन सकिन्छ। यो स्टाइलमा सप्को सम्हाल्ने समस्या हुँदैन। उल्टो सप्कोलाई काँधबाट थोरै लुज छोडेर पिनअप गर्नु राम्रो हुन्छ। ट्रेन्डी लुकका लागि सप्कोलाई पछाडिबाट अगाडिपट्टि ल्याएर घाँटीमा दुपट्टाका रूपमा क्रस गरेर पनि लगाउन सकिन्छ।

– रोजिन शाक्य







तस्बिरहरू : महेश प्रधान









# स्वदेशी वेशभूषा

**साप्ताहिक समाचार**

काठमाडौं- पर्यटन तथा संस्कृति मन्त्री मीनेन्द्र रिजालले उद्घाटन गरेर संस्कृतिविद् सत्यमोहन जोशीले नेपाली संस्कृतिको जगेर्ना गर्नुपर्ने कुरा सुनाएपछि मञ्चमा चर्या नृत्यको श्रृंखला प्रारम्भ भयो। ५ सयजति दर्शकको उपस्थितिमा चर्या नृत्य प्रस्तुत गर्न पाएकोमा नृत्यकलाकारहरू जोस्सिएका थिए। 'अनेकतामा एकता आजको अपरिहार्यता' नारालाई अघि लगाएर शनिबार साँझ त्रिपुरेश्वरस्थित युनाइटेड वर्ल्ड ट्रेड सेन्टरस्थित डिइसिसीको हलमा आयोजित नेपालको संस्कृति झल्काउने कार्यक्रम 'पंलेटी'मा चर्याका पाँच प्रकारका नृत्य प्रस्तुत गरिए।

सांस्कृतिक नृत्य, सांस्कृतिक पहिरन एवं परम्परागत परिकारको त्रिवेणीका रूपमा कार्यक्रमको रूपरेखा तयार पारिएको थियो। डाइरेक्सन नेपाल, नारी सिर्जनशील केन्द्र तथा बज्र कला केन्द्रले संयुक्त रूपमा आयोजना गरेको उक्त कार्यक्रममा चन्द्रमणि मुनिकारको नृत्य निर्देशनमा महाकाली, कुमारी, भैरव आदि नृत्य प्रस्तुत गरिनुका साथै राज फैजुको कोरियोग्राफीमा नेपालका विभिन्न जातिका वेशभूषा समेटिएको आधा घण्टाको फेसन शो पनि देखाइएको थियो। उक्त कार्यक्रम डिइसिसीको वार्षिक कार्यक्रमअन्तर्गत आयोजित गरिएको दीपक थापाले साप्ताहिकलाई बताए।



# आपसी सम्बन्धको आधार

आपसी सम्बन्धको आधार जब हामीबाट ममा आएर रोकिन्छ तब त्यो सम्बन्धको आयु पनि बिस्तारै कम हुँदै जान्छ। कैयन् सम्बन्ध टुट्नुका पछाडिको कारण पनि मपाईं प्रवृत्ति नै हुन्छ। व्यक्तिगत स्वार्थ र अहम्लाई महत्व दिन थालेपछि सम्बन्ध बिग्रने बाहेक अरू परिणामको आशा गर्न सकिंदैन। अत: मपाईंबाट माथि उठेर हामीको भावलाई प्रश्रय दिनुपर्छ। सम्बन्ध दुई व्यक्तिको आधारशिला हो जसले एक-अर्कालाई आपसमा जोडेर राख्छ र यसमा हामी भन्ने भावले प्राथमिकता पाउनु आवश्यक छ। किनभने व्यक्ति एक्लोको सम्बन्ध हुँदैन। जहाँ दुई व्यक्तिको कुरा आउँछ त्यहाँ आपसी र एकीकृत चाहना सर्वोपरि हुनु आवश्यक छ।

अनुप र विनीता एउटै कम्पनीमा वेभ डिजाइनरका रूपमा कार्यरत छन्। एकसाथ, एउटै स्थानमा काम गर्नु उनीहरूका लागि अत्यन्त रमाइलो र खुसीको कुरा थियो। अनुप, विनीताभन्दा सिनियर थिए र दुवैलाई एउटै प्रोजेक्टमा काम गर्न दिइन्थ्यो। दुवैजना आ-आफ्नो काममा व्यस्त हुने भएकाले एकसाथ काम गरे पनि आपसी संवादका लागि समयको कमी हुन्थ्यो। एक-अर्कालाई बुझ्ने भएर पनि संवादहीनताका कारण ती दुवैबीचको दूरी थाहै नपाई बढ्दै गयो।

एउटै कोठामा काम गर्नु दम्पतीका लागि खुसीको कुरा हुनसक्छ तर त्यही खुसीमा संवादहीनता र स-साना विवाद बढ्दै गए आपसी सम्बन्धमा तनाव सिर्जना हुन समय लाग्दैन। यसलाई कम गर्न र यस्तो स्थिति सिर्जना हुन नदिन केही कुरामा विचार पुऱ्याउनु आवश्यक छ।

**एक-अर्कासित संवाद**

सम्बन्धले समय माग्छ। जब सम्बन्धलाई समय प्राप्त हुँदैन तब निकटता दूरीमा परिवर्तन हुन पुग्छ। कैयन् पटक आ-आफ्नो तर्कका कारण आपसी संवाद हुने स्थिति रहँदैन। यसका लागि एक-अर्कासित खुलेर कुरा गर्नु आवश्यक हुन्छ। समयसीमा निर्धारण व्यक्तिमा निर्भर गर्छ तर यदि आफ्नो कुरा सुनाउनु छ भने आफूले पनि सुन्ने बानी बसाल्नुपर्छ। संवादका लागि दोस्रो व्यक्तिबाट मात्र अपेक्षा राख्नु उचित हुँदैन। स्वयं आफूले पनि पहल गर्नुपर्छ।

**सामञ्जस्यता**

मनोवैज्ञानिकहरूका अनुसार व्यक्तिको मस्तिष्क स-साना कुरामा अल्झिन्छ। यस्तो स्थितिमा धेरैजसो व्यक्तिलाई आफ्नै मान्छेले उसको कुरा बुझिरहेको छैन वा कुरा काटिरहेको छ जस्तो लाग्छ। यस स्थितिमा व्यक्तिले आफ्नो प्रोफेसनल र पर्सनल कुरालाई अलग राखेर बुझ्नु आवश्यक हुन्छ। दोस्रो पक्षको राय बुझेर मात्र निर्णय लिनुपर्छ। प्रोफेसनल र पर्सनल लाइफमा सन्तुलन ल्याउन अफिसको काम कुरा अफिसमै छोडेर आउनु उचित हुन्छ। अफिसको टेन्सन घरमा भित्र्याउनु हुँदैन। न त अफिसको कामलाई घरमा ल्याएर गर्नु नै ठीक हुन्छ। प्रोफेसनल लाइफ बढी विचारप्रधान हुन्छ भने पर्सनल लाइफ भावनाप्रधान हुन्छ।

**मपाईं हावी हुनुहुँदैन**

आपसी सम्बन्धको आधार जब हामीबाट ममा आएर रोकिन्छ तब त्यो सम्बन्धको आयु पनि बिस्तारै कम हुँदै जान्छ। कैयन् सम्बन्ध टुट्नुका पछाडिको कारण पनि मपाईं प्रवृत्ति नै हुन्छ। व्यक्तिगत स्वार्थ र अहम्लाई महत्त्व दिन थालेपछि सम्बन्ध बिग्रने बाहेक अरू परिणामको आशा गर्न सकिंदैन। अत: मपाईंबाट माथि उठेर हामीको भावलाई प्रश्रय दिनुपर्छ। सम्बन्ध दुई व्यक्तिको आधारशिला हो जसले एक-अर्कालाई आपसमा जोडेर राख्छ र यसमा हामी भन्ने भावले प्राथमिकता पाउनु आवश्यक छ। किनभने व्यक्ति एक्लोको सम्बन्ध हुँदैन। जहाँ दुई व्यक्तिको कुरा आउँछ त्यहाँ आपसी र एकीकृत चाहना सर्वोपरि हुनु आवश्यक छ।

**अहम्लाई बढ्न दिनु हुँदैन**

आपसी सम्बन्धमा माया-प्रेम आवश्यक हुन्छ, त्यसमा अहम्ले स्थान बनाए सम्बन्ध सुमधुर रहन सक्दैन। प्रोफेसनल र पर्सनल लाइफ दुवैमा आफू र आफ्ना जीवनसाथीबीच समझदारी हुनु आवश्यक छ। राम्रो आपसी समझदारीका लागि मित्रवत् व्यवहार गर्नुपर्छ। यसले एक-अर्कालाई आ-आफ्नो भावना खुलेर व्यक्त गर्न मद्दत गर्छ। अभिव्यक्ति दिँदा दोस्रो पक्षले आफ्ना बारेमा के-कस्तो अनुमान गर्ला वा आफ्नो इमेज बनाउला भन्ने भावनालाई बढ्न दिनु वा सोच्नु गलत हो। पर्सनल इगोलाई सम्बन्धमा स्थान दिनु मूर्खता हो। यसले मन्दविष सरह सम्बन्धलाई कमजोर बनाउँदै लाने सम्भावना हुन्छ।

**दृष्टिकोण बदल्नुपर्छ**

कैयन् अवस्थामा मानिसहरू दोस्रो पक्षका बारेमा विशेषखालको इमेज बनाउँछन्। त्यो वास्तविकतामा सम्भव नभए वा तुलना गरिए त्यसले दु:ख मात्र पुऱ्याउँछ। उसले आफ्नो सोचअनुसार दोस्रो पक्षलाई ढाल्ने चेष्टा गर्छ जुन सम्भव नहुन सक्छ। यसले उसको चाहनामा चोट पुऱ्याउँछ र सम्झौता गर्न बाध्य भएको महसुस हुन थाल्छ। यसले सम्बन्ध सुमधुर रहन सक्दैन। अत: आफ्नो पार्टनरमाथि विश्वास गर्नु पहिलो आवश्यकता हो। उसको गुणका बारेमा बुझ्नुपर्छ। उसको अवगुण र दोषलाई खोजेर आफ्नो सम्बन्ध खतरामा पार्नुभन्दा उसका गुण र सबल पक्षलाई अँगालेर सम्बन्धलाई स्वीकार गर्नु बुद्धिमानी हुन्छ।

**साथ दिनुपर्छ**

आपसी सम्बन्धको सुमधुरता र स्थायित्वका लागि एक-अर्काको साथ र सामिप्यता महत्त्वपूर्ण हुन्छ। पारिवारिक वातावरणभन्दा टाढामात्र एक-अर्काको सामिप्यतामा समय व्यतीत गर्नुपर्छ। एक-अर्काको रुचि र चाहनामा सहभागी हुनुपर्छ। यसले एक-अर्कालाई बुझ्ने अवसर प्रदान गर्छ र एक-अर्कालाई खुसी पनि। आपसी निकटताले सम्बन्ध सुमधुर बन्छ र यही सुमधुरता एवं मिठासले दाम्पत्य जीवनलाई दीर्घकालसम्म सुखद राख्छ।

**– रोजिन शाक्य**

## मेला विवाहको

काठमाडौं- मंसिर लागिसकेको छ। विवाहको यो मौसमलाई डाइरेक्सन नेपालले 'विवाह मेला' मा परिणत गरेको छ। विवाहको तयारीमा जुटिरहनुभएको छ भने मेला तपाईंका लागि राम्रो अवसर हुनसक्छ। त्यसैले त्रिपुरेश्वरस्थित युनाइटेड वर्ल्ड ट्रेड सेन्टरको चौथो तलामा उक्लिएर विवाहसम्बन्धी आफ्ना सबै आवश्यकता पूरा गर्न सकिन्छ।

डाइरेक्सन नेपालले आयोजना गरेको 'नारी विडिङ एन्ड गिफ्ट एक्स्पो-२००९' हिजो बिहीबार प्रारम्भ भएको हो। मेलामा विवाहसम्बन्धी आवश्यक सम्पूर्ण सामग्री पाइनुका साथै, नि:शुल्क परामर्शलगायतका सेवा उपलब्ध छ। अनौठो त के भने लमीदेखि पण्डितसम्म, पहिरनदेखि क्याटरिङसम्मका सुविधा एउटै छानामुनि पाइनेछ। त्यति मात्र होइन, मनोवैज्ञानिक परामर्शका लागि विज्ञहरूसमेत प्रत्यक्ष हाजिर छन्।

कान्तिपुर पब्लिकेसन्सको नारी मासिकले प्रायोजन गरेको मेलालाई विवाह मण्डपकै रूपमा सिँगारिएको छ। पञ्जैबाजाको धुन र रंगीचंगी वातावरणले भव्य विवाह समारोहको छनक दिएको छ। त्यसैले विवाहको तयारीमा हुनुहुन्न भने पनि मनोरञ्जनका लागि यो मेलाको भ्रमण गर्न सकिन्छ।

खासगरी विवाहको तयारीमा जुटिरहेकाहरूलाई लक्षित गरेर मेला आयोजना गरिएको त्रैलकेश्वर मल्लले बताए। मल्लका अनुसार विवाहका लागि धेरैतिर भौंतारिनु नपरोस् भनेर मेला आयोजित गरिएको हो। यहाँ विवाहका लागि चाहिने कुनै पनि सामग्रीको अभाव छैन। त्यसमाथि ब्यान्डबाजा, पञ्चैबाजा, क्याटरिङ, श्रृंगार, पहिरन, पूजा सामग्रीलगायत सम्पूर्ण आवश्यकता एउटै छानामुनि पाउन सक्नु मेलाको विशेषता हो।

मेलामा विभिन्न सेलिब्रेटीको विवाहसम्बन्धी तस्बिर प्रदर्शनी गरिएको छ। मेलालाई थप आकर्षक बनाउन बेहुली श्रृंगार प्रतियोगिता पनि गरिने मल्लले बताए। त्यसका साथमा विवाहका यावत् विषयमाथि अन्तर्क्रिया पनि हुनेछ।

## उपत्यकाबाहिर प्रतिभाको खोजी

नेपाल टेलिभिजनले निर्माण गरिरहेको रियालिटी शो 'खोजी प्रतिभाको' काठमाडौं उपत्यकाबाहिरको अडिसन आगामी सोमबार प्रारम्भ हुने भएको छ। कार्यक्रमका सञ्चालक तथा निर्देशक दिनेश डिसीका अनुसार मंसिर महिनाको तेस्रो सातादेखि नेपाल टेलिभिजनबाट प्रसारण हुन लागेको यो कार्यक्रमको काठमाडौंबाहिरको पहिलो अडिसन आगामी मंसिर ९ गते बुटवलमा हुँदैछ। त्यसपछि मंसिर ११ गते नारायणघाट, मंसिर १३ गते पोखरा तथा मंसिर २७ गते धरानमा अडिसन कार्यक्रम सञ्चालन गरिनेछ। काठमाडौंबाहिरको अडिसनमा गायन, संगीत, अभिनय तथा नृत्य विधाका एक-एक जना व्यक्तित्व निर्णायकका रूपमा सहभागि हुनेछन्।



## सोफिया काभ्रे लेडिज ट्यालेन्ट



**साप्ताहिक समाचार**

गत बुधबार बनेपास्थित मयूर चलचित्र मन्दिरमा काभ्रे जिल्लाका विभिन्न स्कुल तथा कलेजमा अध्ययनरत १४ जना युवती एक-अर्कालाई उछिन्न आ-आफ्नो तर्फबाट हरसम्भव प्रयास गरिरहेका थिए। काभ्रेली स्टेपिङ स्टोन्सको आयोजनामा काभ्रे लेडिज ट्यालेन्ट शो- २००९ शीर्षकअन्तर्गत पहिलो पटक सञ्चालनमा आएको उक्त प्रतिस्पर्धाको विभिन्न चरण पार गरेर सोफिया शाक्यले प्रथम काभ्रे लेडिज ट्यालेन्टको मुकुट पहिरिन्।

उक्त प्रतियोगितामा मिस ट्यालेन्टको उपाधिसहित रेनु खुलालले फस्ट रनर्सअपमा कब्जा जमाइन् भने मिस पर्सनालिटीका रूपमा चयन भएकी रोजा शाक्यले सेकेन्ड रनर्सअपको उपाधि पनि हासिल गरिन्। गायकद्वय मिङ्मा शेर्पा र हिमाल श्रेष्ठ तथा गायिका इन्दिरा जोशीका गीतहरूले संगीतमय बनेको प्रतियोगितात्मक उक्त कार्यक्रममा मन्दिशान्ति श्रेष्ठ वेस्ट वाक, चण्डिका मानन्धर मिस डिसिप्लिन, शोभिता मानन्धर बेस्ट स्माइल, रोशना मानन्धर बेस्ट ड्रेस, अनिता महतो बेस्ट हेयर, रमिला हुमागाईं मिस फ्रेन्डसिप तथा सुजिता माध्यकर्मीले मिस फोटोजेनिकको एवार्ड जितेका थिए।

## ● तालुमा आलु ●



प्रकाश ओझा

एउटा मानिस होटल गयो ।

'एक गिलास दूध ल्याऊ त ।'

'यहाँ दूध पाइँदैन, चिया मात्र पाइन्छ'- वेटरले भन्यो ।

'एक गिलास दूधले कति कप चिया बन्छ ?'

'दस कप'

'त्यसो भए दस कप चिया लेऊ, मलाई जसरी भए पनि दिनको एक गिलास दूध पिउनु भनेर डाक्टरले भनेको छ'- व्यक्ति बोल्यो ।

ooo

दुई जना व्यक्ति होटलमा खाना खान गए । दुईमध्ये एक होटलको नियमित ग्राहक थियो ।

वेटर आएर अर्डर माग्यो ।

'भाइ मलाई त त्यही पुरानो चिकेन तन्दुरी हाफ ल्याऊ, उहाँचाहिँ के खानुहुन्छ सोध ।'

वेटर अर्कोपट्टि फर्क्यो ।

'मलाई पनि चिकेन-तन्दुरी नै ल्याऊ तर मचाहिँ पुरानो होइन ताजा खान्छु'- दोस्रोले भन्यो ।

ooo

एउटा मानिसको कार बाटोमा बिग्रियो । बाटो साँघुरो थियो । पछाडिको गाडी अघि बढ्न सकेन । पछाडिबाट अर्कोले लगातार हर्न बजाउन थाल्यो । अगाडिको व्यक्ति बोनट खोलेर इन्जिन चेक गर्दै थियो तर पछाडिबाट लगातार हर्न बजेको बज्यै गर्‍यो । धेरैबेर हर्न बजेपछि वाक्क भएर अगाडिको मानिस पछाडि आएर हर्न बजाउने व्यक्तिलाई भन्यो-

'भाइ तपाईं हर्न बजाउँदा बजाउँदा थाक्नुभयो भने गएर एउटा मेकानिक्स बोलाइदिनुहोस् म तपाईंको सट्टा हर्न बजाइदिन्छु ।

ooo

छिमेकी : बहिनी तपाईंको नयाँ कुकुरले घरको रखवाली त राम्रै गर्छ होइन ?

छिमेकी : एकदमै राम्रो गर्छ, जब घरमा मलाई चोर आएको कुरा थाहा हुन्छ म कुद्दै गएर कुकुरलाई उठाइदिन्छु अनि कुकुर भुक्न थाल्छ ।'

ooo

आमा राजुलाई फेमिली तस्बिर देखाउँदै थिइन् । राजु यो म हुँ तिम्री मम्मी । यो तस्बिर १२ वर्ष अघिको हो । राजुले मम्मीको फोटोसँगै टाइसुटमा जुँगा मोटो भएको, लामो कपाल भएको, हृष्टपुष्ट शरीर भएको व्यक्ति देख्यो र तस्बिर देखाउँदै सोध्यो-

'मम्मी यो चाहिँ को हो ?'

'यो तिम्रो ड्याडी हो ।'

'ए... अनि हाम्रो घरमा ड्याडी भएर बस्ने खुइले तालु भएको मानिसचाहिँ को हो ?

### मेरो कुरो

तपाईं रातभरि आँखामा पानी छ्यापी-छ्यापी परीक्षाको तयारी गर्नुहुन्छ तर भोलि बिहान परीक्षा अनिश्चितकालका लागि सारिएको सूचना टाँसिएको हुन्छ ।

## ● कविता ●

### यो कस्तो खुसी



यो कस्तो खुसी मन त्यसै अधीर हुन्छ
मनको वेदनाको बाढी थामिदैन
आफ्नो अगाडि नै छ तर कति टाढा भयो
एउटा मुटु छियाछिया झैं महसुस भयो
सबै गर्व गर्छन् मेरो आँखा अँधेरो हुन्छ
यो कस्तो खुसी मन त्यसै अधीर हुन्छ
जय जयकार किन गरे सोचमग्न भएँ म
हेर्दाहेर्दै वर्तमान अहिले अतीत देख्छु म
भित्रभित्रै खरानी उड्छ हावासँग मेल हुन्छ
यो कस्तो खुसी मन त्यसै अधीर हुन्छ ।

–निमेष नेवा

### छुरा धसी मुटु चिर्‍यौ

परैबाट जुधाई नजर मुटुभित्र बास लियौ
मुटुभित्र पसेपछि छुरा धसी मुटु चिर्‍यौ
बाहिर त परीजस्ती भित्री मुटु कालो रै'छ
त्यही कालो मुटुभित्र जानीजानी आफै गिर्‍यौ
टुक्रा पारी आधा मुटु तिम्ले उतै लगिहाल्यौ
बाँकी आधा मुटुचाहिँ किन यतै छोडिदियौ
टुक्रा हुँदा मेरो मुटु तिमी हाँस्दै अन्तै गा'थ्यौ
तर आज आफ्नै मुटु फाट्दा कुन सियोले सियौ ?
तिमी छैनौ केही छैन जीवन सारा रित्तै भयो
आफ्नो भन्ने मेरो यहाँ मात्र तिमी नै त थियौ
वाचा कसम सबै तोड्दै यो पुष्पलाई छोडी
मृत्युको झोल साँच्चै तिम्ले कतिखेर एक्लै पियौ ?

– अग्निपुष्प

### छर्न सकिनँ

भित्रभित्र रोएँ आँसु झार्न सकिनँ
छिटोछिटो सास फेरें तर मर्न सकिनँ
बाँचेर पनि ज्युँदै मरेको छु यहाँ
आफ्नै लागि केही गर्न सकिनँ
दोषी बनायौ तिम्ले यथार्थ नबुझी
निर्दोष भई तिम्रो नजरमा पर्न सकिनँ
पारिपट्टि गन्तव्य थियो वारिपट्टि म
त्यता पुग्ने जंघार तर्न सकिनँ
पीडा-पीडा त्यसमाथि आफन्तको वियोग
पीडा लुकाएर मुस्कान छर्न सकिनँ ।

– टीकमान


### हाल नेपालको



के गर्नु र खै यस्तै छ चाल नेपालको
सिंगौरी खेल्ने निहत्था ढाल नेपालको
हर क्षण हर पल बन्द भैरहन्छ
बजारविहीन भा'छ माल नेपालको
भोकमरीले मरिसके नेपालीहरू
लोप हुन लागिसक्यो थाल नेपालको
पर्यटकहरू घटिरा'छन्
बचाउन सकिएन ताल नेपालको
सीमा अतिक्रमणले
विलीन भयो असली खाल नेपालको
कस्तो चाला हो नेताहरूको
निम्त्याउनै लागिसके काल नेपालको
बुद्ध जन्मिएको देशमा अशान्तिमात्र
समय छँदै सुधारौं हाल नेपालको ।

– कुमार थापा

## ● लघुकथा ●



### स्वीकार प्रस्ताव

चैत-वैशाखको शिशिर ऋतुले उजाड अनि नाङ्गो बनाएको ठाउँमा वसन्त ऋतुको आगमनले कुनै जादु भएको महसुस गरे । उनी समीप आएर तीन दिनअगाडिको अस्वीकार प्रस्तावलाई स्वीकार गरी मेरो हातमा गुलाफको फूल थमाउन लाग्दा म पागलसरि चिच्याएछु । एक्कासि आँखाबाट खुसीको मेल उर्लिन लागेछ । उनको हातले मेरो अनुहारमा स्पर्श गर्दा मात्र म होसमा आएछु । म सम्हालिएँ....।

त्यहाँबाट हामी नजिकै रहेको बगैंचातर्फ लाग्यौं । जहाँ म मेरो सफलतामा दंग थिएँ । हामीबीच धेरै कुरा आदान-प्रदान भयो । त्यस दिन म हर्षविह्वल थिएँ, जुन खुसी सम्हाल्न मलाई गाह्रो परेको थियो । जीवनको सबैभन्दा ठूलो र मृत्युपर्यन्त नभुल्ने खुसी मैले त्यस दिन पाएको थिएँ । हामीले जन्म-जन्म चखेवा जोडीझैं खुला आकाशमा स्वतन्त्र रमाउँदै बाँच्ने प्रण गर्‍यौं । त्यस दिन पाँच बजेको पत्तै पाएनौं । त्यस दिनलाई बिदा गरी अर्को दिनसम्मलाई छुट्ने निर्णय गरी चाँडै भेट्ने वाचाका साथ हामी छुट्न लाग्दा जब मैले उनको हात छाडें, म झसंग सपनाबाट ब्यूझेछु ।

–उमेश फिदिम

# चराझैं सरर आकाशमा



**शिव शर्मा**

पोखरा- यतिबेला हिमाल मात्र खुलेको छैन, चराझैं आकाशमा दिनहुँ प्याराग्लाइडिङ उडिरहेका छन् । आक्कल-झुक्कल देखिने प्याराग्लाइडिङ यो वर्ष यहाँको आकाशमा हूलका हूल उड्न थालेका छन् ।

हेर्नेहरूलाई त यो रमिताजस्तै लाग्छ । दसैंको सुरुवातसँगै प्याराग्लाइडिङको मौसम सुरु भैसकेको हुन्छ । यतिबेला लेकसाइड र सराङकोटको नीलो आकाशमा प्याराग्लाइडिङको ताँती देख्न पाइन्छ । यो भीडभाडले प्याराग्लाइडिङ उड्नका लागि पनि पालो पर्खनुपर्ने अवस्था आएको छ । यसो हुनुमा यो वर्ष दोब्बरले बढेको पर्यटकसंख्या नै हो । त्यसो त अंग्रेजी क्यालेन्डरको अक्टोबर सुरु भएपछि प्याराग्लाइडिङको मौसम सुरु हुन्छ ।

यो प्याराग्लाइडिङमा उड्ने उपयुक्त मौसम हो । यो समय उडानका लागि युरोपमा प्रतिकूल मौसम भएकाले यसका सौखिनहरू यता ओइरिएका हुन् । यहाँका हरिया पहाड, तालतलैया र छ्याङ्ङै खुलेका हिमाल हेर्दै उड्नुको मज्जा बेग्लै हुने विदेशी पर्यटकहरूको भनाइ छ । हातको सहाराले चलाउन सकिने विनाइन्जिनको प्याराग्लाइडिङमा दुई जनासम्म चढ्न सकिन्छ ।

नेपालीले एक घण्टा प्याराग्लाइडिङ चढेको ४ हजार ५ सय र विदेशीहरूले ५ हजार तिर्नुपर्छ । नेपालमा पहिलो पटक सञ्चालनमा आएको प्याराग्लाइडिङ सनराइज हो । यसका प्रबन्धक राजेश बमजन हुन । उनी नेपालकै पहिलो प्याराग्लाइडिङ पाइलटका रूपमा चिनिन्छन् । पोखरामा सराङकोट, फ्रन्ट लाइन प्याराग्लाइडिङ र ब्लुस्काई प्याराग्लाइडिङ पनि छन् । प्याराग्लाइडिङ कम्पनीहरूले स्रोत र साधनको अभावका कारण अझै उच्चस्तरीय सेवा दिनबाट वञ्चित हुनुपरिरहेको छ, तर अहिले पर्यटकहरूको चापले सबै दंगदास छन् । ब्लुस्काई प्याराग्लाइडिङका नारायणप्रसाद पराजुलीले हर्षित हुँदै उनले भने- 'अघिल्लो वर्षको तुलनामा प्याराग्लाइडिङ उड्ने पर्यटकहरू बढेका छन् ।' पर्यटकहरू प्याराग्लाइडिङ नै गर्न आउने क्रम तीव्र भएको उनले बताए । प्याराग्लाइडिङको राम्रो भविष्य देखेर नै ब्लुस्काई प्याराग्लाइडिङले चाँडै नै यहाँ प्याराग्लाइडिङको विद्यालय खोल्ने तयारीसमेत गरेको छ ।

साहसिक खेल वा साहसिक पर्यटनको माध्यमबाट पर्यटनको विकास गर्न सकिन्छ भन्ने उद्देश्यले यहाँ बर्सेनि अन्तर्राष्ट्रिय स्तरको प्याराग्लाइडिङ प्रतियोगिता पनि हुँदै आएको छ । हवाई खेलका रूपमा लिइएको प्याराग्लाइडिङको मज्जा लुट्न विदेशी पर्यटकहरू उत्साहित हुन्छन् । शुल्क केही महँगो भएका कारण स्थानीय बासिन्दाहरू भने प्याराग्लाइडिङ उड्न चाहँदैनन् ।

# विराटनगरमा मिनी क्यासिनो

**कमल रिमाल**

विराटनगर- पर्यटन वर्ष सन २०११ लाई लक्षित गर्दै विराटनगरमा विदेशीका लागि मात्र भनेर मिनी क्यासिनो सञ्चालनमा ल्याइएको छ । रत्ना होटलमा सीएमजी क्लबले स्थापना गरेको मिनी क्यासिनोले भारतीय पर्यटक भित्र्याउने बताइएको छ । भारतीय सीमावर्ती क्षेत्र विराटनगरमा स्थापना गरिएको मिनी क्यासिनोले पर्यटन वर्षमा आउने विदेशी पर्यटकलाई मनोरञ्जन दिने सीएमजी क्लबले जनाएको छ ।



गएको सोमबार एक समारोहका बीच पर्यटन तथा नागरिक उड्डयनमन्त्री शरदसिंह भण्डारीले मिनी क्यासिनोको उद्घाटन गरे । पर्यटन वर्ष सन् २०११ लाई लक्षित गरेर पूर्वी तराईका जिल्लामा पर्यटन विकास गर्न थालिएको मन्त्री भण्डारीले बताए । मिनी क्यासिनो उद्घाटन समारोहमा भारतीय सञ्चारकर्मीहरूलाई डाकेर त्यसको प्रचारमा सहयोग गर्न आग्रह गरियो । सीएमजी क्लबले यसअघि काठमाडौं र पोखरामा पनि मिनी क्यासिनोमार्फत पर्यटकलाई मनोरञ्जन दिँदै आएको छ । अब ठमेल र वीरगन्जमा पनि क्लब स्थापना गरेर पर्यटकलाई मनोरञ्जनात्मक खेलमा सहभागी गराइने क्लबका प्रबन्ध निर्देशक नरेन्द्र साहले बताए ।

रत्ना होटलसँगको सहकार्यमा स्थापना गरिएको क्लबमा १ करोड २८ लाख मूल्य पर्ने 'रुलेट मेसिन' राखिएको छ, जसमा एकै पटक आठ जनाले खेल्न सक्छन् । क्वाइन हालेर खेलिने खेलमा छनौट गरिएको नम्बर पर्‍यो भने खेलाडीलाई त्यसबापतको रकम दिइन्छ । क्लबका लागि ३ करोड रुपैयाँ लगानी गरिएको साहले बताए । सीएमजी क्लबले नेपाल सरकारबाट मिनी क्यासिनो सञ्चालन गर्ने अनुमति लिएकाले इलेक्ट्रोनिक गेमहरू मात्र खेलाइने उनले जानकारी दिए । भारतीयहरूले सबैभन्दा बढी रुचाउने यो गेमलाई 'इन्डियन पोकर' पनि भनिन्छ । क्लबमा नेपालमै तयार गरिएको कम्प्युटर गेम भिडियो पोकर राखिएको छ । हाल २३ जनाले एकैपटक खेल्न सक्ने बनाइए पनि बढाएर ५० जनासम्मले खेल्न सक्ने बनाइने साहले बताए ।

विराटनगरको मिनी क्यासिनोमा 'स्पिन फोर रिच' गेम पनि राखिएको छ । नेपालमा जुन गेम पोखराको फूलबारी रिसोर्ट र विराटनगरको रत्ना होटलमा मात्र रहेको प्रबन्ध निर्देशक साहको दाबी छ । त्यसबाहेक हाइपो रुलिट गेम, एक्स्ट्रा ड्र, फ्रुट फाइभ, एलाइन्स, टार्जन आदि गेमहरू पनि खेल्ने व्यवस्था गरिएको छ । कम्प्युटर प्रविधिका यी सफ्टवेयर भने जापान र ताइवानबाट ल्याइएका हुन् । 'कुनै पनि नेपालीका छोरा नबिग्रिउन् भनेर हामी नेपालीलाई क्लबमा पस्न दिँदैनौं,' प्रबन्ध निर्देशक साहले भने- 'विदेशी पनि २१ वर्षमुनिकाले खेल्न पाउँदैनन् ।' अन्य मुलुकमा पर्यटकीय स्थल र अन्तर्राष्ट्रिय एयरपोर्टहरूमा पनि यस्ता मेसिनहरू राखिएका हुन्छन् । नगद, क्वाइन, सिक्का र रसिदबाट खेल्न सकिने यस्ता गेमबाट



## • सन्देश •

नेपालीको जाँच सकिएपछि पाटन क्याम्पसको गेटअघि मैले मोबाइलमा कुरा गर्दा घरी-घरी हेरिरहने । त्यसपछि माइक्रोबसमा पनि हेरिरहने, मुस्कुराउने र सहिदगेट आएर दिदीसँग फलफूल किनेर हराउने, खैरो सुट लगाउने मायालुलाई मेल गर्न अनुरोध छ ।

**bb-magar@yahoo.com**

समाजको रुढीवादी कुरीतिको डोरी चुँडालेर मसँग वैवाहिक सम्बन्ध जोडेकी प्राण प्यारी जीवनसाथी सुनिताको जन्मदिनका अवसरमा निरन्तर प्रगति तथा सुस्वास्थ्यको शुभकामना ।

**हीरा नेपाली**

हाम्रो प्यारो छोरा निमेष तामाङ (मोक्तान) को दसौँ जन्मदिनको अवसरमा उनको उज्ज्वल भविष्य, सुस्वास्थ्य एवं दीर्घायुको कामनाका साथै पढाइमा प्रगति होस् भन्दै ह्यापी बर्थडे भन्न चाहन्छौँ ।

**बाबा गोपाल तथा आमा राधिका**

हृदयकी धड्कन काली, जन्मदिनको लाखौंलाख शुभकामना । हर रातले सुन्दर बिहानीको अनि हर बिहानीले राम्रो दिनको लक्ष्य लिएर्झैं जीवनमा अघि बढिरहनू, सफलता अनि खुसीले तिम्रो साथ कहिल्यै नछोडोस् । हरेक चुनौती सामना गर्न सक । सुस्वास्थ्य एवं दीर्घायुको कामना ।

**तिम्रो फुच्चे**

मेरो प्यारो साथी भीम, वैवाहिक जीवनमा बाँधिएकोमा नयाँ जोडीलाई हार्दिक बधाई ।

**सन्तोष**

आत्मीय साथी कविताको जन्मदिनका अवसरमा सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको मंगलमय कामना ।

**एस.**

यही मंसिर महिनामा जन्मदिन परेका आत्मीय मित्रहरू जनक तथा प्यारा दाइ दीपेशमा सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना ।

**दीपा**

आत्मीय मित्रहरू..., आजभोलि कतातिर हराउनुभयो...। मेचीदेखि महाकालीसम्म छरिएर रहेका पत्र परिचित मित्रहरूमा मीठो सम्झनाका साथै न्यानो-न्यायो अभिवादन । मित्रहरू, भौगोलिक दूरीले सयौँ कोश टाढा रहे पनि भावनात्क रूपमा एकै साथ रहेको अनुभूति भैरहेछ... । यसरी नै निरन्तर रूपमा पत्र पठाइरहनू, आई अल्वेज आई मिस यू अल माई फ्रेन्ड ।

**करण**

रोना दिदी, रङ नम्बरले गर्दा कुराकानी भयो तर कहिल्यै पनि भेटघाट हुने सौभाग्य मिलेन । दिदी, हजुर किन रिसाउनुभएको हो ? यदि मैले फोनमा कुरा गरेर केही गल्ती गरेको छु भने त्यसको सजाय भोग्न तयार छु । म तपाईंको भाइ बन्न चाहन्छु । दिदी, म रगतको नाता नभए पनि भावनाको नाता जोड्न चाहन्छु ।

**एम**

मेरा सम्पूर्ण आफन्त इष्टमित्र तथा साथीभाइहरूमा मीठो सम्झना ।

**लोमश खतिवडा**

साथी गंगामाया, तिमी अहिले कहाँ छयौ ? आरामै छयौ होला । मैले तिमीलाई कति भेट्न चाहेँ तर तिम्रो ठेगाना र फोन नम्बर नभएकाले भेट्न सकिनँ । स्कुलबाट छुटेपछि तिम्रो र मेरो भेट भएको छैन । आफ्नो ठेगाना र फोन नम्बरसहित पत्राचार गर ल ।

**शिवराम**

विना, मनिला, तिमीहरू अहिले कहाँ बस्छौ ? मैले अफिस जाने क्रममा मनिलालाई बसबाट नयाँबानेश्वरको स्कुलअगाडि परीक्षा दिएर निस्कँदै गरेको देखेको थिएँ । तिमीहरूलाई मेरो धेरै-धेरै सम्झना । सायद तिमीहरूले मलाई बिर्सिसक्यौ होला । फोन गर ल । म फोनको प्रतीक्षामा बस्नेछु ।

**सुदर्शन**

## • जीवनको गोरेटोमा •

### विछोडिँदाको पीडा



करिब दुई वर्षअघिको कुरा हो । म कक्षा १० मा अध्ययनरत थिएँ । त्यो बेला पत्रमित्रता फेसनजस्तै भैसकेको थियो । मेरा साथीहरू पत्रमित्रता गरी धेरै साथी बनाउने भन्दै चिठी लेख्थे । मैले पनि जानी नजानी केही साथीलाई पत्र पठाएँ अनि केही साथीको जवाफ पनि पाएँ ।

मैले उनैलाई असल साथी बनाउने प्रस्तावस्वरूप पत्र पठाएँ । करिव एक महिनाको अन्तरालपछि मैले ती साथीको जवाफ पाएँ । त्यो दिन म धेरै खुसी थिएँ । उनको घर बुटवल रहेछ ।

समय बित्दै गयो । त्यतिबेला म इन्टर पहिलो वर्षमा अध्ययनरत थिएँ । जीवन जिउने आधार नै पढाइ थियो । म आफ्नै खुट्टामा उभिन चाहन्थें ।

मलाई देखेर धेरै केटाहरू मोहित हुन्थे । धेरैले मसँग प्रेमप्रस्ताव राखे तर मैले कसैको प्रस्ताव स्वीकार गरिनँ । त्यसै क्रममा पत्रमित्रको प्रेमप्रस्तावरूपी एसएमएसहरू आउन थाल्यो । करिब एक महिना जति दिनहुँजसो कहिले एसएमएस, कहिले कुराकानी हुन्थ्यो ।

एकदिन उनले छुट्टीमा घर आउँदा मलाई भेट्ने कुरा गरे । त्यसपछि हाम्रो भेट पनि भयो ।

आफ्नो पहिलो भेटमा एक-अर्काको मनको भावना, दुःख-सुख साटासाट गऱ्यौं र घरतर्फ लाग्यौं । त्यसको केही दिनपछि उनी जागिरको सिलसिलामा इलाम गए । पहिले जस्तै फोनमार्फत् कुराकानी भै नै रहन्थ्यो । त्यसै क्रममा एक्कासि उसले फोन गर्न छाडे । तैपनि उनीप्रति समर्पित भएकाले म कल गर्थें । राम्रै कुराकानी पनि हुन्थ्यो । मलाई पूर्ण विश्वास थियो कि उनले मलाई साँचो माया गर्छन् तर कुरा उल्टो रहेछ । त्यसै क्रममा उनले फोन गर्दा उठाउनै छोडे । एमएमएस गर्दा जवाफ दिन पनि छाडे ।

करिब १०-१५ दिनपछि एकपटक फोनमा भेट भयो । त्यतिबेला उनले कार्यव्यस्तताका कारण फोन गर्न पाइनँ, नरिसाउनँ, तिमी मेरै हौ, तिमीबिना मेरो जिन्दगी अधुरो हुन्छ । प्लिज मलाई कहिल्यै नभुल्नँ भने । मलाई के थाहा यो सबै झूट हो तर पनि मैले कल गर्ने प्रयास कैयौंपटक गरें, तर रिसिभ भएन, एसएमएस गरें जवाफ आएन । अचानक एक दिन फोन उनैले उठाए, तर मेरो आवाज सुन्नासाथ अर्कै साथीलाई बोल्न लगाए, मैले ती साथीसँग कुरा गरें । साथीले उनी त्यहाँ नभएको र पहिले नै उनी काठमाडौं गएको कुरा गरे तर त्यो सबै झूट थियो । मलाई विश्वास थियो कि पहिले बोल्ने उनी नै हुन् । मेरो बारम्बार आग्रहपछि उनलाई फोन दिए । एक्कासि तपाईं को हो ? तपाईंलाई म चिन्दिनँ भनेर फोन राखिदिए । त्यस्तै कैयौंपटक मोबाइल उठाएर केही नबोली फोन होल्डमा राखिदिन्थे । मचाहिँ उनकै आवाजको प्रतीक्षामा हुन्थें तर निष्ठुरीको मन ढुंगाभन्दा कठोर हुँदो रहेछ । किन तिम्रो मन यति कठोर ? किन बिनाकारण मदेखि टाढा हुन्छौ ? सक्छौ भने विछोडिनुपर्ने कारण वा मेरो कुनै गल्ती भए बताइदिन आग्रह गर्छु ।

**– जुनाली**

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

नाम : ..........

उमेर : .......... उचाइ : ..........

पेसा : .......... शिक्षा : ..........

स्वभाव : .......... वैवाहिक स्थिति : ..........

अभिरुचि : .......... वर्ण : ..........

इमेल : ..........

ठेगाना : ..........

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........

..........

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## • साथी •



पत्रमित्रतामा अभिरुचि राख्ने राम ऐर 'अविरल' को उचाइ ५ फिट ५ इन्च छ । १७ वर्षीय राम आफूलाई मिलनसार स्वभावको बताउँछन् । अविवाहित ऐर गहुँगोरो वर्णका छन् । जातपात, धनी-गरिब भेदभाव नगर्ने तथा सबैलाई सहयोग गर्ने साथीको खोजीमा रहेका रामलाई साथी बनाउन चाहनेहरूले फ्लोरेडा उच्च मा.वि., जानकीटोल, कञ्चनपुरमा पत्राचार गर्न सक्नुहुन्छ ।



१७ वर्षीय दीपक ऐर 'क्षितिज' को उचाइ ५ फिट ६ इन्च छ । गहुगोरो वर्णका दीपक अविवाहित छन् । आईएस्सी प्रथम वर्षमा अध्ययनरत दीपक हँसिलो स्वभावका छन् । सुख-दुःखमा साथ दिने, जातपातको भेदभाव नगर्ने साथीको खोजीमा रहेका दीपकलाई रेडिएन्ट उच्च मा.वि., कञ्चनपुरमा पत्राचार गर्न सकिन्छ ।



सशस्त्र प्रहरी बलमा कार्यरत नन्दबहादुर गुरुङ ५ फिट ३ इन्च अग्ला छन् । २३ वर्षीय नन्दमा सबैसँग खुलेर बोल्ने स्वभाव छ । एसएलसीसम्मको अध्ययन पूरा गरेका नन्द गीत-संगीत सुन्ने अभिरुचि राख्छन् । गोरो वर्णका नन्द आफ्नो दुःखमा साथ दिने साथीको खोजीमा छन् । उनलाई साथी बनाउन चाहनेहरूले पूर्व गृहमन्त्री कृष्णप्रसाद सिटौलाको निजी निवास महाराजगन्ज, काठमाडौंमा पत्राचार गर्न सक्नुहुन्छ ।



आईए दोस्रो वर्षमा अध्ययनरत डीबी आले गहुँगोरो वर्णका छन् । सबैसँग मिलेर बोल्न चाहने आलेको उचाइ ५ फिट २ इन्च छ । अध्ययन तथा गीत-संगीतमा अभिरुचि राख्ने डीबी मिलनसार स्वभाव, सुख-दुःखमा साथ दिने तथा उच्च विचारको साथीको खोजीमा छन् । उनलाई साथी बनाउन चाहनेहरूले घर्तीछाप-५, गैरीगाउँ, काभ्रेपलान्चोकमा पत्राचार गर्न सक्नुहुन्छ ।



२१ वर्षीय संकल्प काफ्ले डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ अध्ययनरत छन् । नम्र स्वभावका संकल्पको उचाइ ५ फिट ७ इन्च छ । अविवाहित काफ्ले साथी बनाउने अभिरुचि राख्छन् । संकल्प गहुँगोरो वर्णका छन् । गोठादी-३, पाल्पाका संकल्प मानिस भएर मानिसको व्यवहार गर्न जान्ने साथीको खोजीमा छन् । संकल्पलाई साथी बनाउन चाहनेहरूले kalpa_sk@yahoo.com मा इमेल गर्न सक्नुहुन्छ ।



देवराज कट्टेल 'असफल' आफूलाई पृथक् पहिचान दिने अवसरको खोजीमा छन् । ५ फिट ५ इन्च अग्ला असफल हाल कक्षा ११ मा अध्ययनरत छन् । १८ वर्षीय कट्टेल अविवाहित हुन् । गोरो वर्णका देवराज असल, इमान्दार, साथीको भावना बुझ्ने, मित्रतालाई निरन्तरता दिने साथीको खोजीमा छन् । बगाहा-८, त्रियुगा नगरपालिका, उदयपुरका कट्टेललाई साथी बनाउन चाहनेहरूले katel_dev@yahoo.com मा इमेल गर्न सक्नुहुन्छ ।



बीबी रानामगरले आईएसम्मको अध्ययन पूरा गरेका छन् । आफूलाई विद्यार्थीका रूपमा चिनाउने रानामगर २४ वर्षको भए । अविवाहित बीबी गहुँगोरो वर्णका छन् । लेखन तथा अध्ययनमा रुचि राख्ने बीबीको उचाइ ५ फिट ६ इन्च छ । स्थायी ठेगाना ठुलो लुम्पेक-४, गल्मी हो । क्रान्तिकारी विचार राख्ने, घमन्ड नभएको इमान्दार साथीको खोजीमा रहेका बीबीलाई साथी बनाउन चाहनेहरूलेbbr_magar@yahoo.com मा इमेल गर्न सक्नुहुन्छ ।

# हामी नेपाली किन र के कारणले पिछडिएका छौं ?

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. मानिसहरूलाई अर्काका श्रीमान्/श्रीमती किन राम्रा लाग्छन् ?
२. पुरुषहरू महिलाको चरित्र र चालचलनको कुरा किन बढी गर्छन् ?
३. पढेर जानिन्छ कि परेर ?
४. नेपालको सबैभन्दा ठूलो समस्या के हो ?
५. वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ कि हुँदैन ? किन ?
६. नेपालमा जातीय आधारमा राज्य बनाउनु कत्तिको उपयुक्त हुन्छ ? किन ?
७. कस्ता मान्छेले राजनीति गर्नुपर्छ ?
८. तपाईं वान साइडेड लभमा पर्नुभएको छ ?
९. रोमान्टिक गीत राम्रा हुन्छन् कि ट्र्याजिक ? किन ?
१०. नेपालले खेलकुदमा किन सधैं हार्छ ?



व्यावसायिक ज्ञानको कमी, स्वार्थी नेता एवं खुट्टा तानातान गर्ने प्रवृत्ति ।

**प्रवीण ज्ञवाली, करादी**

ओहो ! यति कुरा पनि किन नबुझेको होला ? सम्पादकज्यूले नै यसको सही विश्लेषण गरेर जनतालाई सुसूचित गर्नु पर्ने होइन र ?

**रेशम सुनुवार**

हामी नेपालीहरू अरूको नक्कल गरेर पिछडिएका छौं । अरूले गरेको प्रगति देखेर नेपालीहरू नक्कल गर्छन् तर त्यसमा सफल हुन सक्दैनन् ।

**पेशल दाहाल**

आफ्नो बुद्धि-विवेक सही ठाउँमा परिचालन गर्ने वातावरण नभएर ।

**टीका अर्याल, स्याङ्जा**

अरूको मुख ताक्ने बानीले हुन सक्छ तर तपाईं त्यसो नगर्नु है, सही कुरा त गरिहाल्नुपर्छ क्या । फेरि पछुताउनुपर्ला नि ।

**आर.एस., पाल्पा**

हामी नेपाली अर्काको खुट्टा तान्ने तथा सधैं सुख मात्र खोज्नाले पिछडिएका हौं ।

**वैद्यनाथ कोइराला**

हामी आफ्नो देशका नेता एवं तिनीहरूले गर्ने कार्यका कारण पिछडिएका छौं । उनीहरूले कुर्सीको मोह त्याग्न नसकेका कारण पनि पिछडिएका हौं ।

**सागर ढुगाना**

अरे सम्पादकज्यू, लौ कविता सुन्नुहोस्, हिमाल छ, पहाड छ, ठूल्ठूलो ताल छ, बुद्ध जन्मिएको देशमा बुद्धिको अनिकाल छ, त्यसैले ।

**मीनु हितांग, स्याङ्जा**

राष्ट्रसँग भएको सम्पदाको सही ढंगले विवेकपूर्ण सदुपयोग गर्न नसकेरै हामी पिछडिएका हौं ।

**तीर्थमान श्रेष्ठ (२६), छबीसे**

हामी नेपाली अल्छीपन, भोलिवादी, अन्धविश्वास, नचाहिंदो काममा लाग्ने, ईर्ष्या गर्ने, अशिक्षा र राजनैतिक अवस्था जस्ता कुराले पिछडिएका छौं ।

**राकेश श्रेष्ठ**

यसका धेरै कारण छन् । मात्र ३० शब्दमा जवाफ दिन सकिंदैन ।

**मीनबहादुर परियार, जम्दह, सिरहा**

नेपाली नेता नै हरिप छन् अनि पिछडिनु परेन त ?

**प्रवीण**

सरकारमा जाने बूढाहरूले गर्दा नै हो ।

**विराट तामाङ, सिराहा**

हामी नेपाली अरू कसैले प्रगति गऱ्यो भने आफूले मेहनत नगरी खुट्टा तान्ने प्रवृत्तिले पिछडिएका हौं ।

**नारायण कुँवर, गुल्मी**

नेपालको ऐन कानुन नै तरल अवस्थामा छ । यसलाई सुधार गर्न नेपाल सरकार मौन छ । हाम्रो देश युके, अमेरिका जस्तो विकसित र पुँजी भएको देश होइन, तर आमनेपाली नागरिक विदेशीको नक्कल र देखासिकी गर्दै पिछडिएका छन् ।

**केशमान पुन**

हाम्रो देशका नेताहरू राष्ट्रिय स्वार्थ अनुरूप काम गर्दैनन्, व्यक्तिगत स्वार्थमा लागेर देशमा द्वन्द्व चर्काउँछन्, त्यसैले ।

**त्रिताल नोदनाथ (२७), धनकुटा**

हामी नेपाली पछि परेका होइनौं । नेताले देश बिगारेर हामीलाई पछि पारेका हुन् ।

**पृथक् थापा**

परम्परा, अशिक्षाजस्ता कारणले नै हामी पिछडिएका हौं ।

**प्रदीप चौलागाईं**

## ● यौन जिज्ञासा र समाधान ●



डा. राजेन्द्र भद्रा

**प्रश्न : म २० वर्षीय युवक हुँ । मेरो लिङ्ग उमेरअनुसारको आकारमा छ, तर थोरै छड्केको अर्थात् घुमेको छ । जस्तै– ३० डिग्रीलाई सोझो मान्ने हो भने ८० डिग्रीमा छड्केको छ र बूढी औंलाको आकारमा घुमेको छ । यो मेरो जन्मदेखिको समस्या होइन, त्यसैले म आफ्नो लि  सोझो बनाउन कुनै पनि हदसम्म जान सक्छु । के यो समस्याको समाधान हुन सक्छ ? यदि मैले युवतीसँग यौनसम्पर्क राखें भने कुनै असर पर्छ ?**

**– पी**

### उत्तर : लि  को संरचना

सन्तान उत्पादनका लागि महिलाको योनिमा वीर्य राख्नु यसको प्रमुख कार्य हो भने 'यौन' आनन्द दिनु अर्को कार्य । लिङ्ग प्रायः सधैंजस्तो छोपिने अङ्ग भए पनि यसको बनावटका सम्बन्धमा निकै चासो हुन्छ । पुरुषको 'व्यक्तित्व', 'पौरुषत्व' वा भनौं आफ्नो पहिचान तथा आत्मसम्मानसँग जोडिएकाले यसको अन्य अङ्गको तुलनामा सांकेतिक महत्त्व बढी पाइन्छ । सायद त्यसैले होला, कुनै पनि व्यक्ति उसको यौन तथा प्रजनन अङ्गको नाप तथा आकारप्रति सजग हुनु अस्वाभाविक होइन ।

लिङ्ग मुख्यतया तीनवटा स्पन्जजस्तो संरचनाले बनेको हुन्छ । लिङ्गको माथितिर दुइवटा Corpus Cavernosa भनिने भाग हुन्छन् भने तलतिर Corpus Spongiosum । लिङ्ग उत्तेजित हुँदा यिनै संरचनाहरूमा रगत भरिन्छन् र लिङ्ग मोटो एवं कडा हुन्छ । उत्तेजित नभएको बेलामा त लिङ्ग एक लचिलो अङ्गका रूपमा हुन्छ र बाङ्गोपनको खास आभास हुँदैन, उत्तेजित हुँदा मात्र यो बाङ्गोपन देखिन्छ ।

### बा ोलि

हुनत तपाईंले बूढी औंलाको आकारमा घुमेको छ भन्नुभएको छ तर लिङ्ग कुन अर्थमा बाङ्गो मान्नुभएको हो तथा कसरी आफ्नो लिङ्ग सामान्यभन्दा बाङ्गो भएको थाहा पाउनुभयो भन्ने कुरा खुल्नु आवश्यक छ । शंका लागेको स्थितिमा चिकित्सकको परामर्श लिई बाङ्गो भए-नभएको पक्का गर्नु राम्रो हुन्छ । सम्पूर्ण शरीर देखिने ऐनामा केही दूरीबाट हेर्दाको भन्दा माथिबाट सीधै हेर्दा लिङ्गको बाङ्गोपन बढी देखिन्छ । तपाईंको पत्रमा स्पष्ट उल्लेख नभएको भए पनि उत्तेजित हुँदाको लिङ्गको कुरालाई नै ध्यानमा राखेर चर्चा अघि बढाएका छौं ।

व्यक्ति-व्यक्तिअनुसार लिंगको नाप र आकारमा भिन्नता हुन्छ र यो लिङ्गको विकासक्रममै हुने कुरा हो । हाम्रो शरीरको पनि दायाँ-बायाँ ठ्याक्कै बराबर हुँदैन, केही फरक हुन्छ । शरीरको बीचमा परेको भए पनि शरीरको विकासको क्रममा यी प्रभाव लिङ्गमा पनि देखिन्छ । सबै पुरुषको लिंगको आकार एकै किसिमको हुँदैन र उत्तेजित अवस्थामा एकदम सीधा नभै लिंग आफैंमा केही मात्रामा टेढो (बाङ्गो) हुन्छ । यो सामान्य कुरा नै हो । कतिपयले लिङ्ग शरीरसँग टाँसिएको कोणको कुरालाई लिएर बाङ्गोपनको कुरा गर्छन् । कतिपयले लिङ्ग उत्तेजित हुँदा शरीरबाट सीधा बाहिर निस्किएको वा भुइँसँग समानान्तर (उभिएको अवस्थामा) हुनुपर्छ भन्ने सोच्छन्, तर कुरा त्यसो होइन । लिङ्ग उत्तेजित हुँदा केही छड्के भएको हुन सक्छ । लिङ्गको Corpus Cavernosa भन्ने भाग जघनास्थी (pubic bone) सम्म जोडिएको हुन्छ । यसले नै उत्तेजित लिङ्गको कोणलाई निर्धारित गर्छ । पत्रमा तपाईंले उल्लेख गर्नुभएको कोण यसअनुसार लिइएको जस्तो बुझिएन ।



### के लिंग बा ो भए यौनसन्तुष्टि दिन सकिन्छ ?

पुरुषलाई निकै चिन्ता हुने भए पनि हल्का किसिमको लिङ्गको बाङ्गोपनले यौनसम्पर्कलाई कुनै बाधा पुऱ्याउँदैन र यौनसुख लिन तथा दिन दुवै सकिन्छ । तपाईंले कस्तो किसिमको असरको कुरा गर्नुभएको हो, बुझिएन । पत्रमा उल्लेख गर्नुभएजस्तै थोरै मात्र छड्के र घुमेको स्थितिमा नकारात्मक असर पर्ने कुरा हुँदैन ।

टेढोपन निकै छ भने समस्या गम्भीर हुनसक्छ, तर यस्ता स्थिति विरलै हुन्छन् । मूत्रनलीको विकासमा गडबडी भएर टेढोपन भएको (hypospadias) स्थितिमा लिंग तलतिर बाङ्गो हुन्छ । लिंग निश्चित (स्थायी) रूपमा बाङ्गो भएको अवस्थालाई chordee भनिन्छ । मूत्रद्वारको संक्रमण पनि बाङ्गोपनको कारण हुनसक्छ । Peyronie's disease मा सामान्य लिङ्ग अकस्मात् निकै बाङ्गो हुन गै यौनसम्पर्क गर्न नसक्ने हुन्छ र दुख्छ पनि । पक्का रूपमा कारण थाहा नभएको यो रोग अक्सर ४० वर्षभन्दा माथिका मानिसलाई लाग्छ । यस्ता गम्भीर समस्याका लागि मात्र चिकित्सकको सहयोग आवश्यक पर्छ । तपाईंमा यस्तो कुनै पनि गम्भीर समस्या भएजस्तो बुझिंदैन ।

### लि  लाई कसरी सोझ्याउने ?

शल्यचिकित्सा नै लिङ्ग सोझ्याउने उपाय हो । सामान्यतः गम्भीर प्रकृतिको लिङ्गको बाङ्गोपनलाई शल्यक्रियाद्वारा नै सोझो बनाइन्छ, तर विचार गर्नुपर्ने कुरा के छ भने शल्यक्रियाका हानि पनि हुनसक्छन् । त्यसैले आफ्नो लिङ्गको बाङ्गोपनका सम्बन्धमा शंका छ भने शल्यचिकित्सकको परामर्श लिन सकिन्छ, तर आवश्यक नै नभै हल्का किसिमको बाङ्गोपनलाई सोझ्याउन खोज्दा फाइदाको सट्टा बढी नै हानि हुने सम्भावना पनि हुन्छ, अर्थात् यस्ता शल्यक्रियालाई सामान्य मान्नु हुँदैन ।

तपाईंलाई लिङ्गको बाङ्गोपनका सम्बन्धमा शंका छ भने चिकित्सकको परामर्श लिन सक्नुहुन्छ । विचारै नगरी त्यस्तो उपचार गर्नु बुद्धिमानी नहुन सक्छ । समस्या गम्भीर नहुँदा आफ्नो लिङ्ग सोझ्याउनेतिर लाग्नुभन्दा पहिले महिलाले कसरी यौन आनन्द पाउँछन् भन्ने कुरा बुझ्नतिर लाग्नु बुद्धिमानी हो । अधिकांश महिलाले भगांकुरको प्रत्यक्ष वा अप्रत्यक्ष घर्षणबाट यौनसुख प्राप्त गर्छन् । तपाईंलाई थाहै होला, भगांकुर बाहिरै हुन्छ र यसको घर्षणका लागि लिङ्ग नै चाहिने होइन भन्ने कुरा त बुझ्नु नै भएको होला ।

के तपाईंमा यौन सम्बन्धी समस्या छ ?

पुरुषहरूमा देखिने

शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु

महिलाहरूमा देखिने

सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु ।

मानसिक

